# संघीय

मासिक

वर्ष-१, अङ्क-४/५, पूर्णाङ्क ५, साउन-भदौ, २०६७ किरात येले तङ्गप ५०७०

मूल्य रु. ३०।-



आदिवासी सङ्गीतकार
अशोक राई

# संघीयता, स्वायत्तता र धर्मनिरपेक्षता नारा मात्रै



- संघीयताको रक्षागर्ने आन्दोलन
- हामी गोर्खाली कि नेपाली ?
- जातीय मुक्ति आन्दोलनको वैचारिक आधार

# संघीय
मासिक

वर्ष १, अङ्क ४/५, पूर्णाङ्क ५, साउन-भदौ, २०६७


## विषय सूची


*संघीय हक-अधिकार:*

**आदिवासी भूमि र आत्मनिर्णयको अधिकार**
– केदार धिमाल ६

*आधा धर्ती:*

**अन्तर्राष्ट्रिय महिलावादको आन्दोलन र नेपाली आदिवासी जनजाति महिला**
– बुद्धश्री लामा १२

*संघीय राजनीति:*

**जातीय मुक्ति आन्दोलनको वैचारिक आधार**
– किरण खम्बू १४

*संघीय विश्व:*

**जातीयता र स्वायत्तताः विश्लेषणका लागि एक आधार**
– यस घई १७

*संघीय संरचना:*

**राज्यको अग्रगामी पुनर्संरचना नारा मात्रै**
– सूर्य माखिम २०

*संघीय सन्दर्भ:*

**हामी गोर्खाली कि नेपाली ?**
– डी. के. बुद्धिष्ट तामाङ २५

*संघीय कला:*

**आदिवासी जनजातिका सङ्गीत संयोजक अशोक राई**
– धनवीर साबा ४३

*संघीय आन्दोलन:*

**तामाङसालीङको ऐतिहासिक पृष्ठभूमि, जनजागरण अभियान र कार्यदिशा**
– सिङमान तामाङ 'ख्युङबा' ४५

*संघीय कथा:*

**कमाण्डरकी जीवनसाथी**
– लाहाङ चेम्जोङ ५१

*संघीय अर्थनीति:*

**घरेलु उद्योगमाथि राज्यको उत्पीडन**
– सुरेन्द्र निङ्लेकू 'नोनाम्' ५४

*संघीय कविता:*

**निरङ्कुश आँधीहुरी कथा**
–वलिराज खम्बू ५६


## हामी गोर्खाली कि नेपाली ?



डी.के. बुद्धिष्ट तामाङ

पृष्ठ २५



## इतिहासको लिउनभित्र हाम्रो पहिचान

जी. दिलुङ्छा

पृष्ठ ३०

## संघीयताको रक्षागर्ने आन्दोलन

कुमार लिङ्देन 'मिराक'

पृष्ठ ३





पृष्ठ ३२

• डा. ओम गुरुङ

## संघीयता, स्वायत्तता र धर्मनिरपेक्षता नारा मात्रै

जि.प्र.का.काठमाडौं द.नं. २११/२०६६/०६७

# संघीय
मासिक

वर्ष १, अङ्क ४/५, पूर्णाङ्क ५, साउन-भदौ, २०६७

**सम्पादक**
दलबहादुर लिम्बू आङ्बुङ
**सह-सम्पादक**
मनप्रसाद हेल्लोक
**प्रवन्ध सम्पादक**
रेखा तुम्बाहाङ्फे
**विशेष प्रतिनिधि**
नारायण देवी राई, उपत्यका
दिलकुमार लावती, (दमक) लिम्बुवान
दिलकुमार फोम्बो, (धरान) लिम्बुवान
नवराज काम्बाङ, हङकङ
राजकुमार चेम्जोङ, मलेशिया
**विशेष सहयोगी**
शिवकुमार पाङगेनहाङ, उपत्यका
सिङमान तामाङ "ख्युङबा", तामाङसालीङ
**प्रकाशक**
जितेन्द्रकुमार चेम्जोङ
**सह-प्रकाशक**
डम्बर खजुम
किरण देवान
बलजित लिम्बू
गणेश लिम्बू
सुरेन्द्र इङनाम
**वेब संयोजन**
वानेश्वर नेम्बाङ
**कला संयोजन**
धनवीर साँबा
**कम्प्युटर डिजाइनः** गणेश बराल, (९८४१५०१३३७)
गुरुङ् प्रिन्टर्स, काठमाडौं, ४२४१२१५
**मुद्रणः**
प्रम्प्ट प्रिन्टर्स,अनामनगर, काठमाडौं
**पत्राचार ठेगानाः**
**संघीय मासिक**
**GPO Box No. 8973,NPC 779 Ktm., Nepal**
**E-mail: federalmonthly@gmail.com**
**Website: http//www.sanghiya.com**
सम्पर्क फोनः ९७७-९८०८७७६१७६
मूल्य रू. ३०।- वार्षिक ग्राहक रू. ५००।-


# कुटिल प्रपञ्च, नाटकीय बहना र फोस्रा नाराहरू

नेपाल अधिराज्यको संविधान २०४७ को भाग १, धारा ४ को उपधारा १ मा "नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो" भनिएको थियो । नेपालको अन्तरिम् संविधान २०६३ को उही ठाउँमा "नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो" भनिएको छ । यसलाई धार्मिक हिसाबले हेर्दा संवैधानिक रुपमै नेपाल एक 'हिन्दू अधिराज्य हो' भन्ने ठाउँमा 'धर्मनिरपेक्ष राज्य' भएको छ । यसको सामान्य अर्थ कुनै एउटा धर्मलाई मात्र खास मान्यता नदिएर सबै धर्मलाई समान ठान्ने तथा धर्मका मामलामा कुनै किसिमको हस्तक्षेप नगर्ने र संविधानमा पनि कुनै धर्मको आड नलिने राज्य वा समाज भन्ने हो । अर्थात् हिजोसम्म नेपाल संवैधानिक रुपमा 'हिन्दू अधिराज्य' थियो । अर्थात्, वेद र पुराण आदिलाई आफ्नो धर्म ग्रन्थ मान्ने जाति वा धर्मको प्रभुत्व भएको महाराजधिराज वा अधिराजद्वारा शासित राज्य वा साम्राज्य थियो- नेपाल ।

तर, नेपालको अन्तरिम संविधान २०६३ ले नेपाललाई कागजी रुपमैमात्र भएपनि 'धर्मरिपेक्ष' राज्यको रुपमा स्वीकारेको छ । यसको अर्थ, अब नेपालमा भएका सबै धर्मावलम्बीहरू किरात, बुद्धिष्ट, मुस्लिम र हिन्दूलगायतले समान मान्यता र अवसर पाएका हुन् वा कुनै एकले मात्र प्रभुत्व जमाउने व्यवस्था नरहेको अवस्था हो । आजसम्म धार्मिक, भाषिक र साँस्कृतिक रुपमा उत्पीडनमा पर्दैआएका शोषित-पीडित नेपाली जनताले धार्मिक स्वतन्त्रताको श्वास फेर्ने अवसर पाउनुपर्ने अवस्था हो । साथै, हिजोसम्म एकछत्र एउटै भाषा, धर्म र संस्कृतिको बखान गाउने सरकारले अब सबै जाति, भाषिक र धार्मिक सम्प्रदायका भावना र विचाहरू समेटिने गरी हरेक निकाय- प्रशासन, सञ्चारमाध्यम- टीभी, रेडियो-एफ्एम् र पत्रपत्रिका आदिमा स्थान पाउने व्यवस्था बनाउनु पर्ने हो । यसरी सबैलाई समान अवसर प्रदान गर्दा हिजोसम्म एकछत्र वर्चश्व राख्ने धर्म-संस्कृतिले ओगटेको ठाउँ अरुलाई भागलाग्दै जानुपर्ने हो । सबैले राज्यबाट समान मलजल पाएर फल्ने-फुल्ने मौका पाउनु पर्ने हो । तर, यसरी कागजी विधानहरू परिवर्तन गरेर पनि त्यसलाई व्यवहारमा लागू गर्नेपक्षमा राज्य अलिकति पनि उदार र व्यवहारिक देखिँदैन । अझैपनि, राज्यले हिजोका राज्यको प्रमुख चाडहरूलाई आजपनि राज्य सरकारनै लागेर मनाउँदै एकतर्फी खुशीमा रम्दै अरुलाई दुखाइरहेका छन् । कसैको कुनै चाड मनाउँदा राज्यबाटै खर्च पाउने ? तर, कसैको चाडपर्वहरू आयो कि गयो मत्लवसम्म पनि नराख्ने ? यी सब सोचनीय कुराहरू हुन् ।

त्यस्तै, नेपालको अन्तरिम संविधान २०६३ को भाग १७, धारा १३८ को उपधारा १ मा "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक र क्षेत्रीय भेदभावको अन्त्यगर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ" भनिएको छ । तर, यो प्रावधान त्यति सजिलै राखिएको होइन । नेपालमा वास्तविक संघीयता र स्वात्तता चाहने आदिवासी जनजाति, लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट र मधेसी आन्दोलनको बललेमात्र २०६३ चैत्र ३० गते अन्तरिम संविधानमा पहिलो संशोधन गरेर सो संघीयताको प्रावधान राखिएको हो । यसबाटै के प्रष्ट हुन्छ भने नेपालका एकात्मकवादी शासकहरू वास्तविक संघीयता चाहँदैनथे र अझै चाहिरहेका छैनन् । बरु, विभिन्न बहनामा संघीयतालाई त्यतिकै टार्ने र राज्य पुनर्संरचना गर्दा पनि नाममात्रको संघीयता र स्वायत्तता दिएजस्तो गरेर पुनः केन्द्रीकृत एकात्मक राज्य संरचनातर्फ नै फर्कन चाहन्छन् । अहिले, मुलुक यही संघीयता, स्वायत्तता, र धर्म रिपेक्षताको मुद्दामा अल्झिएको छ । अरु, त सब प्रपञ्च, बहाना र नारामात्र हुन् । यो कुटील प्रपञ्च, नाटकीय बहना र फोस्रा नारामा सच्चा संघीयता, स्वायत्तता र धर्मरिपेक्षताका पक्षधर नेपाली जनताहरू पनि कतिसम्म अल्मलिरहने ? निर्णय आफ्नै विवेकमा ।

# संघीयताको रक्षागर्ने आन्दोलन

♦ कुमार लिङ्देन 'मिराक'



यतिबेला एकात्मक नेपाललाई संघीय गणतान्त्रिक नेपालमा रुपान्तरण गर्ने प्रक्रिया अवरुद्ध भएको छ । संघीयताको विरुवालाई एकात्मकवादीहरूले चारैतिबाट आक्रमण गरिरहेका छन् । संघीयतामा सत्ता साझेदारी हुन्छ, अहिलेसम्म हेपिएका, थिचिएका समुदायहरूको पनि सत्तामा पहुँच पुग्दछ । तर, नेपालका मुट्ठीभरका एकात्मकवादीहरू सबै समुदायहहरू फुलेको हेर्न चाहँदैनन् । सबै समुदायहरू राजनीतिक, सामाजिक, आर्थिक रुपमा सशक्तभएको हेर्न चाहँदैनन् । सबै समुदायहरू सशक्त भएभने एकात्मकवादीहरूको एकछत्र हालीमुहाली अन्त्य हुने उनीहरूलाई डर छ । साथै, एकात्मकवादीहरूले २५० वर्षसम्म यो देश र यहाँका आदिवासी, दलित, मधेशी समुदायमाथि गरेको डरलाग्दो अत्याचार, षडयन्त्रको बारेमा राष्ट्र तथा आन्तर्राष्ट्रले थाहा पाउने गरी पुनः बहस हुनेछ भन्ने उनीहरूलाई डर छ । अहिलेसम्म नेपालको वास्तविक कथा-व्यथालाई ढाकछोप गरेर जसरी अन्तर्राष्ट्रिय जगतमा एकात्मकवादीहरू नै नेपालका सर्वेसर्वा हुन् कि भन्ने भ्रम छरेका छन् त्यो भ्रम तासको घरझैं लड्नेछ । उनीहरूको कथित् पीएचडी डिग्रीहरू, कथित् लेखकीय क्षमता, जनता अल्मलाउने कथित् पत्रकारिताको क्षमता, एकात्मक सत्तालाई मलजल पुऱ्याउने कथित् वकालतीय क्षमता, धोका-षडयन्त्र र दलाली नै राजनीतिक क्षमता मान्ने उनीहरूको नेतृत्व गल्र्याम-गुर्लुम पछारिन्छ भनेर उनीहरूलाई डर छ । त्यसैले, उनीहरू न्वारानदेखिको बल लगाएर संघीयताको विरुद्धामा षडयन्त्र गरिरहेका छन् ।

संघीयता भनेको देशको ढिकुटीको चाबी सबै समुदायलार्य दिने भनेको हो । सबै समुदायको बस्तीहरूमा त्यही उम्रने पानीको कुवा निर्माण गर्ने भनेको हो । तर, एकात्मकवादीहरू त्यो चाहँदैनन् । गाउँ-गाउँमा धारा पुऱ्याउने तर त्यसको कन्ट्रोलर ट्याङ्की काठमाडौंमा राख्ने अरे । ताकि, कहिले पानी र कहिले ढल र कहिले विष मिसाएर पठाएर सबै जनताहरूलाई सधैं आफ्नै हातमा नियन्त्रण गर्नसकौं भन्ने उनीहरूको कुईच्छा हो । त्यसैले, अहिलेको नेपालको राजनीति भनेकै एकात्मकवादी र संघीयवादीहरू बीचको घमाशान राजनीतिक लडाइँ नै हो ।

**संघीयताको विरुद्धमा भइरहेका केही गतिविधिहरु हेर्दाः**

**१. हिमाल पत्रिकामा प्रकाशित एक लेखः**

हिमाल खबर पत्रिकाको माघ १-१५, २०६६ मा प्रकाशित डा. रमेश ढुङ्गेलको 'इतिहासमा भेटिँदैनन् जातीय राज्यहरू' भन्ने लेखले नाङ्गो रुपमा लिम्बुवान, खम्बुवान, तामाङसालीङ, नेवाः, मगरात, तमुवान, थरुहट, मधेश, मिथिलालाई आक्रमण गरेको छ । यी कुनै जातीय राज्यहरू इतिहासमा थिएनन्, भरसक यी जातिहरू नै थिएनन्, यहाँ ठकुरीहरू मात्र थिए भन्ने आसयको अति एकात्मक मनोरोगले ग्रस्त भएर लेखेका छन् । यी प्रस्तावित स्वायत्त राज्यहरूको एक-एक गरेर नाम नै उल्लेख गरी प्रत्येकलाई असत्य र असफल गराउने दुस्प्रयास गरेका छन् । त्यसो त नेपालका एकात्मकवादीहरूद्वारा सञ्चालित सबै प्रकारको मिडियाहरूले संघीयताको विरुद्धमा अभियान नै चलाइरहेका छन् । नेपालको अन्तरिम् संविधानमा 'संघीयता' को उल्लेख भइसकेको छ । देशका सबै मिडियाहरू अबको संघीयता कस्तो हुने भन्ने बारेमा बोल्नुपर्ने हो तर सबै मिडियाहरू, पार्टीका नेताहरू खुल्लम् खुल्ला संघीयताको विरुद्धमा विषबमन गरिरहेका छन् । नेपालको संसदले पारित गरेको आई एल ओ महासन्धि १६९ लाई कार्यान्वयन




हिमाल खबरपत्रिकामा प्रकाशित लेख शीर्षक

**विशेषगरी, संविधान सभामा भाग लिएको, संघीयतालाई नै आफ्नो मुलमुद्दा बनाएका राजनीतिक पार्टीहरू जस्तै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र मञ्चसम्बद्ध लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट राज्य परिषदहरू, नेपाः राष्ट्रिय पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, दलित जनजाति पार्टी, नेपाल लोकतान्त्रिक समाजवादी दल, तामाङसालीङ राष्ट्रिय दल, जनमुक्ति पार्टी नेपाल, मङ्गोल नेशलन अर्गनाइजेशन आदि राजनीतिक सङ्गठनहरूबीचमा तत्कालै संघीय गणतान्त्रिक मोर्चाबन्दी हुन जरुरी छ । उक्त संयुक्त संघीय गणतान्त्रिक मोर्चामार्फत् संघीय आन्दोलनलाई अघि बढाइयो भने चाडै नै ठूलो उथल-पुथल ल्याउन सकिनेछ ।**



लिम्बुवानी सेनापति काङ्सोरे र गोरखाका रघु रानाबीच भएको युद्धको साङ्केतिक नक्शा

गर भनेर आदिवासीहरूले दवावमुलक आन्दोलन चलाउँदा कानुन हातमा लिने आदि-इत्यादि भनेर एकात्मक मिडियाहरूले खैरो खन्छन् । तर, तिनीहरू आफैचाहिँ संविधानमा उल्लेख भइसकेको संघीयताको विरुद्धमा लागिरिहेका छन् । हो, यसलाई नै एकात्मक न्यायप्रणाली भनिन्छ- एकात्मकवादीहरुले जे गरे पनि ठीक र संघीयवादीहरूले जे गरे पनि बेठीक रे !

ती रमेश ढुङ्गेललाई सोध्नुपर्छ- गोरखाबाट काठमाडौं उपत्यका आइपुग्नु पैदल हिँड्दा आठ-दश घण्टामात्र लाग्छ । तर, राजनीतिक रुपमा पृथ्वीनाराण शाह गोरखाबाट काठमाडौं आइपुग्न करिब २५ वर्ष लाग्यो । बीचमा कसले रोक्यो त ? तामाङहरूले रोके, नेवारहरूले रोके । तामाङ र नेवारलाई ऋस गर्न पच्चीस वर्ष लाग्यो । कीर्तिपुरका नेवारहरूलाई जित्न गोर्खालीहरूले कत्रो परिश्रम गर्नुपर्‍यो ? त्यही युद्धमा पृथ्वीनारायणका भाइको आँखा फुट्यो । र, त्यही झोकमा उनले कीर्तिपुरे नेवाहरूको १६ धार्नी नाक, कान काटे । तामाङहरूबाट सम्भावित खतरा रोक्न उनीहरूलाई सेनामा कहिल्यै लिएन । नेवार र तामाङहरूबाट प्रतिरोध नभएको भए १६ धार्नी नाक, कान किन काटियो ? र, तामाङहरूलाई सेनामा भर्ती हुन किन रोकियो ? खम्बुवानहरू शक्तिशाली नभएको भए वा उनीहरूलाई गोरखालीहरूले सजिलै परास्त गरेको भए खार्पाली पोखेलहरूले वनारसबाट अङ्ग्रेहरूसँग बन्दुक किनेर लाशजस्तो बनाई खम्बुवानमा पुर्‍याएर गोरखालीहरूको हातमा किन पुर्‍याई दिन्थ्यो ? लिम्बुवानहरूले प्रतिरोध नगरेको भए अरुणनदीको बगरमा लिम्बुवानको सेनापति काङ्सोरे र गोरखालीबीच भएको युद्धचाहिँ के हो ? त्यही नेवार, तामाङ र खम्बूहरूको कत्लेआम गरिनु र लिम्बुवानलाई मात्र १८३१ को लालमोहर सन्धि दिनु के यो पृथ्वीनारायणले खुशी भएर दिएका हुन् ? अवश्य होइन, त्यस्ता क्रूर व्यक्तिले खुशीले दिएका होइनन् । लिम्बुवानले रगतले साटेर वि. सं १८३१ को लालमोहर सन्धि प्राप्त गरेको हो । लिम्बुवान केही होइन भने २०२१ सालसम्म लिम्बुवानमा किन किपट लागू भयो र त्यसलाई षडयन्त्रमुलक तरिकाले किन अपहरण गरियो ?

त्यसैले, हिमाल पत्रिकामा प्रकाशित उक्त लेख पूरै एकात्मक कालो चश्माले हेरेको कुरा हो । यो संघीयता विरोधी षडयन्त्र हो । यसरी लिम्बुवान, खम्बुवान, तामाङसालीङ केही होइनन् भनेर प्रमाणित गर्ने दुस्प्रयास भइरहेको छ ।

**२. प्रधानमन्त्रीको असफल चुनावः**

सातपल्टसम्म प्रधानमन्त्रीको असफल चुनाव भएको छ । मधेशी दलहरू तटस्थ बस्नुको पछाडि इण्डियाको हात छ भनेर प्रचार गरियो । तर, एमाले तटस्थ बस्नुको पछाडि कुन देशको हात छ भनेर कुनै पक्ष बोलेनन् । सबै दोष मधेशीहरूलाई थोपरेर एमालेलाई चाहिँ चोख्याउने प्रयास गरियो । अहिलेको योजना माओवादीलाई सरकार बनाउन नदिने भन्ने नै छ । त्यसो हुनुको कारण माओवादीको सेना भनिए पनि मुख्य कारण संघीयता नै हो । माओवादी संघीयतावादी पार्टी होइन, ऊ साम्यवादी पार्टी हो । अहिले पनि त्यसका नेताहरू जनविद्रोह गरेर सीधै साम्यवादमा जानुपर्छ भनिरहेका छन् । तर, त्यस पार्टीमा लागेका धेरे आदिवासी, मधेशीहरू संघीयताको पक्षधर पनि छन् । त्यहाँभित्र पनि दुईटा लाइन प्रष्ट छ । अहिले माओवादीलाई सरकारमा लगियो भने माओवादीभित्रको संघीय पक्षधर र देशमा संघीयवादी नै भएर आन्दोलन गरिरहेका शक्तिहरूबीचमा नजिकको तालमेल भएर नेपाल साँच्चिकै संघीय बन्छ भन्ने विश्लेषणले गर्दा एकात्मकवादीहरू चलखेल गरिरहेका छन् ।

अबको आठौं, नवौं र दशौं चुनावमा प्रधानमन्त्री निर्वाचित हुनसक्छ । तर, त्यो असहजताका साथ हुनेछ । सातौंपटकको प्रधानमन्त्रीको चुनावसम्म आइपुग्दा पार्टीहरूबीच गहिरो खाडल बनिसकेको छ । प्रधानमन्त्रीको चुनावमा त यस्तो हुन्छ भने संविधानको अन्तिम खाकामा भोटिङ गर्दा झन के होला ? पार्टीहरूको अहिलेकै साइज र मानसिकतामा संविधान बन्न धेरै गाह्रो हुने प्रष्ट भइसकेको छ । यो संघीयता विरुद्धको गम्भीर षडयन्त्र हो ।

**३. अनमिनलाई खेद्ने षडयन्त्रः**

भारत वा चीनले नेपाललाई आक्रमण गर्‍यो भने नेपाली सेनाले एक घण्टा जति थाम्दै गर्ने रे । त्यसबीचमा संयुक्त राष्ट्र संघलाई गुहारेर शान्तिसेनाले हस्तक्षेप गर्न लगाई नेपालको सार्वभौमसत्ता रक्षा गर्ने अरे । यही रे नेपालको सुरक्षा मार्ग दर्शन । संयुक्त राष्ट्रसंघलाई यति धेरै आधार मान्ने तर अहिले त्यही संयुक्त राष्ट्र संघ यूएनओको शान्ति मिशन अनमिनलाई नेपालबाट एकात्मकवादी सरकारले लखेट्ने । नेपाली सेना यूएनको शान्ति सेना भएर विश्वभरि जाने र आकर्षक तलब खाने । तर, आफूजस्तै यूएनको शान्ति मिशन अनमिनलाई

देखी नसक्ने । नेपालका एकात्मकवादीको षडयन्त्र, सङ्कीर्णता र छट्टुपनाको पराकाष्ठा हो । जसरी भए पनि अनमिनलाई लखेट्ने र नेपालका संघीयवादीहरूलाई दबाउने एकात्मकवादीहरूको योजना हो । बरु, यूएनसँग सम्बन्ध बिग्रे बिग्रियोस् तर नेपालमा संघीयवादीहरूलाई दबाउनै पर्छ भन्ने मानसिकतामा यी एकात्मकवादीहरू छन् । नत्र भने यूएनओ वैचारिक रुपमा पुँजीवादीहरूसँग नजिक रहेता पनि नेपालको राष्ट्रिय स्वार्थको हिसाबले हामीले युएनओसँग सुमधुर सम्बन्ध राख्नै पर्छ, उसलाई चिढाउनु हुँदैन । तर, अहिलेको सरकार बरु नेपाल नरहोस् तर यहाँ संघीयता हुनुहुँदैन भन्ने पक्षमा छ । यहाँका अरु समुदायहरूले पनि सत्ता चलाउनुभन्दा देश नै नरहोस् भन्ने सोचले एकात्मकवादीहरू षडयन्त्र गरिरहेका छन् ।

**संघीय प्रतिरक्षा योजनाः**

एकात्मकवादीहरूको वर्तमान षडयन्त्रलाई परास्त गर्न र संघीयताको प्रतिरक्षा गर्न हामी संघीय पक्षधरहरूले निम्न कार्यहरू गर्न अति जरुरी छ-

१. **संघीय स्कुलिङः** स्कुलिङ भन्ने सारै महत्वपूर्ण कुरा रहेछ । निश्चित अवस्थामा बाहेक मान्छेलाई सुरुमा जस्तो पढाइयो, बुझाइयो त्यही ठीक लाग्दो रहेछ । एकात्मकवादीहरूले संघीयताका विरुद्धमा विभिन्न स्कुलिङ गरिरहेका छन् । तर, हामी संघीयवादीहरूले हाम्रो लक्षित समुदायमा भनेजति संघीय स्कुलिङ गर्न सकेका छैनौं । हामी आदिवासी जनजाति, मधेशी, उत्पीडित समुदायको मुक्तिको प्रथम ढोका संघीयता हो । योबाहेक अरु कुरा भ्रम हो भनेर समुदायहरूलाई बुझाउनु पर्दछ । धेरै मान्छेहरू भावनाले संघीयता मन पराउँछन् तर अज्ञानतावस संघीयता विरोधी पार्टीहरूमा लागेका छन्, उनीहरूलाई बेलैमा सही बाटोमा ल्याउनुपर्दछ। प्रस्तावित राज्यका सिमान्तकृत जातिहरू आ-आफ्नो भविष्यबारे चिन्तित भएका छन् । उदाहरणको लागि संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषदले लिम्बुवानमा तीनवटा झण्डाको प्रस्ताव गरेको छ। मोरङ उर्लावारीको सरकारी कार्यालयमा तीनवटा झण्डा फहरिनेछ । त्यसमा, पहिलो केन्द्रको झण्डा, दोस्रो लिम्बुवान राज्य सरकारको र तेस्रो धिमाल स्वायत्त क्षेत्रको हुनेछ । यसरी नै अन्य ठाउँमा पनि सोही अनुसार सम्बद्ध जातिहरूको स्वायत्त अधिकार हुनेछ । यो प्रस्ताव आएपछि लिम्बुवानका लेप्चा, धिमाल, आठपहरिया, याक्खा, लोहोरुङ, याम्फू आदि जातिहरू झन ढुक्क भएर लिम्बुवान आन्दोलनमा लागिपरेका छन् । अनि, कतिपय मान्छेहरू भने माओवादीले संघीयता ल्याइदिन्छ भनेर आसामुखी भएर सुतेर बसेका छन् । माओवादीहरू संघीयतावादीभन्दा पनि साम्यवादी हुन्भन्ने यथार्थतालाई हामीले सम्झिरहनु पर्दछ । केही समय संघीयतामा अडेपनि त्यो अल्पकालीन मात्र हुन्छ र संघीयता साम्यवादमा पुग्ने भऱ्याङमात्र हो भनेर माओवादीका वरिष्ठ नेताहरूले प्रष्ट बोलिरहेका छन् । यस्तो अवस्थामा अरुको आसामा मात्र बस्नु भयङ्कर खतरनाक हुन्छ । हामी संघीयवादीहरू आफै जागरुक र सङ्गठित हुनुपर्छ भन्ने स्कुलिङ गरिनुपर्दछ ।

२. **प्रस्तावित राज्यहरूभित्र एकता वा मोर्चाबन्दीः** जुन राज्यहरूको प्रस्ताव गरेर आन्दोलन चर्काइरहेका छौं, सबैभन्दा पहिले त्यही राज्यहरूभित्र दह्रो खालको एकता वा मोर्चावन्दी हुनुपर्दछ । लिम्बुवानको हकमा जस्तो नौवटा सङ्गठनहरूको संयुक्त लिम्बुवान मोर्चा, नेपाल बनेको छ । यो मोर्चाले सुरुमा राम्रै काम गरेता पनि अहिले सुस्ताएको छ । मोर्चाकै केही सदस्य सङ्गठनहरू सत्ताबाहिर हुँदा सङ्घर्षको लागि तात्तिने र सत्तामा गएपछि चुप बस्ने कारणले यो मोर्चा सुस्ताएको छ । लिम्बुवान प्राप्त नगरी सत्तामा जान्न भन्ने सङ्गठनहरू बीचमा पनि मोर्चाभित्र पनि अझ घनिभुत मोर्चा बन्नु जरुरी छ। यसले संघीय राज्यको प्राप्तिको आन्दोलनलाई सहयोग नै गर्नेछ। यस्तै मोर्चाहरू खम्बुवान, तामाङसालीङ, नेवाः, थरुहटमा पनि बनेको छ । तर, यी मोर्चाहरूलाई सक्रिय बनाउनु ढिलाई गर्नै हुन्न ।

३. **नेपालभरिको मोर्चाबन्दीः** राज्य राज्यमा बनेको ती मोर्चाहरूलाई समेटेर नेपालभरिको संघीय मोर्चा बनाइनुपर्दछ । यस संघीय मोर्चामार्फत् सिङ्गो देशको संघीय आन्दोलनलाई हाँक्नुपर्दछ ।

विशेषगरी, संविधान सभामा भाग लिएको, संघीयतालाई नै आफ्नो मुलमुद्दा बनाएका राजनीतिक पार्टीहरू जस्तै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र मञ्चसम्बद्ध लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट राज्य परिषदहरू; नेपाः राष्ट्रिय पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, दलित जनजाति पार्टी, नेपाल लोकतान्त्रिक समाजवादी दल, तामाङसालीङ राष्ट्रिय दल, जनमुक्ति पार्टी नेपाल, मङ्गोल नेशलन अर्गनाइजेशन आदि राजनीतिक सङ्गठनहरूबीचमा तत्कालै संघीय गणतान्त्रिक मोर्चाबन्दी हुन जरुरी छ । उक्त संयुक्त संघीय गणतान्त्रिक मोर्चामार्फत् संघीय आन्दोलनलाई अघि बढाइयो भने चाडै नै ठूलो उथल-पुथल ल्याउन सकिनेछ ।

४. **निर्णायक प्रतिरक्षाः** थपिएको निर्धारित समयमा संविधान बन्ने आसा त क्षीण नै भइसक्यो । संविधान बनेन भने एकात्मकवादीहरूको लागि त के बित्छ र ? बरु, खुशीले नाच्नेछन् । तर, हामी संघीयवादीहरूको लागि धेरै कुरा गुम्नेछ । एउटा संघीय दुनियाँ सिर्जना गर्ने सपनाहरू, २५० वर्षमा ध्वस्त पारिएका हाम्रा भाषा, धर्म, संस्कृति, जल, जङ्गल, जमिनहरूलाई जिर्णोदार गर्ने लक्ष्यहरू र संघीय नेपाल निर्माण गरेर विश्वकै गर्विलो मुलुक बनाउने चाहनाहरू भत्किनेछन् । त्यसैले, हामी संघीयवादीहरूले संघीयताको रक्षा गर्न सङ्गठित र योजनावद्ध ढङ्गले अघि बढ्नुपर्छ । संविधान सभालाई असफल पारिएपछिको अवस्थालाई हामीले कसरी सामना गर्ने भन्ने गम्भीर बहस र तयारी हुनपर्दछ ।

संघीयवादीहरू कुनै हालतमा पनि हट्नै हुँदैन, जस्तोसुकै मुल्य चुकाएर पनि अघि बढ्नैपर्दछ । संविधान सभालाई फेल गराएर संविधान बन्न नदिने उनीहरूले खेल खेलिरहेका छन् । यदि त्यसो हो भने हामीले आ-आफ्नो संविधान र आ-आफ्नो सरकार देशैभरि एकैपटक घोषणा गरेर पत्थरको जवाफ इटाले दिन तयार हुनुपर्दछ । र, त्यसरी घोषणा गरिएको संविधान र सरकारको रक्षाको लागि शान्तिपूर्ण र सशक्त तरिकाले आजैदेखि तयार हुनुपर्दछ ।

E-mail: kumarlingden@gmail.com

# आदिवासी भूमि र आत्मनिर्णयको अधिकार

कानुनको उत्पत्ति विभिन्न रीतिरिवाज र परम्पराबाट भएको हो । ती रीतिरिवाज र परम्पराबाट नै समाज अगाडि बढेको थियो । त्यसको लिखित दस्तावेजले कानुनको रूप ग्रहण गरेकोछ । यस्तो रीतिरिवाज र परम्परा हालसम्म पनि आदिवासी समुदायमा विद्यमान छ । उनीहरु त्यसैको प्रयोग गरी न्याय दिनेगर्छन् । उनीहरु हालसम्म पनि आफ्नो पुस्ताबाट प्राप्त गरेका यस्ता अभ्यासहरूको प्रयोग गरिरहेका छन् । तर, राज्य उनीहरूको यस्तो अभ्यासहरूलाई मान्यता दिन चाहँदैन । उल्टो यस्ता खालका अभ्यासहरूलाई बारम्बार हस्तक्षेप गर्दै आइरहेको छ ।



♦ केदार धिमाल

आदिवासीलाई धेरै मानवशास्त्री तथा समाजशास्त्रीहरूले गहिरो र व्यापक अध्ययन गर्दैआएका छन् । करिब ७० वटा देशहरूमा यिनीहरूको आवादी देखिन्छ । आदिवासीहरूको आवादी धेरै ठाउँमा भएको कारणले उनीहरूको भाषा, संस्कार-संस्कृति, रीतिरिवाज, रहन-सहन, चालचलन, भेषभूषा र धर्म आदि फरक छन्। तर, यी सबै जीवनपद्धतिहरू फरक हुँदाहुँदै पनि एउटा कुरा सबै आदिवासीहरूमा समान पाइन्छ, त्यो उनीहरूको भूमिसँगको सम्बन्ध हो । आदिवासी र भूमिबीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । उनीहरू आफ्नो अधीनमा रहेको भूमिलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दछन् । उनीहरू आफ्नो भूमिबाट अन्यन्त्र स्थायी बसोवास गर्ने उद्देश्यले जाँदैनन् । केही आदिवासीहरू घुमन्ते जीवन पनि बिताइरहेका छन् । तर, उनीहरू आफ्नो निश्चित भूमिभन्दा बाहिर गएको पाइँदैन । त्यसैले, उनीहरू 'भूमि'लाई भूमिमाता भनेर सम्बोधन गर्ने गर्छन् । तर, जब विश्वमा 'राज्य' निर्माण हुनथाल्यो, शासकले 'राज्य' निर्माण गर्नेक्रममा उनीहरूको भूमि हडप्न विभेदकारी, एकाङ्गी नीति, नियम तथा कानुन निर्माण गरी बलपूर्वक उनीहरूको भूमि हस्तक्षेप गरी आफ्नो कब्जामा लिए र आदिवासीहरूलाई राष्ट्रविहीन बनाइएको इतिहास ताजै छ ।

आदिवासीलाई जनाउन धेरै शब्दहरूको प्रयोग गरेको पाइन्छ- जस्तो, अङ्ग्रेजीमा- tribals, aborigin, natives, nations, the first nations, the first peoples, autochthonous, small peoples, and minority nationalites हुन् । डा. कृष्ण भट्टचन 'नेपालका आदिवासीहरू: अवधारणा र पहिचान'मा लेख्छन्- ' आदिवासी' को अवधारणालाई विश्वभर छरिएर रहेका आदिवासीहरूले स्थानीय र क्षेत्रीय स्तरमा आ-आफ्नो परिस्थितिअनुरुप उपयोग गर्दै आइरहेकोमा यसलाई अन्तर्राष्ट्रियस्तरमा परिभाषित गरी उपयोग गर्ने पहिलो प्रयास संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय श्रम सङ्गठन आई. एल. ओ. ले सन् १९५७ मा गरेको हो । आई. एल. ओ. ले 'आदिवासी' को अवधारणालाई मुलतः राजनीतिक मानेको छ । यसलाई परिभाषित गर्ने आधार 'उपनिवेशवाद' लाई बनाएको छ । जो उपनिवेशवादी हो, ऊ आदिवासी होइन र जो उपनिवेश बन्नुअघि पहिलेदेखि बसोवास गरी आफ्नै किसिमको संस्कृति, धर्म, भाषा र समाजव्यवस्था कायम गरिआएका छन्- उनै आदिवासी हुन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १०७ मा उल्लेख भएअनुसार 'आदिवासी' को परिभाषा यस प्रकार छ-

'........ Members of tribal or semi tribal population in independent countries which are regarded as indigenous on account of their discent from the population which inhabit the country, or a geographical region to which the country belongs, at the time of conquest or colonization and which irrespective of their status, live more in conformity with the social, economic and cultural institutions of that time than with the institution of nation to which the belong' *(ILO) 1957:859*

यस परिभाषालाई नेपालको सन्दर्भमा प्रयोग गरिहेर्दा राजा पृथ्वीनारायण शाहबाट भएको 'एकीकरण'को प्रकृयालाई गोरखा उपनिवेश

वा विजयको प्रकृयालाई मानेमा उनी र उनका समूहभन्दा अगाडि नै मगर, गुरुङ, राई, लिम्बू, धिमाल, कोचे, मेचे, राजवंशी, राउटे, दनुवार, चेपाङ, थकाली, आदि समूहको आफ्नो छुट्टै आफ्नै राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक व्यवस्था भएकोले यिनीहरू आदिवासी हुन् ।

आदिवासीको परिभाषा गर्नेक्रम्मा मार्टिनेज कोबो (Martinez Cobo) ले दशवर्षको लामो अध्ययनपश्चात् ऐतिहासिक निरन्तरता, भूमिको हस्तान्तरण र राज्यको भन्दा फरक पहिचानमा जोड दिएको पाइन्छ । उनका अनुसार-

……Indigenous communities, people and nations are those which having a historical community with pre-invasion, pre-colonial societies that developed on their territories, consider themselve distinct from other sectors of the society now prevailing in those territories of parts of them. They form at present non-dominat sectors of the society and are determined to present, develop and transmit to future generations their ancestral territories and their ethnic identity, on the basis of their continued existence as peoples, in accordance with their own cultural patterns, social institution and legal system " *(Martinez Cobo Report, UN study of the problem of discrimination against indigenous population 1985).*

यो परिभाषाबाट आदिवासीलाई भूमिबाट अलग पारेर बुझ्नु, अर्थ्याउनु, परिभाषा गर्नु नसकिने बुझिन्छ । उनीहरूले आफ्नो पहिचान सामाजिक, साँस्कृतिक तथा कानुनीप्रणाली त्यही भूमिबाट उत्पादन गर्नेहुनाले र यी सबै व्यवस्थाहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुनाले त्यो उनीहरूको ऐतिहासिक निरन्तरता हुनेभएकोले आदिवासी र भूमिकोबीच घनिष्ट सम्बन्ध हुन्छ ।

तर, बिडम्बना आदिवासीहरूलाई अझैपनि राज्य र विद्वान भनाउँदाहरूले जङ्गली (Savages), गँवार (Barbarous), (आदिम (Primitives) र असभ्य (Unvivilized)भन्ने गर्दछन् । नेपाली भाषाको शब्दकोशमा पनि 'स्वाँठ, भुसतिघ्रे, जङ्गली, मुर्ख र असभ्य' भन्नेजस्ता शब्दहरू प्रयोग गरिएको पाइन्छ। यी शब्दहरू मानिसका लागि प्रयोग गर्नु उसको नैतिक हरण गर्नु हो । नैतिक हरण गर्नुभनेको मानव अधिकार विरोधी कार्य हो । यतिमात्र होइन उनीहरूको संस्कृति, भाषा, धर्म, भूमि आदि राज्यले एकाङ्गी ढङ्गबाट खोसेको छ । यी कुराहरूको पुनःस्थापना गर्नु पाउनु उनीहरूको अधिकार हो । यसै प्रसङ्गलाई जोड्दै विश्वव्यापी मानव अधिकार घोषणा-पत्र (The Universal Declaration of Human Rights) को प्रस्तावनामा "मानिसलाई अत्याचार र थिचोमिचोबाट मुक्त हुन मानवअधिकारको कानुनी शासनबाट संरक्षित नभए विद्रोहलाई अन्तिम विकल्पको रुपमा अपनाउने छ" भनिएको छ । तर, केही मानव अधिकारकर्मीहरू पनि मानव अधिकार बारेमा राज्यलाई दवाब दिनुपर्नेमा राज्यकै भाषा बोल्ने गर्दछन् । आदिवासीहरूले आन्दोलन गर्दा अझ उनीहरूकै विरोध र आलोचना गर्दछन् । ती मानव अधिकारकर्मीहरूले सार्वजिक स्थलमा आदिवासीको विरोधमा बोल्नु मानव अधिकार नबुझेको या बुझ पचाएको हुनसक्छ । त्यसैले, त्यस्ता मानवअधिकारकर्मीहरू रहनुको कुनै सार्थकता हुँदैन ।_

भूमिको परिभाषा गर्नेक्रम्मा डम्बर चेम्जोङ् 'मूल्याङकन मासिक' मा "आदिवासी जनजातिहरूको नजरमा भूमिसुधार" मा लेख्नुहुन्छ- "मानिसका आधारभुत आवश्यकताहरू पूरागर्न भौतिकवस्तुहरूको सङ्कलन वा उत्पादन गर्ने, आश्रय लिने ठाउँ 'भूमि' हो । भूमि उत्पादनको साधन अवश्य हो । तर, यो मात्र भूमिको पर्याप्त परिभाषा होइन । भिन्नै समाजहरूमा भूमिलाई बुझ्ने, आत्मसात गरी पुज्ने भिन्नै रीतिथिति हुन्छन् । भूमि मानवहरूको विश्वास एवम् आस्थाको स्रोत र जीवनको आधार दुबै हो । भूमिबाट नै मानव जीवनका भौतिक एवम् आध्यात्मिक वास्तविकताहरू मानव श्रमका माध्यमद्वारा निःसृत हुन्छन् । आर्थिक एवम् साँस्कृतिक दुबै पक्ष र विशेषताहरूबाट मात्र भूमिको परिभाषाले पूर्णता पाउँछ । भूमिलाई साँस्कृतिक परिप्रेक्ष्यमा परिभाषित गरेपछि मात्र भूमि र आश्रित समूहबीचको अन्योन्याश्रित सम्बन्ध पहिल्याउन सकिन्छ, भूमिसँगको अविछिन्न नातामा समुदायको मौलिक पहिचान गाँसिएको हुन्छ भनेर बुझ्न सजिलो हुन्छ ।

**नेपालमा भूमिसुधार घट्नाक्रमः**

वि.सं. २००५ देखि २००७ सालमा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीले राणाशासन फाल्न 'जसको जोत उसको पोत' को नारा लगाए । २००७ सालमा प्रजातन्त्र आएपछि किसान, मोहीलगायत भूमि पीडितहरूको दवाबमा २००८ मा भूमिजाँच कमिशन गठन भएपनि २००९-१० सालमा प्युठानदेखि बारा, रौतहटसम्म किसान विद्रोह भयो । र,२००९ मा नारदमुनि थुलुङको अध्यक्षतामा 'शाही भूमि सुधार' आयोग गठन भयो । २४ असार २००९ मै राजा त्रिभुवनले भूमिव्यवस्था तथा किसान मोहीको स्थितिमा सुधार ल्याउन घोषणा गरे । तर, किसान विद्रोह नरोकिएपछि त्यसलाई दबाउन भारतीय सेनासमेत प्रयोग गरियो ।

वि. सं. २०१२ मा भूमि व्यवस्था सुधार गर्न त्यतिबेला राजा भइसकेका महेन्द्रले १३ सूत्रीय योजना घोषणा गरे । २०१३ मा जग्गा र जग्गा कमाउनेको लगत खडा गर्ने ऐन् २०१३ ल्याइयो । २०१७ मा नेपाली काङ्ग्रेसको प्रजातान्त्रिक सरकारले गठन गरेका भूमि सुधार आयोगको प्रतिवेदनका आधारमा कृषिसम्बन्धी ऐन् २०१९ जारी

गरियो। किसानमाथि भइरहेको शोषण अन्त्य गरी जीवनस्तरमा सुधार ल्याउन भन्दै २०१२ सालमा जारिगरिएको भूमिसुधारसम्बन्धी ऐन् २०२१ को उद्देश्य किसान आन्दोलनलाई मत्थर पारेर मञ्चायती व्यवस्थालाई स्थापित गर्नुमात्रै देखियो ।

२०४६ सालमा प्रजातन्त्र पुनर्वहाली गर्न काङ्ग्रेस र कम्युनिष्टहरूले 'जसको जोत उसको पोत' कै नारा लगाए । २०४८ मा भूमिसुधार मन्त्री जगन्नाथ आचार्यले भूमिसुधारका नामको थालनी गरेपनि आफ्नै पार्टीको सरकारबाट सहयोग नपाएर राजीनामा दिए । यहीबीचमा २०५१ मा केशव बडालको अध्यक्षतामा उच्चस्तरीय भूमि सुधार आयोग गठन भएपनि त्यसले बुझाएको प्रतिवेदन कार्यान्वयन नहुँदै एमाले अल्पमतको सरकार ढल्यो । २०४८ र २०५८ को बीचमा बनेका ७ वटा सुकुम्बासी समस्या समाधान आयोगले केहीलाई जग्गा बाँड्ने अधुरो काम पनि गरे । ३२ साउन २०५८ मा शेरबहादुर देउबाले तराईमा ११ बिघा, पहाडमा २० रोपनी र उच्च पहाडी भेगमा ७५ रोपनी जग्गाको हदबन्दी कायम गरे *(हिमाल खबर पत्रिका वर्ष १८, अङ्क १५, पूर्णाङ्क २२१ मंसिर १-१५, २०६५ पृष्ठ ६०)* ।

नेपालमा भूमि सुधारको नाममा जति ऐन् कानुन तथा कमिशन आयोग बने ती आदिवासी दृष्टिकोणबाट सकारात्मक देखिँदैनन् । आदिवासीहरूको सामुहिक भूमि उपभोग प्रचलनसम्बन्धी नेपालको भूमिसम्बन्धी कानुन तथा ऐन्ले सम्बोधन गर्ने किसिमको कानुन अहिलेसम्म बनाएको पाइँदैन । बरु, सामुहिक रुपमा उपभोग गरिरहेको महेन्द्र शाहको शासनकालमा पृथ्वीनारायण शाहले १८३१ मा दिएको 'लिम्बुवान किपट' लाई २०२१ सालको नापीले उन्मुलन गरी आदिवासीय सामुहिक भूमि (Common Land) प्रचलन नष्ट गरेको इतिहास ताजै छ ।

आदिवासी र भूमिको सम्बन्ध आध्यात्मिक, धार्मिक, साँस्कृतिक, पहिचान तथा अस्तित्व र जीवननिर्वाहसँग गाँसिएको हुन्छ । भूमि उनीहरूको लागि फगत उत्पादनको साधनमात्र होइन । यो दृष्टिबाट ग्रहण गरियो भने घोर अन्याय र आपत्तिजनक तथा अमानवीय हुन्छ । यस प्रसङ्गमा यूएनअन्तर्गतको अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ जुन नेपालले यसअघि नै अनुमोदन गरिसकेको छ । यस महासन्धिको 'भूमिको अवधारणा' शीर्षक र धारा १३.१ मा भनिएको छ-

महासन्धिको यस भागका प्रावधानहरूलाई लागूगर्दा सरकारले सम्बन्धित् समूहको संस्कृति एवम् आध्यात्मिक मुल्य-मान्यताको लागि विशेष महत्व राख्ने उनीहरूले बसोवास गरेको वा अन्य किसिमले प्रयोग गरेको भूमि वा भूभाग वा दुबै समूहको सम्बन्धलाई सम्मान गर्नुपर्दछ । यसरी सम्मान गर्दा यस सम्बन्धको सामुहिक पक्षलाई विशेष गरेर सम्मान गरिनुपर्दछ ।

भूमिको परिभाषा गर्ने विद्वान होजे मार्टिनेट कोवो भन्छन्- ''आदिवासी र उनीहरूको भूमिबीच गहिरो आध्यात्मिक विशेष सम्बन्ध, आधारभुत जिउने र उनीहरूको रीतिरिवाज, विश्वास, परम्परा र संस्कृतिसँग गाँसिएको हुन्छ भनी बुझ्न जरुरी हुन्छ । उनीहरूको लागि यस्तो भूमि केवल किनबेच गर्ने साधन नभएर उनीहरूले स्वतन्त्र भई उपभोग गर्नु हो (*Jose Martinez Cobo, Special Rapporterur of the Sub-commission on the proctection of minorities*) ।

आदिवासीको भूमिमाथिको अधिकारलाई संयुक्त राष्ट्रसंघअन्तर्गत श्रम सङ्गठन महासन्धि नं. १६९ को धारा १४.१ र १६.१ ले प्रत्याभुत गरेको अधिकारमा भनिएका छ- सम्बन्धित समूहको आफूले परम्परागत रुपले बसोवास गरेको भूमिमाथिको अधिकार तथा स्वामित्वलाई मान्यता दिइनेछ । यी समूहहरूले आफ्नो सदस्यहरूबीच हुने भूमिको अधिकारको हस्तान्तरणका लागि अपनाउने प्रक्रियाहरूलाई सम्मान गरिनेछ । यस प्रसङ्गमा महेशचन्द्र रेग्मी Land Ownership in Nepal, Page 87 मा लेख्नुहुन्छ- ''नेपालमा सामुहिक नियन्त्रण गर्ने रीतिरिवाजको कानुनी रुपमा सुनिश्चित गरिएको छैन तर यस्तो प्रणाली 'आर्य समुदाय' बाहेकका भारतमा छोटानागपुरका मुण्डा समुदायमा व्यवस्था गरिएको छ ।''

आदिवासीहरूको सामुहिक भूमि अधिकार खोसिनेक्रम शासकहरूले राज्य निर्माण गर्नेक्रममा तीब्र गतिमा भएको थियो । यो अधिकार खोस्न युरोपका मानिसहरू उत्तर अमेरिकामा टेरानुलिष्टको सिद्धान्त ९एचष्लअष्ङभि या त्भचचबलगष्कित० प्रयोग गरेका थिए । उपनिवेशवादी युरोपियनहरू आउनुभन्दा अघि नै त्यहाँ इरोक्युस (Iroquios) हरूको समूह र अन्य आदिवासी थिए । ती भूमिहरू उनीहरूले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आइरहेका थिए । तर, युरोपियनहरूले टेरानलिष्टको सिद्धान्त प्रयोग गरी खोसे । यो सिद्धान्तले के



भन्छ भने जमिन कसैको हुँदैन, कुनै खास देशको पनि हुँदैन, जसले उत्पादन गर्छ उसले प्रयोग गर्छ तर स्थायी कसैको हुँदैन। साथै, यो सिद्धान्तअनुसार कुनै पनि जमिन खाली राख्नुहुँदैन । यो सिद्धान्तलाई टेकी युरोपियनहरूले त्यहाँका आदिवासीहरूको जमिन प्रयोग गर्न थालेपछि उपनिशवेशमा परिणत गरे । नेपालमा पनि राणाशासन फाल्न नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले 'जसको जोत, उसको पोत' भन्ने नारा लगाए । यो नारा पनि टेरानलिष्टको सिद्धान्तबाट प्रभावित थियो । यसरी नै अष्ट्रेलियमा पनि यही सिद्धान्तको प्रयोग गरी त्यहाँका आदिवासीहरूको भूमि खोसे । यो सिद्धान्तले आदिवासीहरूको भूमिलाई अन्य बाहिरबाट आएकाहरूकोमा सुम्पिदियो ।

आदिवासीहरूको भूमि खोस्नु भनेको उनीहरूको साँस्कृतिक नरसंहार (Cultural Genocide) गर्नु हो । त्यसैले, आदिवासीहरूको भूमि हस्तक्षेप गर्नुहुँदैन भनेर धेरै विद्वानहरू तर्क राख्दछन्। भूमिलाई दुई शीर्षकामा विभाजन गरी हेर्न सकिन्छ। व्यक्तिगत भूमि( Individula Land) र सामुहिक भूमि (Collective land) । व्यक्तिगत भूमिलाई व्यक्तिले किनबेच गर्न सक्दछ । यसलाई उसले चाहेअनुसार प्रयोग गर्नसक्दछ । तर, सामुहिक भूमि यो प्रकारको भूमि स्वामित्वभन्दा पृथक भूस्वामित्व हो। यस्तो भूमि किनबेच गर्न सकिँदैन। यो सामुहिक स्वामित्व भएकोले सामुहिक हितको लागि मात्र प्रयोग गरिन्छ। यस्तो भूमि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरी आत्मनिर्णयको अधिकार भूमिसँग जोडिन पुग्छ । भूमिको सरोकार राजनीति, शक्ति तथा जीवन निर्वाहसँग हुन्छ । भूमि आफ्नो अधीनमा रहेसम्म राजनीति, शक्ति तथा अन्य अधिकारहरू आफैसँग जोडिन्छ । तर, आफ्नो नियन्त्रणबाट भूमि बाहिरियो भने हरेक अधिकारहरू अरुको हातमा पर्नजान्छ । अनि जस्तो कानुन बनायो, पालना गर्न बाध्यकारी हुनुपर्दछ। विश्वमा पहिलोपटका आदिवासी र भूमिबीच सम्बन्ध देखाउने कार्य अफ्रिकामा युरोपका गोराहरूले गरे । यो कार्य ठूला शक्ति राष्ट्रहरूले बर्लिन अफ्रिका सम्मेलन (१८८४-१८८५) मा भूभाग माथिको दाबीको मान्यता दिने सन्दर्भमा जारी कानुनको धारा ६ मा अफ्रिकाको आदिवासी समूहरू (Indigenopsu Population) को संरक्षण गर्ने भनी देखाइयो। यहीबाट आत्मनिर्णयको अधिकारको बीजारोपण हुनगयो ।

आदिवासीहरूको आत्मनिर्णयको अधिकारको सवालमा दोस्रो विश्वयुद्धपछि औपचारिक रुपमा व्यापक बहस



आफ्नो भूमी र आत्मनिर्णयको अधिकारका लागि जुटेका आदिवासी धिमाल महिलाहरू

हुनथालेको हो । क्यानडाका क्यायुगा (Cayuga) आदिवासीहरू जेनेभामा भएको सन् १९२० को लिग अफ् नेशनको सम्मेलनमा गेटको अगाडिपट्टि 'हामीलाई आत्मनिर्णयको अधिकार देऊ' भनेर प्लेकार्डमा लेखेर प्रदर्शन गरेपछि जापान सरकारको प्रतिनिधिहरूको सहयोगमा ती आदिवासीहरूका नेता डेस्काहेलाई लिग अफ् नेशनको सम्मेलनमा बोल्ने मौका प्रदान गरियो । उनले त्यहाँ लगभग दुईघण्टा आत्मनिर्णयको अधिकार बारेमा भाषण गरेपछि सबै छक्क परे । कहिले नबुझेको-नसुनेको नयाँ विषयमा गरिएको त्यो भाषणले विश्वमा नयाँ तरङ्ग ल्यायो । डेस्काहेले हाम्रो आत्मनिर्णयको अधिकार क्यानडा सरकारले खोसको छ भनेर अन्तर्राष्ट्रियस्तरमा बोलेपछि उनलाई क्यानडा सरकारले आफ्नो भूमि फर्कन रोक लगायो । उनले सम्पूर्ण बाँकी जीवन जेनेभामा बिताएका थिए । यसरी एक विद्वान आदिवासी नेताले आदिवासी अधिकारको लागि सुरुगरेको आन्दोलन कहाँ पुग्यो ? त्यसको समीक्षा गर्ने पालो अहिले हाम्रो हो । आदिवासी आन्दोलनलाई कता, कुन दिशा तथा कति माथि पुऱ्याउने भन्ने आउने पुस्ताको काँधमा छ । हाम्रा पुर्खाले गरेको महान कार्यलाई निरन्तरता दिनसक्नु आजको आवश्यकता हो ।

आत्मनिर्णयको अधिकारलाई बाह्य र आन्तरिक गरी दुई किसिमले अभ्यास गरेको पाइन्छ । बाह्य आत्मनिर्णयको अधिकार सिमित देशहरूमा वा धेरै कम देशहरूमा मात्र अभ्यास गरेको पाइन्छ । यो किसिमको आत्मनिर्णयको अधिकार उपनिवेशबाट मुक्ति पाउनको लागि प्रयोग गरिन्छ । यो परिस्थिति बाहिरबाट आएकाहरूप्रति अधीनस्थ उनीहरूको दमनको शिकार र शोषणले आधारभुत मानव अधिकारको उल्लङ्घन, संयुक्त राष्ट्र संघको चार्टर विरुद्ध र विश्व शान्ति र सद्भावमा बाधक हुनेहुँदा यो अधिकार प्रयोग गरी स्वतन्त्र हुन पाउनेछ ।

आन्तरिक आत्मनिर्णयको अधिकारको अभ्यास अहिले केही देशहरूमा पाइन्छ- जस्तै, फिलिपिन्स, कोलम्बिया, मेक्सिको,

**विश्वराजनीति सभ्यताको राजनीतिमा केन्द्रित छ । अधिकाङ्श देशका आदिवासीहरूले आफ्नो पहिचानसहित राजनीतिक अधिकारको लागि आन्दोलन गरिरहेका छन् । राज्यले उनीहरूको सभ्यतालाई मुलधारमा परिणत गर्न अझै पनि दवाब सृजना गर्दैछ । तर, यसको विरुद्धमा उनीहरूले प्रतिकार गरिरहेका छन् । नेपालको सन्दर्भमा पनि यहाँका आदिवासीहरूले बारम्बार सरकारको विरुद्धमा आन्दोलन गरिरहेका छन् । इतिहासमै पहिलोपटक संविधान सभाको चुनाव भयो तर उनीहरूकै सङ्गठन, संघ-संस्थाबाट चुनिने अधिकारको संवैधानिक व्यवस्था नगरिएको हुँदा यसबाट निर्माण हुने संविधान आदिवासीहरूको निम्ति फलदायी हुनसक्दैन भन्ने आदिवासी संघ-संस्थाहरूले पूर्वानुपमान गरिसकेका छन् ।**

दक्षिण अफ्रिका, भेनेजुएला, पाराग्वे आदि । अन्ड्रिपले पनि आदिवासीहरू भएको देशमा उनीहरूको विकास गर्न यो किसिमको अधिकार दिनुपर्छ भनेर बोलिसकेको छ । यो अधिकारको प्रयोग देशको राजनीतिक व्यवस्थाभित्र आदिवासीहरूको मौलिक राजनीतिक प्रणाली स्वतन्त्र रुपमा सञ्चालन गर्न पाउनु हो । स्वायत्तता र स्वशासनको व्यवस्थाबाट आदिवासीहरूको मौलिक विकास गर्नु आजको आवश्यकता हो । आत्मनिर्णयको अधिकार आदिवासीहरूको आधारभुत अकिकार हो । त्यसैले, यो अधिकारभित्र पर्ने दुई तत्वलाई संविधानमै उल्लेख गर्नु जरुरी छ । नियन्त्रण र सहमतिविना आत्मनिर्णयको अधिकार असम्भवप्रायः छ । आदिवासीहरूको परम्परागत भूमिलगायत अन्य स्रोत-साधनमा उनीहरूको नियन्त्रण हुनु जरुरी छ र त्यस्ता क्षेत्रमा कुने विकास निर्माणको कार्य गर्नुपरेमा उनीहरूको स्वतन्त्र पूर्व जानकार मञ्जुरीसहितको सहमति लिएर मात्र गर्नुपर्ने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

कानुनको उत्पत्ति विभिन्न रीतिरिवाज र परम्पराबाट भएको हो । ती रीतिरिवाज र परम्पराबाट नै समाज अगाडि बढेको थियो । त्यसको लिखित दस्तावेजले कानुनको रुप ग्रहण गरेकोछ । यस्तो रीतिरिवाज र परम्परा हालसम्म पनि आदिवासी समुदायमा विद्यमान छ । उनीहरू त्यसैको प्रयोग गरी न्याय दिनेगर्छन् । उनीहरू हालसम्म पनि आफ्नो पुस्ताबाट प्राप्त गरेका यस्ता अभ्यासहरूको प्रयोग गरिरहेका छन् । तर, राज्य उनीहरूको यस्तो अभ्यासहरूलाई मान्यता दिन चाहँदैन । उल्टो यस्ता खालका अभ्यासहरूलाई बारम्बार हस्तक्षेप गर्दै आइरहेको छ ।

सबै नागरिकको अधिकार समान हुन्छ । नागरिक अधिकार मात्र होइन सामुहिक अधिकार पनि स्वतन्त्रपूर्वका उपभोग गर्न पाउनु पर्दछ । यी अधिकारहरू मानवअधिकारभित्र पर्नआउँछ । यसै प्रसङ्गमा संयुक्त राष्ट्रसंघले मानव अधिकारलाई 'सामान्य रुपमा हामीमा प्राकृतिक रुपमा अन्तर्निहित अधिकार भन्ने बुझिन्छ, जसको अभावमा हामी मानिसजस्तो भएर बाँच्न सकिन्न' भनेर पभिाषित गरेको छ । मावनअधिकारको प्राकृतिक सिद्धान्त अनुसार आदिवासीको अधिकार जन्मसिद्ध अहरणीय, विश्वव्यापी, अन्तर्सम्बन्धित र विना भेदभाव प्राप्त गर्ने अधिकार हुन् (*Viena Declaration Palt*) ।

राज्य निर्माण गर्नुपूर्व आदिवासीहरूको

स्वतन्त्र समाज तथा राष्ट्रहरू थिए । तर, विश्वमा शासकहरूले राज्य निर्माण गर्ने क्रममा त्यस्ता स्वतन्त्र समाज तथा राज्यहरूलाई आफ्नो नियन्त्रणमा लिएर ती स्वतन्त्र समाजहरू समुदायमा परिणत हुनेक्रम सुरुभयो । त्यसबखत उनीहरूको निर्णय नै सर्वेसर्वा हुनेगर्दथ्यो । उनीहरूको आत्मनिर्णयको अधिकार पनि हनन् हुनथाल्यो । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ मा आत्मनिर्णयको अधिकारको बारेमा धारा १ मा प्रत्याभुत गरेको छ जसअनुसार सबै जनतालाई आत्मनिर्णयको अधिकारको हक हुनेछ । यसका आधारमा उनीहरूलाई स्वतन्त्रपूर्वक आफ्नो राजनीतिक अवस्था निर्धारण गर्ने, स्वतन्त्रपूर्वक, आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने, आफ्नो परम्परागत भूमि तथा प्राकृतिक स्रोतको स्वामित्व, नियन्त्रण, प्रयोग र व्यवस्थापन गर्न पाउने हक हुनेछ । यस अनुबन्धलाई अनुगमन गर्ने समिति जसलाई मानवअधिकार समिति भनिन्छ । यसले आत्मनिर्णयको विषयमा व्याख्या गरेका धेरै दस्तावेजहरू पाइन्छ । स्वतन्त्ररुपमा राजनीतिक अवस्था निर्धारण गर्नेभन्ने शब्दावलीको पहिलो अवधारणा उपनिवेश, जिम्मा-जमानीमा रहेको क्षेत्र वा अन्यबाट प्रशासित क्षेत्रले स्वतन्त्र राज्य बनाउने र दोस्रो अवधारणा अनुसार स्वतन्त्र राज्य बनाउनेभन्दा पनि कस्तो शासनव्यवस्था छान्ने भन्ने रहेको छ । राज्यभित्र उच्चतम लोकतान्त्रिक अभ्यास गर्न पाउने अधिकार सुनिश्चित गर्न शासनव्यवस्था चयन गर्न पाउनुपर्दछ । आत्मनिर्णयको अधिकारको अभ्यास स्वायत्तता र स्वशासनको माध्यमबाट गरिन्छ ।

धेरै राज्यहरूले आदिवासीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सहभागी गराउने उपायको रुपमा आत्मनिर्णयको अधिकारलाई प्रयोग गर्नुपर्छ भन्ने गरेकाछन् । संयुक्त राज्य अमेरिकामा आदिवासीहरूको आत्मनिर्णयको अधिकार भन्नाले अमेरिकाको राजनीतिक व्यवस्थाभित्र आदिवासीहरूको मौलिक राजनीतिकप्रणाली स्वतन्त्ररुपमा सञ्चालन गर्न पाउनु हो ।

**अन्तमा,**


विश्वराजनीति सभ्यताको राजनीतिमा केन्द्रित छ । अधिकाङ्श देशका आदिवासीहरूले आफ्नो पहिचानसहित राजनीतिक अधिकारको लागि आन्दोलन गरिरहेका छन् । राज्यले उनीहरूको सभ्यतालाई मुलधारमा परिणत गर्न अझै पनि दवाब सृजना गर्दैछ । तर, यसको विरुद्धमा उनीहरूले प्रतिकार गरिरहेका छन् । नेपालको सन्दर्भमा पनि यहाँका आदिवासीहरूले बारम्बार सरकारको विरुद्धमा आन्दोलन गरिरहेका छन् । इतिहासमै पहिलोपटक संविधान सभाको चुनाव भयो तर उनीहरूकै सङ्गठन, संघ-संस्थाबाट चुनिने अधिकारको संवैधानिक व्यवस्था नगरिएको हुँदा यसबाट निर्माण हुने संविधान आदिवासीहरूको निम्ति फलदायी हुनसक्दैन भन्ने आदिवासी संघ संस्थाहरूले पूर्वानुपमान गरिसकेका छन् ।

आदिवासी सभासदहरू पनि २१८ जना संविधान सभामा प्रतिनिधित्व गरिरहेका छन् तर उनीहरू व्यक्तिगत स्वतन्त्रताबाट पार्टीबाट चुनिएर आएका हुन् जुन संयुक्त राष्ट्र संघअन्तर्गत अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ सम्मत छैन । त्यसकारण, सभासदहरू आफ्नो समुदायभन्दा बढी पार्टीप्रति उत्तरदायी देखिन्छन् । आदिवासीहरूको सामुहिक अधिकार अहिलेसम्म अन्तरिम् संविधानमा लिपिबद्ध गरिएका छैनन् । यो त्यसको परिणाम हो ।

अधिकांश देशहरूमा संविधान निर्माण भएर फेरि द्वन्द्व सुरुभएको इतिहास र वर्तमान दुबै छ, यस्तो परिस्थितिको सृजना हुनुहुँदैन । तर, यस्तो हुनु नहुनु ६०१ सभासदमा निर्भर रहन्छ । यो ऐतिहासिक समयमा पनि आदिवासीलाई सम्बोधन गर्ने वा सम्मान गर्ने किसिमको संविधान निर्माण हुन सकेन भने नयाँ चिराको द्वन्द्व निश्चित रुपमा सुरुहुनेछ ।

E-mail: kewalhe@yahoo.com

# नयाँ पुस्तक चर्चा




## खोक्चिलिपा


*(ओल्लो, माझ र पल्लो किरातका किराती मिथकहरूको सङ्गालो)*

सङ्कलक/सम्पादक: निराजन बतास

प्रकाशक: किरात विज्ञान अध्ययन संस्थान काठमाण्डू, नेपाल

संस्करण: प्रथम वि. सं. २०६७

मूल्य रू. २००।-




## राज्यको नयाँ रचनामा माओ विचार

लेखक: भवानी बराल

प्रकाशक: बुक क्लव विजयपुर

संस्करण: प्रथम, वि.सं. २०६७

मूल्य रू. २००।-

# अन्तर्राष्ट्रिय महिलावादको आन्दोलन र नेपालका आदिवासी जनजाति महिला



♦ बुद्धश्री लामा

**नेपालका हामी आदिवासी जनजाति महिलाहरू पनि कतै प्रतीकात्मक आन्दोलन मात्र त गरिरहेका छैनौ ? के हामी नेपालको महिला, तथा दलित, अल्पसङ्ख्यक आदिवासी महिलाहरूले अधिकार प्राप्त गरेका छौं वा लिएका हौं त ? के अब हामी नेपालका महिला तथा तेहोरो मारमा परेका आदिवासी, दलित, अल्पसङ्ख्यक महिलाहरूले रुसका सर्वहारा, हेइटीका कालाजाति र इण्डो–चीनका चिनीयाँहरूजस्तै सर्वसत्तावादको विरुद्ध आन्दोलन गरी आफ्नो अधिकार लिन सक्नेछौ ? यसको उत्तरहरू भविष्यको वा संविधानसभाको गर्भमै तुहिन खोज्दैछ । तर, यो सबै महिलाहरूमै भरपर्ने कुरा हो, 'प्राप्त' गर्ने वा 'लिने' ? यदि एक भएर पहिचानसहितको आफ्नो अधिकार जसरी पनि लिन्छौं भन्ने सङ्कल्प गरेमा अवश्य सङकल्प पूरा हुने विश्वास, मान्यता इतिहासले देखाइसकेको छ । तसर्थ, 'प्राप्त गर्ने' सङ्कल्प छिट्टै गरौं, ढिलो कतै नगरौं, अब सडक आन्दोलन गर्नुबाहेक अरु विकल्प नै छैन ।**

सर्वप्रथम 'महिलावाद' Feminism शब्दको प्रयोग अंग्रेजी भाषी महिलावादी अभियन्ताहरूले आफ्नो महत्वपूर्ण ऐतिहासिक महिलावादी अभियानको प्रारम्भमा प्रयोग गरेको पाइन्छ, जसको प्रयोग पहिले कहिले गरिएको थिएन, र यो कालान्तरमा एउटा कोशे ढुङ्गाको रुपमा स्थापित हुनगयो । उन्नाइसौं शताब्दीको अन्तितिर महिलावाद विभिन्न फरक-फरक वर्ग र सामाजिक भूमिकाहरू भएका महिलाहरूसँग पनि जोडिन थाल्यो ।

उन्नाइसौं शताब्दीको अन्ततिर महिलाहरूको अधिकारको सङ्घर्ष कुनै नौलो कुरा थिएन । महिलाहरू सधैं अन्याय र लिङ्गीय विभेदको विरुद्धमा थिए । ब्रिटेनको सन्दर्भमा त्यसताका प्रचलनमा रहेको परम्परागत नैतिकता सम्बन्धी दोहोरो मापदण्डको मेरि आस्टेल र मेरि क्लोस्टन क्राफ्ट, जो सत्रौं तथा अठारौं शताब्दीका प्रखर आलोचक थिए, ले धज्जिउडाएका थिए । यद्यपि, उनीहरूले अरुको बीचमा प्रसिद्धि कमाए पनि महिलाहरूको निरन्तर अरुमा भरपर्ने मान्यताको बहसमा भने उनीहरू पहिला होइनन् ।

उन्नाइसौं शताब्दीको महिला आन्दोलन अभियान धेरैजसो पश्चिमी देशहरूमा, महिलावादी विचारहरू सर्वसाधरणहरूमा पनि प्रतिध्वनित हुनथाल्यो । महिलावादी आन्दोलनमा जनस्तरमा स्थापित एवम् स्वीकृत हुन थालेपछि यही चेतको प्रभावले गर्दा सन् १८८० पछि महिलाहरूले पनि निजी सम्पत्ति राख्न पाउने विधेयक पारित भयो । यसले निश्चितरुपमा थप अधिकारको लागि ढोका खोलिदियो ।

राजनीतिक मोर्चाको हिसाबले १९६० को दशकलाई महिला आन्दोलनको प्रारम्भबिन्दुको रुपमा लिन सकिन्छ । त्यसबेलासम्ममा एकातिर पुरुषहरूले महिलाहरूको दाबीलाई ठाडै अस्वीकार गरेको पाउँथे भने अर्कातिर पुरुषहरू राजनीतिक बहसमा जुटिरहेका बेला, महिलाहरूचाहिं घरमा भाँडा माझिरहेका हुन्थे । यस्तो विषम परिस्थितिले महिलावादी चिन्तक एवम् महिला आन्दोलनकर्मीहरूलाई झनै पिरोल्थ्यो । त्यतिमात्र कहाँ हो र ? पुरुषहरूको स्वार्थसापेक्ष पुनरुत्थानवादी स्त्रीत्वमा फर्कन ठूलो दवाबको सामना पनि गर्नुपर्थ्यो । दोस्रो विश्वयुद्धमा भाग लिएका विभिन्न सरकारी ओहदामा पुगेका महिलाहरूलाई हेर्ने दृष्टिकोणमा पनि खासै फरक देखिएको थिएन । अतः आन्दोलनलाई एउटा शक्तिकोरुपमा बदल्नका लागि महिलावादी आन्दोलन छातामुनि गोलबन्द हुनथाले । सन् १९६० र ७० को दशकमा महिला विरुद्धको षडयन्त्रलाई निष्तेज पार्न थालिएको आन्दोलनले ठूलै फड्को मार्‍यो । आन्दोलनको प्रमुख उद्देश्यमध्ये आफ्नो हक-अधिकारबारे सचेत पार्ने, जनचेतना जगाउने, महिला सम्बन्धमा अरुले थोपरेको परिभाषालाई अस्वीकृत गर्ने र महिलाहरूको आफ्नो अनुभवको आधारमा वस्तुवादी परिभाषाको खोजगर्ने उद्देश्यसहित आन्दोलन परिलक्षित रहेको थियो ।

यसरी महिला सशक्तीकरणको आन्दोलन युरोपबाट प्रारम्भ भएको भएतापनि काला जातिका महिलाहरूको हकमा जसले मध्यमस्तरीय आर्थिक पहिचान वा व्यवसायिक पेशेवरस्तर प्राप्त नगरेको वा त्यस्तै कुनै खास किसिमको आर्थिकस्तर प्राप्त नगरेको भनी उनीहरूलाई राष्ट्रिय एवम् स्थानीयस्तरको चुनावमा मतदान गर्नबाट वञ्चित गरियो भने, गोरा महिलाहरूलाई ती अधिकार सन् १९१८ मा ब्रिटिश सरकारले दिएको देखिन्छ । तर, पछि उर्लंदो जनदवावका कारण दश वर्षपछि अर्थात् सन् १९२८ मा त्यस्ता विभेदकारी प्रावधानहरूको खारेजी भई सबै महिलाहरूले, चाहे ती गोरा वा काला वर्णका किन नहोउन्, मतदान गर्ने अधिकार प्राप्त गरे । यसै प्रसङ्गमा नेपाली आदिवासी, जनजाति महिलाहरू पनि आफूहरूले नेपालको आधा आकाश ढाकेको अर्थात् राष्ट्रिय जनगणना

२०५८ अनुसार २,३१,५१,४२३ भएको मध्ये ५०.४ प्रतिशत महिलाको सङ्ख्या रहेको छ । यसमा आदिवासी जनजातिको जनसङ्ख्या ८५,६६,०२६.५१ (३७ प्रतिशत) रहेको छ भने त्यसमध्ये आदिवासी जनजाति महिलाको महिलाको सङ्ख्या ४३,१७,२७७.३६ (५०.४ प्रतिशत) रहेको छ । तर, महिला सशक्तीकरणको आन्दोलन युरोपमा प्रारम्भ हुँदा काला जातिका महिलाहरूले, गोरा महिलाहरूभन्दा १० वर्षपछि अधिकार प्राप्त गरेका थिएभने नेपाली आदिवासी, जनजाति, दलित, अल्पसङ्ख्यक महिलाहरूले आफ्नो पहिचानसहितको गैर-आदिवासी महिलाहरूसरह अधिकार प्राप्त नगरेकोले, नेपालमा पनि यो प्राप्त गर्न कतिवर्ष लाग्ने हो ?

त्यसैले, भारतमा ३३५ आरक्षणको विधेयक पास गर्न संसदमा पटक-पटक राख्ने प्रयास भएपनि, हालसम्म पनि सो विधेयक पास हुन सकेको छैन । कारण, महिलाहरूमा वर्गीकरणसहितको आरक्षणको व्यवस्था नभएकोले हो । अर्थात् यसबाट भारतीय महिलाहरूले अन्तर्राष्ट्रिय महिला विद्वानहरूको भनाइ, जुन महिलाहरूलाई एउटै वर्गमा राख्नुहुँदैन भन्ने कुरा राम्ररी प्रष्ट पारिसकेका छन् र हामीकहाँ पनि त्यस्तो वर्गीकरण अझै प्रष्ट नभएकोले, हालसम्म पनि उही तथाकथित् पुरुषहरूकै राज्यका महत्वपूर्ण स्थानहरूमा हालिमुहाली छ भने, अहिले पनि त्यही वर्गकै महिलाहरूको हालिमुहाली भइरहेको छ भन्ने आम मानिसहरूको भनाइ पाइन्छ । अर्थात् जबसम्म आदिवासी, जनजाति, दलित, अल्पसङ्ख्यक महिलाहरूको पहिचानसहितको वर्गीकरण हुँदैन तबसम्म ३३५ को कुनै अर्थ छैन । अतः यसर्थमा वर्तमान नेपाली महिला आन्दोलन र त्यसका उपलब्धिले नेपाली महिलाहरूलाई कतिको फाइदा पुर्‍याउँछ वा पुर्‍याउँदैन भनेर विश्लेषण गर्नु यस पङ्क्तिकारको उद्देश्य हो ।

महिलावादी तथा अन्तर्राष्ट्रिय महिला विद्वानहरू, चिन्तक एवम् विश्लेषक महिलाहरूको नाउँ लिन पर्दा सीमोन डे बिभोइर, कोरा कप्लान, जुडिथ बटलर, टोनी मोरीसन, जस्ताका नाम छुटाउन मिल्दैन । वहाँहरूको विचार र विश्लेषणको निचोडः "Humanity is male and male defines women" "He is the subject or absolute and she is the other" ''हाम्रो समाजको भाषा नै पुरुषवादी रहेको छ'' ''महिला भएकै कारणले सबै महिलाहरूलाई एउटै तह (catagory) मा राख्न मिल्दैन, किनकि शहरको महिला गाउँको महिला, शिक्षित महिला अशिक्षित महिला, धनी महिला गरिव महिलाहरू''का बीच निश्चितरुपले टड्कारो भिन्नताहरू हुनेगर्दछ । तसर्थ, आदिवासी जनजाति महिलाहरू जबर्जस्त हिन्दूकरणको मारमा परेको हुनाले क्रमशः मातृसत्ता गुमाउँदै पितृसत्ताको चङ्गुलमा फसेर अझ गैरआदिवासी महिलाभन्दा बढी पीडित हुनपुगेका छन । गैरआदिवासी महिला पछि आदिवासी जनजाति पुरुषहरू पीडित छन् भने, त्यसरी नै झण्डै २५० वर्षदेखि आदिवासी जनजाति पुरुषभन्दा बढी शोषणका शिकार आदिवासी जनजाति महिलाहरू भएका छन् । नेपालका आदिवासी महिलाहरू, महिला भएको कारणले, आदिवासी भएका कारणले, र त्यसमाथि पनि आदिवासी महिला भएका कारणले तेहोरो मारमा पर्दैआएका छन् । यसरी, तेहोरो मारमा परेका आदिवासी महिलाहरूको सम्मुनत, अधिकार सम्पन्न र समान बनाउनका लागि उनीहरूको पहिचानसहितको वर्गीकरण र सकारात्मक विभेदलाई प्राथमिकताका साथ अव बन्ने संविधानमा व्यबस्था गरिनुपर्छ । जबसम्म आदिवासी, जनजाति महिलाहरूको राज्यले पहिचान गर्दैन, तबसम्म आदिवासी महिलाहरू फेरि पनि तेहोरो मार खेपिरहनु पर्ने स्थिति रहिरहन्छ । त्यसैले, रुसका सर्वहाराले, हेइटीका काला जातिले र इण्डो चीनका चिनीयाँहरूले सर्वसत्तावाद विरुद्धको आन्दोलन पूरा गरी आफ्नो हक-अधिकार सबै प्राप्त गरिसके तर महिलाहरूको प्रयास जहिले पनि प्रतीकात्मक तथा नाम मात्रको आन्दोलन मात्र भएको छ । महिलाहरूलाई पुरुषले जति इच्छाएर दिएका छन् त्यति मात्र लिएका छन्, त्योभन्दा बढी केही पनि प्राप्त गरेका छैनन् । यहाँ प्राप्त गर्नु भन्नाले सङ्घर्ष गरेर वा खोसेर अधिकार लिने भन्ने बुझ्नुपर्दछ ।

यसबाट पाठ सिक्दै के नेपालका हामी आदिवासी जनजाति महिलाहरू पनि कतै प्रतीकात्मक आन्दोलन मात्र त गरिरहेका छैनौ ? के हामी नेपालको महिला, तथा दलित, अल्पसङ्ख्यक आदिवासी महिलाहरूले अधिकार प्राप्त गरेका छौं वा लिएका हौं त ? के अब हामी नेपालका महिला तथा तेहोरो मारमा परेका आदिवासी, दलित, अल्पसङ्ख्यक महिलाहरूले रुसका सर्वहारा, हेइटीका कालाजाति र इण्डो-चीनका चिनीयाँहरूजस्तै सर्वसत्तावादको विरुद्ध आन्दोलन गरी आफ्नो अधिकार लिन सक्नेछौ ? यसको उत्तरहरू भविष्यको वा संविधानसभाको गर्भमै तुहिन खोज्दैछ । तर, यो सबै महिलाहरूमै भरपर्ने कुरा हो, 'प्राप्त गर्ने' वा 'लिने' ? यदि एक भएर पहिचानसहितको आफ्नो अधिकार जसरी पनि लिन्छौं भन्ने सङ्कल्प गरेमा अवश्य सङकल्प पूरा हुने विश्वास, मान्यता इतिहासले देखाइसकेको छ । तसर्थ, 'प्राप्त गर्ने' सङ्कल्प छिट्टै गरौं, ढिलो कतै नगरौं, अब सडक आन्दोलन गर्नुबाहेक अरु विकल्प नै छैन ।

E-mail: advocate_buddha@yahoo.com



आदिवासी जनजाति महिलाहरू अधिकारका लागि धर्ना दिंदै



# जातीय मुक्ति आन्दोलनको वैचारिक आधार

♦ किरण खम्बू

आदिवासी जनजाति आम जनताहरू भाषिक आधारमा हेर्ने हो भने धेरै भाषाका धनी, साँस्कृतिक आधारमा हेर्ने हो भने धेरै संस्कृतिका धनी छन् । यी भाषा र संस्कृति नै उनीहरूको जीवनको आधार हो । यी सबै आदिवासी जनजाति जनताहरूसँग आफ्नै मातृभूमिको माटो, हावापानी अनुसारको वाद (Ism)हरू लिम्बुवानवाद, खम्बुवानवाद, तामाङसालीङवाद, नेवाःवाद, तमुवानवाद, मगरातवाद, खसानवाद, थारुवानवाद, मिथिलावाद हुन् । यी सबै वादहरूको समग्रता नै राष्ट्रवाद हो । त्यस्तैगरी, विचारधारा (Idealogy)हरू याक्खा विचारधारा, धिमाल विचारधारा, राजवंशी विचारधारा, भोटे विचारधारा, शेर्पा विचारधारा, थकाली विचारधारा, थामी विचारधारा, सुनुवार विचारधारा, जिरेलविचारधारा, लोहोरुङ विचारधारा, आठपहरिया विचारधारा, लाप्चे विचारधारा, माझी विचारधारा, बोटे विचारधारा, हायू विचारधारा, कोयू विचारधारा आदि छन् । यी सबै विचारधाराहरूको समग्रता नै राष्ट्रिय विचारधारा हो ।

जातीयता नै राष्ट्रियता हो । जाति नै राष्ट्र (Nation) हो । आर्यमुलका जातिवादी शासकहरूको केन्द्रीकृत एकात्मक सामन्ती निरङ्कुश राज्यसत्ताको आन्तरिक उपनिवेशबाट जातीय दमन, जातीय शोषण-उत्पीडन र जातीय भेद्भावमा परी आफ्नै भूमिमा दोस्रो दर्जाको नागरिकको रुपमा परिणत भएको यो मुलुकका मङ्गोल मुलका आदिवासी जनजाति जनता, मधेशी, खसभित्रको दलित जनता, मधेशी दलित जनता, अल्पसङ्ख्यक् मुसलमान जनता यी सबै जनताहरूका मुक्तिको सवाल भनेको जातीय मुक्ति नै हो । जातीय मुक्तिको सिद्धान्त र लाइनबाट मात्र सबै जातिहरूमाथिको विभेद् अन्त हुनेछ । जातिवादी शासकहरूबाट गरिने शोषण र उत्पीडनको सैलो र जुवालाई फाल्न सकिनेछ । सबै जातिहरूले खोजेको-रोजेको समानता, सहअस्तित्व, स्वतन्त्रता प्राप्त गर्न सकिनेछ । राष्ट्र (Nation) र राष्ट्रियता (Nationality) लाई साँचो अर्थमा मुक्त गर्न सकिन्छ । त्यसैले, यो मुलुकका शोषित र उत्पीडित आम जनताहरू आर्य जातिवादी शासकहरूको केन्द्रीकृत एकात्मक सामन्ती निरङ्कुश शासनसत्ताबाट गरिने सबै प्रकारका शोषण र उत्पीडन तथा भेद्भावपूर्ण नीति र व्यवहारको विरुद्ध जातीय मुक्तिको लागि आ-आफ्नो ठाउँबाट एकजुट भई सङ्गठित र आन्दोलित हुनु आजको आवश्यकता हो ।

**जातीय मुक्तिका सैद्धान्तिक र वैचारिक आधारः**

आदिवासी जनजाति आम जनताहरू भाषिक आधारमा हेर्ने हो भने धेरै भाषाका धनी, साँस्कृतिक आधारमा हेर्ने हो भने धेरै संस्कृतिका धनी छन् । यी भाषा र संस्कृति नै उनीहरूको जीवनको आधार हो । यी सबै आदिवासी जनजाति जनताहरूसँग आफ्नै मातृभूमिको माटो, हावापानी अनुसारको वाद (Ism)हरू लिम्बुवानवाद, खम्बुवानवाद, तामाङसालीङवाद, नेवाःवाद, तमुवानवाद, मगरातवाद, खसानवाद, थारुवानवाद, मिथिलावाद हुन् । यी सबै वादहरूको समग्रता नै राष्ट्रवाद हो । त्यस्तैगरी, विचारधारा (Idealogy)हरू

याक्खा विचारधारा, धिमाल विचारधारा, राजवंशी विचारधारा, भोटे विचारधारा, शेर्पा विचारधारा, थकाली विचारधारा, थामी विचारधारा, सुनुवार विचारधारा, जिरेलविचारधारा, लोहोरुङ विचारधारा, आठपहरिया विचारधारा, लाप्चे विचारधारा, माझी विचारधारा, बोटे विचारधारा, हायू विचारधारा, कोयू विचारधारा आदि छन् । यी सबै विचारधाराहरूको समग्रता नै राष्ट्रिय विचारधारा हो । यिनै वाद (Ism)हरू र विचारधारा (Idealogy)हरूको अगाडि नेपाली कांग्रेसले अङ्गालेको प्रजातान्त्रिक समाजवाद र नेपाली कम्युनिष्टहरूले अङ्गालेका वाद (Ism) हरू कुनै पनि हालतमा टिक्न सक्दैनन् ।

**जातीय मुक्ति प्राप्त गर्ने राजनीतिक आधारः**

नेपालका आदिवासी जनजाति आम जनसमुदायहरूले जातीय मुक्ति प्राप्त गर्ने राजनीतिक आधारहरू निम्नानुसार लिन सकिन्छ ।

(१) **जातीय स्वायत्तताको आधारः**

एक जातीय समूहले अर्का जातीय समूहमाथि हैकम चलाएको, थिचोमिचो गरेको, एकाधिकार जमाएको छ भने शोषण र उत्पीडनमा परेका जातीय समूहले छुट्टिएर बस्न पाउने अधिकार हुन्छ । यस बारेमा आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणा-पत्रमा भनिएको छ- "संयुक्त राष्ट्रसंघीय बडापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि एवम् भिएना घोषणा-पत्र र कार्ययोजनाले सबै मानिसहरूको आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्रतापूर्वक निर्णय गर्ने र आफ्नो आर्थिक, सामाजिक र साँस्कृतिक र सामाजिक विकासको स्वतन्त्ररुपमा खोजी गर्ने आत्मनिर्णयको अधिकारको मौलिक महत्वप्रति सहमति जनाउँछन्" भनेको छ । घोषणा-पत्रको धारा ४ मा "आदिवासी जनजातिसँग उनीहरूको आत्मनिर्णयसम्बन्धी अधिकार उपभोग गर्दा आफ्ना आन्तरिक तथा स्थानीय मामिलासँग सम्बन्धित् कुराहरू एवम् आफ्ना स्वायत्त कार्यहरूमा लगानी गर्ने उपाय र माध्यमहरूबारे स्वायत्त हुने वा स्वशासनको अधिकार छ" भनिएको छ । यस प्रकारको परिभाषाले आदिवासी जनजाति आम जनसमुदायहरूले स्वायत्तताको अधिकार पूर्णरुपमा उपभोग गर्ने अधिकार छ । स्वायत्तताको अधिकारले शोषण र उत्पीडनमा परेका जातिहरूले स्वायत्तताको कार्यक्रमको माध्यमबाट आ-आफ्नो शासन र प्रशासनको प्रबन्ध आफै गर्न पाउने अधिकार राख्दछ । त्यसैले, जातीय स्वायत्तताको राजनीतिक अधिकार अनुसार नेपालको पूर्वी क्षेत्रका खम्बू-राई जातिहरूले खम्बुवान, लिम्बू जातिहरूले लिम्बुवान र मध्य नेपालका तामाङ जातिहरूले तामाङसालीङ, नेवार जातिहरूले नेवाः र पश्चिम नेपालका गुरुङ जातिहरूले तमुवान, मगर जातिहरूले मगरात र सुदुर पश्चिमका खस जातिहरूले खसान र नेपालका दक्षिण तराईका थारु जातिहरूले थारुवान/थरुहट र मध्य तराईका मैथिल भाषीका जनताले मिथिला आदि स्वायत्र प्रदेशहरूको माग गरिहेकाछन् । यसरी स्वायत्त प्रदेश-राज्यहरूको माग गर्नुको कारण भनेको आर्य जातिवादी शासकहरूको केन्द्रीकृत एकात्मक सामन्ती निरङ्कुश शासनले शताब्दीयौंदेखि थिचोमिचो, भेदभाव, शोषण-दमन, र उत्पीडन गरेको र आदिवासी जनजाति जनतालाई राजनीतिको मुलधारबाट बहिष्कृत गर्ने नीतिको कारणले नै हो ।

(२) **जातिहरूको ऐतिहासिक पृष्ठभूमिको आधारमा स्वायत्तताः**

जातिहरूको आफ्नो पुर्ख्यौली थलोमा निरन्तर बसोवास गरिरहेको र उनीहरूका आ-आफ्नै किसिमका सामाजिक, आर्थिक, भाषिक, धार्मिक र साँस्कृतिक पहिचान भएको आधारलाई जातिहरूको ऐतिहासिक पृष्ठभूमि भनिन्छ । यही ऐतिहासिक पृष्ठभूमिको आधारलाई हेर्ने हो भने शाह राजाहरूको राज्यविस्तार गर्ने महत्वकाङ्क्षा



खम्बुवान राष्ट्रिय मोर्चा/खम्बुवान स्वायत्त राज्य परिषद्द्वारा काठमाडौंमा आयोजित कार्यक्रम

र सैनिक अभियान सुरु गर्नुभन्दा पहिले नेपालको पूर्वी क्षेत्रमा खम्बू-राई जातिहरूको पूर्वजहरूको १६ खम्बुवान, लिम्बू जातिका पूर्वजहरूको १० लिम्बुवान र मध्य नेपालका तामाङजातिका पूर्वजहरूको १० तामाङसालीङ, नेवार जातिहरूको काठमाडौं उपत्यकाभित्र ३ वटा नेवार राज्यहरू र नेपालको पश्चिममा गुरुङ जातिहरूको पूर्वजहरूको ९ तमुवान, मगर जातिका पूर्वजहरूको १२ मगरात र नेपालको सुदुर पश्चिमा खस जातिहरूको खसान राज्यहरू स्वतन्त्र अस्तित्वमा थिए । ती सबै संघराज्यहरू वंशज तथा राजतन्त्रात्मक ढाचामा सञ्चालन गरे पनि सङ्घात्मक प्रणालीमा आधारित थिए । राजा पृथ्वीनारायण शाहको राज्यविस्तार गर्नेक्रममा सैनिक शक्तिको बलबाट ती सबै राज्यहरूलाई अनेक जालझेल र षडयन्त्रपूर्वक पराजित गरी गोरखाराज्यमा गाभिदिएपछि सबै संघराज्यहरूको अस्तित्व समाप्त हुनगयो । उनीहरूका सन्ततिहरू यो मुलुकमा आदिवासी जनजातिमा परिणत भए । यसरी २५० वर्षदेखि आर्य जातिवादी शासकहरूबाट भेद्भाव, अन्याय, अत्याचार, शोषण-दमन र उत्पीडनको मार झेल्दै आउनुपरेकोले शोषण र उत्पीडनबाट छुटकारा पाउन स्वायत्त राज्यको माग आदिवासी जनजाति जनताले गरेका हुन् । त्यसैले, अब बन्ने नयाँ नेपालको नयाँ संघीय संविधानमा राज्यको पुनर्संरचना गर्दा जातिहरूको ऐतिहासिक पृष्ठभूमिको आधारमा प्रदेशहरूको नामकरण र स्वायत्त प्रदेशहरूको संरचना गर्नुपर्दछ भन्ने माग हो ।

**(३) स्वायत्त राज्य(प्रदेश) प्राप्त गर्ने राजनीतिक मापदण्डः**

जाति नै राष्ट्र (Nation) हो । राष्ट्रको अर्थ राज्य, देश वा प्रदेश भने पनि राष्ट्र राज्य (Nation State) को परिभाषा अनुसार- राष्ट्र राज्य प्राप्त गर्ने हैसियत प्राप्त गर्न राजनीतिक विज्ञानको परिभाषा अनुसार चार प्रकारका मापदण्ड पूरा गरी जातिहरूको विकास भइसकेको हुनुपर्दछ । ती चार प्रकारका मापदण्डहरू- जातिको साझा भाषा, साझा भूगोल, साझा आर्थिक अवस्था र साझा सँस्कृति हुन् । यी राजनीतिक मापदण्ड पूरा भएका जातिहरूलाई स्वायत्तताको अधिकार हुन्छ । यी चारप्रकारका मापदण्डहरू पूरा नभएका अन्य जातिहरूको हकमा स्वायत्तताभित्र उपस्वायत्तता, क्षेत्रीय स्वायत्तता र स्थानीय स्वशासनको अधिकार हुन्छ ।

**(४) संघीय शासन व्यवस्थाः**

संघीयता भनेको सहमति र सम्झौतामा आधारित विधिसम्मत राज्यहरूको संरचना हो । नयाँ नेपालको नयाँ संघीय संविधान निर्माण गर्दा संघीय संरचनामा केन्द्रीय सरकार र राज्य सरकार गरी दुई सरकारको व्यवस्था हुन्छ । यी दुई सरकारको अधिकार तथा राजकीय शक्ति बाँडफाँड गर्दा केन्द्रीय सरकारमा रक्षा, अर्थ, र परराष्ट्र रहने र बाँकी अधिकार राज्य सरकार (प्रान्तीय सरकार) मा रहने व्यवस्था संविधानमा हुनुपर्दछ भन्ने माग नेपालका अदिवासी जनजाति जनता, दलित जनता, पिछडिएका अल्पसङ्ख्यक् जनता सबैको साझा अजेण्डा हो ।

नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षले नेपालको आन्तरिम संविधान २०६३ लाई निर्माण गर्‍यो । यही संविधानले नेपाली जनता लाई राज्यशक्तिको स्रोतको रुपमा परिभाषित गरको छ । अन्तरिम् संविधानको धारा १ को (१) मा यो संविधान नेपालको मुल कानुन हो । धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहनेछ । धारमा ३ मा बहुजातीय, बहुभाषिक, बुहधार्मिक, बुहसाँस्कृतिक विशेषतायुक्त समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हो । धारा ४ को (१) मा नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । धारा ५ को (१)मा नेपालका बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा हुन् । धारा १३८ मने १ (क) मा मधेशी जनतालगायत आदिवासी जनजाति र पिडडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकरा गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुनेछन् भनी संविधानले लिखित किटान गरेको छ ।

**(५) सार्वभौम सर्वसम्मत सम्झौताः**

नेपाल सरकारको तर्फबाट गठन भएको सरकारी वार्ता समिति र आदिवासी जनजाति जनताको मुक्तिको लागि सङ्घर्षरत् राजनीतिक सङ्गठन संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच अन्तरिम संविधान २०६३ को भावना र मर्मअनुरुप वि. सं. २०६४ फागुन १८ गते ५ बुँदे राजनीतिक सहमति भयो । यो राजनीतिक सम्झौतामा राज्य (सरकार)ले इतिहासमा नै पहिलो पटक २३८ वर्षपछि नेपालका आदिवासी जनजाति जनताको जातीय ऐतिहासिक, राजनीतिक पृष्ठभूमिलाई सम्बोधन गरी जातीय गणराज्यहरू लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटको अस्तित्वलाई स्वीकार गरिसकेको र संविधान सभाबाट राज्य पुनर्संरचना आयोग गठन गरी उक्त ५ बुँदे सम्झौतालाई कार्यान्वयन गर्ने लिखित प्रतिवद्धताको साथ पहिलो पटक राजनीतिक सम्झौता भएको छ । यस अर्थमा ५ बुँदे सम्झौतामा हस्ताक्षर गर्ने नेपाली कांग्रेस, ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी) तीन ठूला दलहरूलाई संविधान सभामा जनताले दुई-तिहाई बहुमतभन्दा बढी मत दिएर नयाँ नेपालको नयाँ संघीय संविधान निर्माण गर्न पठाएको छ । त्यसैले, शदीयौंदेखि शोषण र उत्पीडनमा परेका नेपालका आदिवासी जनजाति जनताको जोडदार माग भनेको राज्य (सरकार)ले गरेका शान्ति र सम्झौतालाई चाडोभन्दा चाडो कार्यान्वयन गरिनुपर्दछ ।



# जातीयता र स्वायत्तताः विश्लेषणका लागि एक आधार

♦ यस घई

पहिलेकोभन्दा पनि धेरै हाम्रो समय जातीय द्वन्द्वहरूले ग्रसित छ । हालसालैका दशकहरूमा, घरेलु द्वन्द्व र युद्धहरू अन्तर्राज्यीय द्वन्द्वको रुपमा अत्यधिक बढेका छन् । धरैजसो आन्तरिक द्वन्द्वहरू राज्यको भूमिका, संरचना र नीति तथा सामाजिक न्यायसँग सम्बद्ध छन् । जातीय द्वन्द्वका प्रतिक्रियाहरू उत्पीडन र जातीय संहारदेखि सकारात्मक नीति, प्रतिनिधित्वको विशेष व्यवस्था, शक्तिको बाँडफाँट र सिमान्तकृतहरूको मुलप्रवहीकरणमार्फत् जातीय दावीहरूको व्यवस्थापनसम्म विस्तार भएका छन् । द्वन्द्व व्यवस्थापनको एक अति आवश्यक र प्रतिरोधात्मक उपाय भनेको स्वायत्तता हो ।

यसको लोकप्रियतासँगै, स्वायत्तता विरोधाभाषपूर्ण पनि छ, र धेरै द्वन्द्वहरू आफैमा स्वायत्तताको माग र प्रतिरोधका लागि भइरहेका छन् । अरु समयमा, स्वायत्तता द्वन्द्वको निकास वा द्वन्द्वको रुपान्तरणका लागि बाटोको रुपमा देखिन्छ। स्वायत्तताका लागि प्रतिवद्धता वा सम्झौतालाई युद्धरत् पक्षहरूबीच सहमति र युद्धविराम गर्न सफलतापूर्वक प्रयोग गरिएका छन् । स्वायत्तताले कहिलेकही अन्तरिम् रुपमा पूर्ण स्थान सुरक्षित गरेको हुन्छ अथवा अनिश्चित अवस्थामा जब दीर्घकालीन रुपमा समाधानका उपायहरू पत्ता लगाइन्छ र सम्झौता गरिन्छ त्यस्तो अवस्थामा पनि स्वायत्तताको अभ्यास उपयोगी हुन्छ । जनता वा राष्ट्रहरूलाई एकापसबाट पृथक गर्नका साथै एकापसमा समाहित भई सँगै रहनको लागि पनि स्वायत्तताको प्रयोग गरिएको

**हामीसँग स्वायत्ततामार्फत् स्थायित्व कायम भएका क्यानडा, भारत र स्पेनजस्ता उदाहरण छन् । हामीसँग पूर्व युगोस्लाभियाजस्तो राज्यहरूको यस्तो उदाहरण छ जुनचाहिँ स्वायत्तताको भारमा परी थेग्न नसकेर छिन्नभिन्न वा भत्ताभुङ्ग भएको छ र केही साइप्रस र श्रीलङ्काजस्ता यस्ता उदाहरण पनि छन् जहाँ अझै पनि यसको सिर्जनात्मकता वा सफलताको लागि प्रयासरत् छन् । विशेषतः बोस्निया-हर्जगोभिनाजस्ता राज्यहरू जुन युगोस्लाभियाको पतनपछि उदय भए, तिनीहरूले आफ्नै शैलीको स्वायत्तताको अभ्यास गरिरहेका छन्**

छ । हालसालैका वर्षहरूमा, यसलाई साँस्कृतिक विविधताका लागि विश्वव्यापी उपचारको रुपमा देखिएको छ र पहिचानको राजनीतिको प्रभावमा हामीमाझ भएको राज्यहरूको अत्यन्तै विषमताको महसुसले जब दाबीहरूलाई स्वशासनतर्फ बाटो दिइन्छ त्यतिखेर स्वायत्तताले एकप्रकारको एकता कायम गर्ने बाटो प्रदान गरेको देखिन्छ । तर स्वायत्तताको प्रयोग दक्षिण अफ्रिकाका बण्टुस्तानहरूलाई अलग पारिएझैं समुदायहरूलाई सिमान्तकृत पार्न पनि प्रयोग गर्न सकिन्छ; र वर्तमानमा यसले नियन्त्रण वा पृथकीकरणको सूक्ष्म स्वरुपहरूको धारण गर्नसक्छ ।

यस किताब/अध्ययनले स्वायत्तताको स्वरुपको विविधताले सहजीकरण गरे अनुसार जातीयता र क्षेत्रीयताको विभिन्न पक्षहरूको अन्वेषण गर्दछ । अध्ययनका लागि छानिएका मुलुकहरू जातीय विशेषता र द्वन्द्वहरूले परिचित छन्, तर तिनीहरूले एकैखालका समान कथाहरू भन्दैनन, विवरणहरू दिँदैनन् । कुनैसँग आधारभुत रुपमा दुई जातीय समूहहरू छन् त अरुमा व्यापक विषमताहरू छन् । कुनै अवस्थाहरूमा, विवाद वा फाटोहरूको बृद्धिले समूहहरूबीचको दुरीलाई अझ बढाइदिन्छ भने कुनैमा विवाद वा फाटोहरू छिमेकीहरूको विशेष भिन्नताहरूको अवस्थाहरूलाई कम वा मध्यस्थता गर्दै एकापसमा खप्टिन्छन् । अरु थुप्रै मुलुकहरूसँग भएजस्तै साझा रुपमा उनीहरूसँग जेजे छन् त्योचाहिँ स्थान वा भूमिकाको राजनीतिक पुनर्गठनमार्फत् एकप्रकारको स्थान वा समायोजनको खोजी हो । हामीसँग स्वायत्ततामार्फत् स्थायित्व कायम भएका क्यानडा, भारत र स्पेनजस्ता उदाहरण छन् । हामीसँग पूर्व युगोस्लाभियाजस्तो राज्यहरूको यस्तो उदाहरण छ जुनचाहिँ स्वायत्तताको भारमा परी थेग्न नसकेर छिन्नभिन्न वा भत्ताभुङ्ग भएको छ र केही साइप्रस र श्रीलङ्काजस्ता यस्ता उदाहरण पनि छन् जहाँ अझै पनि यसको सिर्जनात्मकता वा सफलताको लागि प्रयासरत् छन् । विशेषतः बोस्निया-हर्जगोभिनाजस्ता राज्यहरू जुन युगोस्लाभियाको पतनपछि उदय भए, तिनीहरूले आफ्नै शैलीको स्वायत्तताको अभ्यास गरिरहेका छन् । उतिनै बेला फेरि, कोसोभोमा स्वायत्तताको पुनर्स्थापनामार्फत्

नेटोले सर्वियामा जबर्जस्त स्वायत्तता लादेको छ । दक्षिण अफ्रिकाले जातीय स्वायत्तताको दावीहरूलाई संशोधन गरेर राष्ट्रिय नीति र कानुन निर्माणमा क्षेत्रीयतावादी व्यापक सहभागिता प्रदान गरेर जातीय स्वायत्ततालाई नै टारिदियो। सिमान्तकृत जातिहरूको लागि बजारअर्थतन्त्रमा स्थापना नगरिएको आर्थिक, न कि जातीय, विविधताहरूको मान्यताले उत्प्रेरित बृहत चीनको पुनर्एकीकरणको लागि 'उच्च तहको स्वायत्तता' चीनको रुचीकर सूत्र हो, यी केवल स्वायत्तताको नामधारी निम्न र अनिश्चित स्वरुप मात्र हुन् । सन् १९८६ मा पपुवा न्युगिनियाबाट सपफलतापूर्वका सम्झौता गरिलिएको बोगेनभिल स्वायत्तताले परम्परागत सार्वभौमिकताको आदान-प्रदानभन्दा बढी संलग्नताजस्तो एक नयाँ उचाइमा पुनर्सम्झौता गर्दैछ । अष्ट्रेलियाले त्यहाँका आदिवासी जनता (ब्दयचष्नष्लब्ौ एभयउभिक) सँगको सम्बन्धलाई पुनर्परिभाषित गर्दैछ तर त्यो क्यानडाका प्रथम राष्ट्र (First Nations)हरूको लागि भन्दा भिन्न किसिमको क्षेत्रीय व्यवस्थापनहरूले त्यस्तो महत्वपूर्ण भूमिका राख्दैनन् । तथ्य यो छ कि त्यस्ता मुलुकहरू जसले कुनै न कुनै प्रकारको स्वायत्तता पहिले नै लिइसकेका छन् वा जहाँ स्वायत्तता असफल भइसकेको छ तिनीहरू अझै पनि नयाँ स्वरुपको स्वायत्तताको लागि प्रयासरत् हुनुले जातीयताको गतिशील प्रकृति र स्वायत्तताको आग्रह दुबै देखाउँदछ ।

सामुहिक अधिकारको एक आधारभुत अङ्गको रुपमा स्वायत्तताको प्रयोगले अन्तर्राष्ट्रिय कानुनको प्रकृतिमै परिवर्तन ल्याएको छ। मानव अधिकार आन्दोलनका सङ्घर्षहरूमा प्रत्येकले अहिलेसम्म उनीहरूलाई वेवास्ता गरेको अन्तर्राष्ट्रिय कानुनमा आफ्नो स्थान सुरक्षित गरेका छन् । स्वायत्तताको आन्दोलनमा विभिन्न समूहहरूले पहिचान पनि प्राप्त गरेका छन् जसले आत्मनिर्णयको

> हामी धेरैजसो ठाउँमा स्वायत्ततामा अन्तर्निहित सामर्थ्यलाई पकड्ने यसको संरचना वा संयन्त्र बारेमा अस्पष्ट हुन्छौं । हामीले अझै पनि स्वायत्तताको मुटुमा रहने साझा र विशेष अधिकारबीचको सन्तुलन थाहा पाउनु छ । हाम्रो स्वायत्ततासँगको बढ्दो एकाग्रता वा चासोले हामीलाई यसको प्रयोगमा अवसरवादी, हाम्रो आकाङ्क्षाहरुमा बढी महत्वाकाङ्क्षी, र यसका विशेषताहरुले हामीलाई आवेगमा आउने र यसले आफ्सेआफ् प्रदान गर्ने कुरामा लचक बनाएको छ ।

लेनदेनमा नयाँ संवेग प्रदान गरेको छ । आन्तरिक घरेलु तहमा स्वायत्तताले हाम्रो राज्यका सङ्गठनको मान्यता वा सिद्धान्त, सार्वजनिक शक्तिको वैद्यता र राज्यको एकाङ्गी ध्येयमा नै रुपान्तरण गर्दैछ (परेख, १९९३; टुल्ली, १९९५; वल्कर, १९९७) । आन्तरिक र अन्तर्राष्ट्रिय दुबै विकासहरूले राज्य र शक्तिको उदार सिद्धान्तलाई चुनौती दिन्छन् । शक्तिको नयाँ व्यवस्था, पहिचानका लागि स्वच्छ दावीहरू र क्षेत्रीयताका काल्पनिक तहहरूले स्थापित सिद्धान्त र अभ्यासहरूको विरुद्धमा राज्यका अन्तरकुन्तरभित्र पहिचानका दावीहरूलाई ठाउँदिन प्रस्ताव राख्दै वा यसलाई विखण्डन गर्ने चुनौती दिदैं निरन्तर दवाब दिन्छन् । स्वायत्तता बढोत्तर रुपमा हाम्रो समयको उपमा नै भइरहेको छ ।

हालसालैका वर्षहरूमा, अन्तर्राष्ट्रिय कानुनमा भएका विशेष विकासहरूले स्वायत्तताका लागि कानुनी आधारहरू प्रदान गर्नमा सहयोग गरेका छन् । यद्यपि, यसका कानुनी आधारहरू अझै अस्पष्ट छन् (हन्नुम, १९९०; थर्नबेरी, १९९८) । अन्तर्राष्ट्रिय समुदायद्वारा कुनै द्वन्द्वमा सम्भावित हस्तक्षेप र प्रतिफलको निरीक्षण र सुनिश्चित गर्नमा ती कानुनी आधारहरू महत्वपूर्ण हुन्छन् । कुनै सम्झौताहरू र त्यससँगसम्बद्ध पक्षहरूबीच स्थान वा अधिकारको लियादिया गर्नेक्रममा, विशेषतः जतिखेर अन्तर्राष्ट्रिय वा तेस्रो पक्षको मध्यस्थता रहन्छ, त्यसबखत स्वायत्तताका खातिर कि त अन्तर्राष्ट्रिय या त राष्ट्रिय कानुनमा विशेषाधिकारको व्यवस्था वा अव्यवस्थाका साथसाथै यसको दायरामा सिमित गरिएका प्रावधानहरूले महत्वपूर्ण भूमिका खेल्नसक्दछ। स्वायत्तताको सवाल- अल्पसङ्ख्यक्को अधिकार, आदिवासीय अधिकार, र अझै विरोधाभाषपूर्ण तरिकाले आत्मनिर्णयको अधिकार गरी प्रमुख तीन सिद्धान्तहरूमा अडिग रहन्छ । पहिलो सिद्धान्तबारे, अल्पसङ्ख्यक्हरूको सवालमा अन्तर्राष्ट्रिय सन्धिमा नागरिक र राजनीतिक अधिकारको सवालमा कन्जुस प्रावधान राखेकोमा राज्यमा सामुहिक र सकारात्मक दायित्वहरूको अवधारणालाई समेट्दै मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय समितिले विस्तृत व्याख्या दिएको छ (धारा २७) । यो सिद्धान्तलाई सन् १९९२ मा अल्पसङ्ख्यक्हरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणामा ल्याइयो। आदिवासी जनजातिको सवालमा, सन् १९५९ को आवश्यकता पूरा गरिदिने तर चाहेकोजस्तो स्वतन्त्र अधिकार नदिने र आपसमा समीकरणमात्र गर्ने खालको महासन्धिलाई सन् १९८९ मा अर्को आदिवासीहरूको परम्परागत संस्कृति र भूमिअधिकारको मुल्य-मान्यतामा अझ सकारात्मक तथा समझदार नियतको सन्धिद्वारा विस्थापित गरियो । आदिवासी जनजातिको अधिकारसम्बन्धी मस्यौदा घोषणा-पत्र (१९९४) ले उनीहरूको आत्मनिर्णयको अधिकारका साथै स्वायत्तताको अधिकारको वकालत गर्दछ । ती अवधारणाहरूले क्यानडा र




**नेपालमा दावी गरिएका जातीय तथा भाषिक स्वायत्त राज्यहरू**

अष्ट्रेलियाको राज्य नीतिमा प्रभाव पारेको छ र यसले स्वायत्तता र सामुहिक अधिकारका लागि प्रथप्रदर्शनसमेत गरेको छ । आखिरीमा, आत्मनिर्णयको अधिकारलाई अल्पसङ्ख्यक्हरूको राजनीतिक र स्वाायत्तताको अधिकारलाई आन्तरिक संवैधानिक व्यवस्थापन गर्ने सवालमा विस्तृतरुपमा पुनर्विश्लेषण गरिएको छ । क्यानडाको सर्वोच्च अदालतले क्युबेक प्रान्त छुट्नसमेत पाउँछ त, भन्ने सन्दर्भमा यसलाई संघीय सरकारबाट एकतर्फी रुपमा छुट्नसमेत पाउने अधिकार भएको जवाफ दिएर, यो छुट्ने सवालमा एक नयाँ मोड दिएको छ । अदालतले त्यो क्युबेक प्रान्तको छुट्नसमेत पाउने अधिकार दिने काम न त क्यानडाको संविधान या त कुनै अन्तर्राष्ट्रिय कानूनअनुसार नै गरेको हो, एक समय क्यानडाको एक भागले बलजफ्ती घोषणा गऱ्यो कि उसले छुट्न चाहन्थ्यो र सबै पक्षहरूले यो दावीमाथि सम्झौतामा आउनै पऱ्यो (*Quebec Secession Reference (1998) 161 DLR (4th) 385*) ।

आत्मनिर्णयको अधिकारको यस्तो दृष्टिकोणले यो अवस्थामा कुनै एकभन्दा धेरै चलनलाई नदेखाइकन निश्चित राष्ट्रिय संविधानहरूमा केही सहयोग पुऱ्याउँदछ । धेरै संविधानले अहिले फिलिपिन्सले त्यहाँका आदिवासी तथा मुस्लिम अल्पसङ्ख्यक्हरूको सम्बन्धमा गरेजस्तै स्वशासनको अधिकारलाई मान्यता दिन्छन्; स्पेन, जसले तीनवटा क्षेत्रहरूमा स्वायत्तताको सुनिश्चिता गर्दछ र अरुलाई पनि स्वायत्तताको लागि केन्द्रसँग सम्झौता गर्न आह्वान गर्दछ; पपुवा न्यु गिनिया, जसले शक्तिको सार्थक बाँडफाँडका लागि विभिन्न प्रान्तहरूलाई केन्द्रसँग सम्झौता गर्न आधिकारिकता प्रदान गर्दछ; र इथियोपिया, जसले उसका 'राष्ट्रहरू, राष्ट्रियता वा जनजातिहरू र तमाम् जनताहरू'लाई राज्यको रुपमा संघभित्र फराकिलो तहको शक्ति खोज्न र उनीहरूको छुट्नसमेत पाउने अधिकारको खोजी गर्ने अधिकार प्रदान गर्दछ । सन् १९९३ को रसियन संविधानले सोभियत युनियनको विभाजनपछिको बौरिनेसमयमा यसका गणतान्त्रिक वा स्वायत्त सबै संवैधानिक भागहरूलाई बृहत्तर स्वायत्ता प्रदान गर्दछ (*Agnew 1995; Lynn and Novikov 1997; Smith 1996*) ।

चीनमा कम्युनिष्ट पार्टीको नियन्त्रणले जातीय अल्पसङ्ख्यक्हरूको स्वायत्ततालाई व्यवहारमा उपेक्षा गरेपनि त्यहाँको संविधानले जातीय अल्पसङ्ख्यक्हरूको अधिकारलाई सार्थक स्वाशासनमा स्थापित गरेको छ । अरु दृष्टान्तहरूमा, संविधानले स्वायत्त क्षेत्रहरूको संयोजनको आधिकाररिकता दिन्छ तर त्यसो गर्नै पर्छभन्ने पनि छैन, चीनसँग फेरि अर्को चाखलाग्दो उदाहरण पनि छ त्यो के हो भने हङकङ, मकाउ र ताइवानको एकीकरणका लागि 'एक देश, दुई व्यवस्था' नीतिका लागि संवैधानिक आधार दिन पनि संविधानले आधिकारिकता प्रदान गर्दछ । अर्कोतिर यो कुराको पनि ख्याल रादिनुपर्दछ कि केही संविधानहरूले राज्यचाहिँ 'एकात्मक' हुनु आवश्यक छ भन्ने वा त्यस्तै अन्य अभिव्यक्ति दिएर स्वायत्तताको दायरामै निषेध वा अवरोध गर्दछ; यस्ता प्रावधानले श्रीलङ्का, पपुवा न्यु गिनिया र चीनमामास्तै सार्थक शक्तिको प्रत्यायोजनको स्वीकृति र कार्यान्वयनलाई ढिलाइगरेको छ ।

स्वायत्तताको त्यस्तो विकसित र भरपर्दो सिद्धान्त नै त छैन; आधुनिक तर चुनौतीपूर्ण प्रमाणिकता वा समर्थनहरू पहिचानको अवधारणामा घुम्दछन् । हामी धेरैजसो ठाउँमा स्वायत्ततामा अन्तर्निहित सामर्थ्यलाई पकड्ने यसको संरचना वा संयन्त्र बारेमा अस्पष्ट हुन्छौं । हामीले अझै पनि स्वायत्तताको मुटुमा रहने साझा र विशेष अधिकारबीचको सन्तुलन थाहा पाउनु छ । हाम्रो स्वायत्ततासँगको बढ्दो एकाग्रता वा चासोले हामीलाई यसको प्रयोगमा अवसरवादी, हाम्रो आकाङ्क्षाहरूमा बढी महत्वाकाङ्क्षी, र यसका विशेषताहरूले हामीलाई आवेगमा आउने र यसले आफ्सेआफ् प्रदान गर्ने कुरामा लचक बनाएको छ । यस अध्ययन (पुस्तक)मा हाम्रो उद्देश्य विभिन्न राष्ट्रका अनुभवहरूलाई तुलना गरेर स्वायत्तताको सम्भावित सामर्थ्य र खराब पक्ष वा बेफाइदाहरूमा केही अन्तर्दृष्टि प्राप्त गर्ने प्रयत्न गर्नु हो । स्वायत्तताको विशेष सुविधा र सञ्चालनका लागि हुने सिमित सामन्यीकरण र तुलनाहरू इतिहास, शासन गर्ने परम्परा, शासित क्षेत्रको आकार, समुदायहरूको सङ्ख्या र आकार, र आन्तरिक तथा बाह्य दबाबजस्ता विभिन्न तत्वहरूमा भर पर्दछन् । तर, विभिन्न परिस्थितिहरूको विविधताले परिवर्तनशील घटकको रुपमा काम गर्दै स्वायत्तताको व्यवहारिकता र सम्भाव्यतामा पनि अन्तर्दृष्टिहरू प्रदान गर्नसक्दछन् ।

**स्रोत पुस्तकः**

**Autonomy and Ethnicity**

**Negotiating Competing Claims in Multi-ethnic States**

**Edited by Yash Ghai**

**CAMBRIDGE UNIVERSITY PRESS 2000**

**भाषानुवादः डीबी आङबुङ**

# राज्यको अग्रगामी पुनर्संरचना नारा मात्रै

♦ सूर्य माखिम

वर्तमान राज्य पुनर्संरचनाको बहस नेपाली राजनीतिक इतिहासको पाँचौ पटकको बहस हो । यो भन्दाअघि किरातकाल, लिच्छविकाल, मल्लकाल र भर्खरै समाप्त भएको शाहवंशीय संरचनाहरू इतिहास बनिसकेका छन् । उतिबेलाका पुनर्संरचनाहरू तत्कालीन शासकहरूले राज्य जितेपछि उनीहरूको मनमा जे (दरवारीय दृष्टि) उचित लाग्यो त्यही गरे र भएको इतिहास छ । अहिलेको पुनर्संरचना २१औं शताब्दीको बहुल राष्ट्रवादी मानवीय चेतनाले निर्माण गर्नुपर्दछ । यसै सन्दर्भम यो लेखको विषयवस्तु संविधानसभामा प्रस्तुत १४ प्रद्रेशको प्रारम्भिक मस्यौदाको सकरात्मक/नकरात्मक पक्ष, संघीयता किन, केका लागि, कसका लागि र विश्वमा कसरी बहुलवादी समाज व्यवस्थापनका लागि संघीयता अनुशरण गरे भन्नेबारे केन्द्रित् रहनेछ । किनभने, राज्य पुनर्संरचनापछिको नेपालको राजनीतिकप्रणाली विश्व राजनीतिमा अनुशरण गर्ने खालको बन्न सक्नुपर्दछ ।

**संविधानसभाको दैनिकी**

संविधानसभाले नयाँ संविधान लेख्नका लागि आवश्यक सबै राजनीतिक कच्चा पदार्थ जुटाइसकेको छ, जुट्न बाँकी सहमतिमात्र हो । संविधानसभा नियमावलीअनुसार सहमति जुटाए नयाँ संविधान जारी गर्न त्यति गाह्रो छैन । तर, दुर्भाग्यवस संविधानसभाको काम अङ्ग्रेजी उखानको नेपालीमा भावानुवाद 'सैतान र पताल'बीचको चेपुवामा परिएको छ । दुई भूमिका पाएको ६०१ को संविधानसभाले प्रथम र मुल भूमिका संविधान निर्माणको काम हो जुन काम बिर्संदैगएको आभाष जनमानसमा उठ्न थालिसकेको छ । दोस्रो, व्यवस्थापिका संसदको भूमिका जसले सिद्धान्ततः दुईकाम गर्नुपर्दछ- विधिको निर्माण गर्नु र त्यसको पालना र परिपूर्तिका लागि सरकार बनाउनु । अहिले, मुलुकमा विधिको शासन त भङ्ग छ । रहयो, सरकार बनाउने र भत्काउने । अहिले, व्यवस्थापिका संसदभित्र खास गरेर ठूला दलहरू सरकार भत्काउनमा त माहिर नै देखियो तर बनाउनमा चाहिँ आधा दर्जनभन्दा बढीपटक असफल भइरहेका छन् र यो क्रम् टुङ्गिहाल्ने छाँट तत्काल देखिदैंन । ६०१ सभासदहरूको दिनचर्या चरणबद्ध असफल र निस्कर्षहीन प्रधानमन्त्री चयनको दैनिकीमा छन् । सभासद्हरूको तनमन घुस खाने र ख्वाउनेदेखि किनिने र बेचिनेसम्म केन्द्रित हुनथालेको छ। मुलुकमा रहेको सबैखाले समस्याहरूको राजनीतिक र संवैधानिक समाधान गर्न चुनिएको संविधानसभा नै अबको आठ महिनाभित्र संविधान जारिगर्न सकेन भने ऊ आफै असंवैधानिक हुने पक्का छ। ०६७ भदौ १७ गते लेखकसँगको भेटमा संविधानसभाका अध्यक्ष सुवास नेम्बाङले संविधान बन्नेतर्फ मुलुक अभि नबढिरहेकोमा गहिरो शङ्का व्यक्त गरे । ६८ जेठ १४ मा संविधान जारी भएन भने ६७ जेठ १४ मा जस्तो सजिलै जनताले संविधानसभाको म्याद थप्न दिने छैन । र, त्यहीबाट नेपालको राजनीतिले छुट्टै कोर्ष लिनसक्छ । संविधानसभा निर्वाचन भएदेखिनै नेपालमा अग्रगामी रुपान्तरण नचाहने शक्तिहरूले संविधानसभालाई असफल बनाउन लागिरहेकै थिए । यसको नेतृत्व खास गरेर युरोप र अमेरिकामा प्राध्यापन पेशा, उच्च प्रशासनिक जिम्मा पाएकाहरू रहेकाछन् । उनीहरूको ग्राण्डडिजाइनमा लगभग संविधानसभा फसिसकेको छ । अब यहाँ चासो लिनुपर्ने सवाल केमात्र हो भने साँच्चै संविधानसभाले संविधान जारी



**राज्य पुनर्संरचनामा पहिचानको मुद्दा दोस्रो विश्वयुद्धदेखि नै विश्वसमाज विचारको राजनीतिदेखि पहिचानको राजनीतिउन्मुख हुँदै आउँदैछ । यो यथार्थलाई रुपान्तरणको दोसाधमा रहेको नेपालको राजनीतिले बुझ्न सकेन भने मुलुक सङ्क्रमणबाट निस्कन सक्नेछैन । अबको राजनीतिमा तीनवटा अवस्थाहरू जबर्जस्त अगाडि आउँनेछन् । पहिलो, अब अस्तित्वमा रहेका प्रत्येक राष्ट्रहरूले विश्वग्राम समाजउन्मुख बन्न र बस्न अघि बढ्नेछन् । दोस्रो, विश्वग्राम समाजमा रुपान्तरण हुन विश्वसमाज आ-आफ्ना देशको घेरालाई खुकुलो बनाउँदै जान बाध्य हुनेछन् र तेस्रो, मान्छेले व्यक्तिगत वा समुदायगत रुपमा सुरक्षा, अधिकार र पहिचानको निरन्तरताको लागि आ-आफ्नो पहिचानहरूलाई ऐतिहासिकताको आधारमा स्थानीयकरण अथवा क्षेत्रीयकरण गर्दै जानेछन् जसले अबको विश्व राजनीतिको संरचनाको तस्वीर अर्कै बन्नेछ ।**

नगरी भङ्गको स्थितिमा पुग्योभने त्यसपछि मुलुक तानशाही वा यथास्थितिवादीहरूको हातमा जाने वा राष्ट्रिय मुक्ति चाहनेहरूको नेतृत्वमा जाने हो ? यसबारे गम्भीर रुपमा विश्लेषण गरेर तयारी हुन आवश्यक छ ।

**वर्तमान नेपाल नक्शा कस्तो छ र नयाँ नेपालको नक्शा कस्तो बनाउने ?**

शाहवंशीय नेपालको संरचनाको चित्र कस्तो छ ? यसबारेमा नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना पुस्तकमा राजेन्द्र क्षेष्ठ लेख्छन्- 'वर्तमान नेपाल राज्यको निर्माण पृथ्वीनरायण शाहले आफ्नो दिव्य उपदेशमा भनेजस्तै हिमावत्खण्डमा 'असिल् हिन्दुस्थाना' बनाउने उदेश्यबाट सुरुगरिएको थियो । प्रजातान्त्रिक अधिकारहरू बहाली भएपश्चात् सत्तारुढभएका राजनीतिक शक्तिहरू पनि त्यस्ता मनोविज्ञान भएका व्यक्तिहरूको घेराबाट मुक्तहुन सकेनन् । त्यसैले, एक जाति, एक भाषा, एक धर्म र एक संस्कृति निर्माण गरी मुलुकलाई राष्ट्रिय राज्य (National State) बनाउने मध्ययुगीन संस्कृतिको झझल्को नेपालको राज्य संरचनामा पाइन्छ । यही कारणले गर्दा, देशको राज्यको चरित्र गैरसमावेशी रहन गएको हो। जसरी मुलुकको जनसङ्ख्याको लगभग ७० प्रतिशतमा रहेका आदिवासी जनजाति, दलित र मधेसीहरू राष्ट्रिय मुलप्रवाहमा सामेल हुन सकेनन् त्यसरी नै पितृसत्तात्मक व्यवस्थाका कारण आधा जनसङ्ख्याको हिस्सेदार महिलाहरू पनि पछाडि पर्न गएका छन् ।' यो भनाइले वर्तमान एकात्मक नेपालको चित्रण गर्दछ ।

अबको पुनर्संरचित नेपालको संरचना कस्तो हुनुपर्दछ भन्ने बारेमा डा. पिताम्बर शर्माले नागरिक अङ्क २६९ को नयाँ नेपालको बहस शीर्षकमा यसरी लेखेका छन्- 'विभिन्न जातजातिको स्वामित्व र पहिचान स्थापित् गरी नेपालको नक्शामा सबै जाति समुदायको अनुहार झल्कियोस भन्न संघीयतामा जानुपर्छ भन्ने आवाज उठेको हो। साथै, समावेशीकरण र शक्ति विकेन्द्रीकरण तथा निक्षेपणका लागि संघीयतामा जानुपर्ने आवश्यकता हो । देशका सबै भेगका सबै वर्ग र जातिलाई विकासको प्रतिफल पाउने स्थिति बन्नुपर्दछ । काठमाडौंमात्र शक्ति केन्द्रित भयो । राज्यशक्ति बिकेन्द्रितमात्र होइन जहाँबाट राज्य शक्तिको उद्‍भव हुने हो, नेपाली जनताको त्यो तहसम्म शक्ति निक्षेपण हुनुपर्दछ ।' यो भनाइले अब बन्ने नयाँ नेपालको चित्रको सङ्केत गर्दछ ।

माथिका दुई दृष्टिकोणबाट के निष्कर्ष सजिलै निष्कन्छ भने नेपालमा संघीयताको आवश्यकता सबै जाति, वर्ग, क्षेत्र र लिङ्गका पहिचान, पहुँच, प्रतिनिधित्व, अधिकार र विकासमा समान अवसर पुगोस् भन्नका लागि हो । समानता, सह-अस्तित्व र न्यायका लागि राज्यको पुनर्संरचना हुनसक्यो भने समुन्नत नेपाल र नेपाली समाज रुपान्तरणको अध्याय प्रारम्भ हुसक्दछ। यतिबेला, पुरानै नेपालको संरचनामा रमाउने र नयाँ नेपालको लागि रुपान्तरण चाहनेहरूबीचको जबर्जस्त द्वन्द्व गरिरहेको अवस्था विद्यमान छ । अबको यो वर्षभरि हामी नेपाली जनताहरू कस्तो राज्यको परिकल्पना गर्दैछौं सचेतताकासाथ पहलकदमी लिनैपर्ने जिम्मेवारी आएकोछ ।

**१४ प्रदेशको नक्शा कुन मनोविज्ञानबाट आयो ?**

अहिले, बहसको केन्द्रमा रहेको नेपालको राज्यपुनर्संरचनाको बहस वा कार्यान्वयनमा दुईवटा मनोविज्ञानले प्रभाव पारिरहेको छ । पहिलो, माथि उल्लेख गरिएजस्तै पृथ्वीनारयण शाहले निर्माण गरेको 'असिल् हिन्दुस्थाना'कै निरन्तरताको मनोविज्ञान यो कुल रुपमा बाहुनवादी मनोविज्ञान भन्दा हुन्छ र दोस्रो डा. पिताम्बर शर्माले लेखेको मनोविज्ञान अथवा आजका दिसम्म राज्यसंरचनाबाट बाहिर र उत्पीडनमा पारिएका आदिवासी, जनजाति, दलित, तराइवासी र महिलाहरूका समानान्ता र मुक्तिको मनोविज्ञान हो । यो दुबै मनोविज्ञानको समानान्तर शक्तिका कारण मुलुक न अघि न पछिको अवस्थामा रहेको छ । यो बेला प्रगतिशील मनोविज्ञान जबर्जस्त अघि बढ्नुपर्दछ ।

उल्लेखित दुई मनोविज्ञानको द्वन्द्वात्मक उत्पादन हो- संविधानसभामा प्रस्तावित पुनर्संरचित १४ प्रदेशको मस्यौदा खाका । १४ प्रदेशको मस्यौदा खाका सार्वजनिक भएपछि त्यसका बारेमा थुप्रै टिप्पणीहरू भए । तथापि, यस खाकालाई लिएर यी दुबै मनोविज्ञान भएका समुदायले न त सशक्त विरोध गरे या त पूरै समर्थनन । सामान्य टिप्पणीबाहेक समर्थन वा विरोध नहुनुको पछि १४ प्रदेशको खाका फेरेजस्तो र नफेरेजस्तो नयाँ र पुरानोबीचको पारियो जसले आसा र त्रास दुबैको गर्भधान गरेको छ। पुरानै संरचनाको निरन्तरता चाहनेहरूले चाहेको भन्दा बढी र आमूल परिवर्तन चाहनेहरूले आसा गरेको भन्दा कम आकारको यो खाकामा गहिरो गरी समर्थन वा विरोध गर्दा दिएको भन्दा बढी रुपान्तरण हुने वा थोरै आएको पनि जान्छ कि भन्ने त्रसित् मनोविज्ञानले काम गरेको हुनसक्छ । तर, यहाँनिर ध्यान दिनुपर्ने विषय के हो भने संविधानसभाबाट बनाइने पुनर्संरचित नयाँ नेपालको आयु कति दीर्घ हुनसक्छ भन्ने हो । यसले किन पनि महत्व राख्दछ भने अबको नयाँ नेपालको संरचनाले पहिचान पहुँच प्रतिनिधित्व अधिकार र विकासको आकाङ्क्षालाई सम्बोधन गर्न सकेन भने राज्यसंरचनाको आयु छिट्टै कुनै न कुनै विद्रोहले भत्काइदिनेछ । राज्यसंरचना दिगो नहुनु भनेको विश्वसमाजको प्रतिस्पर्धामा नेपाललाई दौडाउन नसक्नु हो, जसले अबका सदीहरूमा पनि नेपाल विश्वको निम्छरो राज्य भनेर चिनिनेछ ।

**राज्य पुनर्संरचना र विगतका नेपालका तस्वीरको समीक्षा**

राज्य पुनर्संरचनाको बहसको कार्यान्वयन गरिरहँदा नेपालको विगतको इतिहासलाई समीक्षा गर्दा राम्रै हुन्छ । इतिहासविद् प्रा.डा. जगदीशचन्द्र रेग्मीले नेपाली किरात जातिको गौरवपूर्ण इतिहास कार्यपत्र (२८,२९ कात्तिक २०६६) मा नेपालको प्राचीन कालमा ३२ पुस्ता किरात राजाहरूले १९०३ वर्ष ८ महिना रहेको लेखेका छन् । त्यस्तै डा. राजाराम सुवेदीले नेपालको तथ्यगत इतिहास पुस्तकमा लिच्छिवीहरूको कुल राजभोग वर्ष १२८० उल्लेख गरेका छन् । किरातकाल र लिच्छिवीकालको शासनलाई

नेपालको प्राचीनकालको इतिहास मानिन्छ। मल्लकाल नेपाली राजनीतिको इतिहास १२ औं शताब्दीदेखि सन् १७६९ सम्म ५६९ वर्ष शासन संरचना टिकेको थियो। त्यस्तै, पृथ्वीनाराण शाह वि.स. १७९९चैत्र २५ गते राजा भएदेखि उनले बनाएको राज्यसंरचना उसका पुस्ता ज्ञानेन्द्र शाह २०६४ भदौ १४ गतेसम्म आउँदा २६५ वर्ष टिक्न सक्यो।

नेपालको वर्तमान राज्यपुनर्संरचना पाँचौपटक हुँदैछ। योभन्दा अगाडि माथि उल्लेख गरिएको किरातकालीन, लिच्छविकालीन, मल्लकालीन र शाहवंशकाल गरी मुलतः चारपटक राज्यपुनर्संरचना भइसकेको छ। उतिबेलाको विश्वसमाज नै सामन्ती व्यवस्थामा आधारित भएकोले तत्कालीन समाज व्यवस्थाको राजनीतिक थिति (सकरात्मक वा नकरात्मक) जेजस्तो तथ्यहरू भएतापनि उनीहरूले परिकल्पना गरेको राज्य संरचनाले दीर्घ आयु पाएको देखिन्छ। यो सन्दर्भ यहाँ किन राखिएको हो भने अहिलेको सिद्धान्ततः २१औं सदीको विश्वसमाजको चेतनाको ज्ञान राख्ने नेपालका राजनीतिज्ञहरूले बनाउने राज्य संरचना कति दीर्घ हुनसक्दछ भन्ने हो। सबैले भन्ने गरेको नयाँ नेपालको तस्वीर समाबेशी, लोकतान्त्रिक, संघीयता र स्वायत्तता, आत्मनिर्णयको अधिकार र धर्मनिरपेक्षताको सिद्धान्त र कार्यक्रममा आधारित बन्न सकेन भने अबको नेपालको संरचनाको आयु अस्थिर र कमजोर हुनेछ जुन नेपाल, नेपाली समाज र छिमेकी देशहरूको पनि हितमा हुनेछैन।

**राज्य पुनर्संरचनामा पहिचानको मुद्दा**

दोस्रो विश्वयुद्धदेखि नै विश्वसमाज विचारको राजनीतिदेखि पहिचानको राजनीतिउन्मुख हुँदै आउँदैछ। यो यथार्थलाई रुपान्तरणको दोसाँधमा रहेको नेपालको राजनीतिले बुझ्न सकेन भने मुलुक सङ्क्रमणबाट निस्कन सक्नेछैन। अबको राजनीतिमा तीनवटा अवस्थाहरू जर्बजस्त अगाडि आउँनेछन्। पहिलो, अब अस्तित्वमा रहेका प्रत्येक राष्ट्रहरूले विश्वग्राम समाजउन्मुख बन्न र बस्न अघि बढ्नेछन्। दोस्रो, विश्वग्राम समाजमा रुपान्तरण हुन विश्वसमाज आ-आफ्ना देशको घेरालाई खुकुलो बनाउँदै जान बाध्य हुनेछन् र तेस्रो, मान्छेले व्यक्तिगत वा समुदायगत रुपमा सुरक्षा, अधिकार र पहिचानको निरन्तरताको लागि आ-आफ्नो पहिचानहरूलाई ऐतिहासिकताको आधारमा स्थानीयकरण अथवा क्षेत्रीयकरण गर्दै जानेछन् जसले अबको विश्व राजनीतिको संरचनाको तस्वीर अर्कै बन्नेछ।

यस सन्दर्भमा राजनीतिशास्त्री डा. मेहन्द्र लावतीद्वारा संघीय मासिक वर्ष १, अङक ३ मा अभिव्यक्त 'अबको राजनीति पहिचानको' कुरा विचारणीय एमव् मनन्योग्य छ।

यो सन्दर्भ यहाँ किन उल्लेख गरिएको हो भने नेपाल देशको पुनर्संरचना गरिरहँदा नेपालको इतिहास, वर्तमान वा भविष्यको मात्र अनुमान गरेर राज्यको पुनर्संरचना भयो भने नेपाली समाजले वा यो राष्ट्रले २१, २२ वा २३औं सदीको विश्वराजनीतिको गतिमा आफूलाई प्रतिस्पर्धी बनाउन सक्दैन। यो पुस्ताका राजनीतिज्ञहरूले यो कुरा ख्याल नगर्ने हो भने आगामी ती सताब्दीहरूमा पनि नेपाल देश अनुदानको भरमा अनुमानमा चल्ने देशमात्र बन्नेछ।

**१४ प्रदेश राज्यको नामाङक्नमा द्वैध मनोविज्ञान**

संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले १४ प्रदेश खाकाको आधार प्रथम पहिचान (जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवम् ऐतिहासिक निरन्तरता) र दोस्रोमा सामर्थ्य (आर्थिक अन्तरसम्बन्ध, सामर्थ्यता, भौतिक पूर्वाधारको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमता) लाई लिएको छ। यी दुई आधारमा पहिचानको आधारलाई प्राथमिक र मुख्य आधार मानिनेछ भनेर राज्य प्रस्ताव गर्नको कारण व्याख्यात्मक भागमा उल्लेख गरिएको छ। तर, १४ प्रदेशभित्र कसरी र केका आधारमा सुनकोशी, नारायणी, खप्तड र कर्णाली प्रदेश आयो प्रारम्भिक मस्यौदा जवाफदेही छैन। सुनकोशी, नारायणी, खप्तड र कर्णाली प्रदेश संविधानसभाले नै प्रदेश बन्ने आधारको चारकिल्ला 'पहिचान र सामर्थ्यता' लाई नस्वीकार्ने तथा नेपाली समाज रुपान्तरणको आन्दोलको माग र अनुमोदन, बौद्धिक बहस वा प्रस्तावनामा नपरेकोले यी चारवटा प्रदेश बन्न अयोग्य छन्। प्रारम्भिक मस्यौदामा परेका यी चारवटा प्रदेशलाई संविधानसभाको पूर्ण बैठकले खारेज गरी संविधानसभाले नै निर्धारण गरेको पहिचान र सामर्थ्यको आधारमा बन्न जाने प्रदेशहरूको मात्र निर्धारण हुनुपर्दछ।

त्यसैगरी, प्रस्तावित किरात प्रदेश जातीय पहिचान वा सामर्थ्य दुबै होइन। पहिचानको आधार स्वीकार्ने हो भने प्रस्तावित त्यस प्रदेश खम्बुवान बन्नुपर्दछ। त्यस्तै पुनर्संरचना समितिले 'ताम्सालिङ' भनेर प्रस्ताव गरेको छ। तर, त्यस क्षेत्रकको ऐतिहासिक पहिचान र पृष्ठभूमि 'तामाङसालीङ' हो। यसर्थ, त्यस प्रदेशको नामाङ्कन तामाङसालीङ राज्य हुनुपर्दछ। ताम्सालिङ पहिचान र सामर्थ्य दुबै होइन। नेपालको तराई भूभागलाई लुम्बिनी-अवध-थारुवान र मिथिला-भोजपुरा-कोच-मधेस भनेर खिचडी पाराको नाम प्रस्ताव गरिएको छ। यी राज्यहरूको पहिचान र सामर्थ्यताको हिसाबले थारुवान वा थरुहट, मिथिला र भोजपुरा राज्य भनेर नामाङ्कन गर्नुपर्दछ। यी नामाङ्कन सच्याउनुपर्नेबाहेक बाँकी १० वटा प्रदेशको जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा वैज्ञानिक पुनः सिमाङ्कन गरेपुग्छ।

**प्रस्ताववित १४ प्रदेशको हचुवा सिमाङ्कन**

राज्य पुनर्संरचना समितिले प्रस्ताव गरेको प्रदेशको सिमाङ्कन अत्यन्तै हचुवा पाराले आएको छ। नेपालका बौद्धिक भनिनेहरू यही अल्छे काइदाले आलोचित हुनेमात्र होइन, उनीहरूको योजना गाउँहरूमा असफल पनि हुँदैआएका छन्। १४ प्रदेशको खाका आइसकेपछि पुनर्संरचना समितिका सभासदहरूसँग सिमानाको बारेमा जिज्ञासा राख्दा जवाफमा नेपालको वर्तमान एकात्मक संरचनाको नक्शा राखेर सिमाङ्कन गरेको बताउँछन्। समितिले विभिन्न

आन्दोलनले माग गरेका र ऐतिहासिकताको आधारमा राज्यको सिमाङ्कन गर्न सकेन । प्रस्तावित १४ प्रदेशको सिमाङ्कन संविधानसभाका सभासद वा सीमाविद् कोहीले पनि सम्बन्धित् क्षेत्रमा गएर अध्ययन नगरी कल्पनाको आधारमा सीमा कोरे । समितिको यही गल्तीले राज्यहरूको अबको पुनर्सिमाङ्कनले ठाडो र तेर्सो सबै झगडालाई निम्त्याउन सक्छ, जसले संघीय संरचना बन्नै नसक्ने झगडाको. बीउ रोप्नसक्दछ । त्यस्तै, समितिले प्रदेशहरूको राजधानीहरू पनि तोकिदिएको छ । राजधानी तोक्ने आधारमा, वर्तमान एकात्मक राज्यसंरचनाको मनोविज्ञानभन्दा बाहिर समिति जान सकेन ।

### प्रस्तावनामै पुनः विभेदको सङ्केत

असमानताबीचमा हुने बराबरीको फैसला पनि विभेद वा अन्याय नै हो । राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले तयार पारेको मस्यौदा प्रस्तावना २५० वर्ष यहाँका बहुसङ्ख्यक जातीय समुदायले पाएको विभेदको स्वीकारोक्ति छैन। केवल अबको समाज समान रहने अमुर्त र अपूरो परिकल्पना गरेको छ । २५० पर्ष राज्यकको सुविधा पाएका र नपाएकाहरूबीच यत्तिकै छोडिदिने हो भने अब आउने पुस्तान्तरणको समाज पनि ठूलै असमानता र विभेदको खाडलमा भासिनेछ । यसर्थ, पुरर्संरचनाको मस्यौदा प्रस्तावनामा ऐतिहासिक विभेदको स्वीकारोक्ति, त्यसको क्षतिपूर्ति गरी भविष्यको समातामुलक समाजको वयाख्या जरुरी छ ।

### महिला मुक्तिका लागि कन्जुस्याइं

मस्यौदाको आयोगसम्बन्धी व्यवस्थामा संघीय महिला आयोग, संघीय दलित आयोग, संघीय मधेसी आयोग गठन गर्ने र आवश्यकताअनुसार प्रदेशहरूमा पनि गठन गर्ने भनिएको छ। तर, आदिवासी, जनजाति अधिकार आयोगको व्यवस्था छुट्।इयको छ। जुन आयोग हुन अनिवार्य छ । मस्यौदामा महिला अधिकारको विषयमा अमुर्त व्यवस्था गरिएको छ। महिलाको बारेमा राज्यको हरेक संरचनामा ५० प्रतिशत तथा ५० प्रतिशत महिलाहरूले जातीय अवस्थाअनुसार समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ।

### आत्मनिर्णय र अग्राधिकारबारे अलमलको व्याख्या

आत्मनिर्णयको अधिकार र राजनीतिक अग्राधिकारको सम्बन्धी व्यवस्था पनि घुमाउरो पारामा झुक्याउने तरिकाले प्रस्ताव गरिएकोछ। आत्मनिर्णयको अधिकार नेपालको राजनीतिक विशिष्टताको सन्दर्भमा संघीय संविधानमा लेखिँदा संघ (केन्द्र) र राज्यबीच शक्ति सन्तुलनको लागि विधिवत अवलम्बन गर्नु उपयुक्त हुन्छ । तर, पुनर्संरचना समितिले आत्मनिर्णयको अधिकारलाई राष्ट्रिय अखण्डताबहेक जातिगत आत्मनिर्णयको अधिकारमा सङ्कुचन गरिदिएको छ । यो अधिकार अन्तर्राष्ट्रिय कानुन (आई.एल.ओ., यूएनड्रीपलगायत) ले स्वतः आदिवासी जनजातिहरूले पाँउदछन् । अग्राधिकार सम्बन्धी व्यवस्थामा मुल संरचनाअन्तर्गत् जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरू (जस्तै लिम्बुवानमा लिम्बूहरू, तामाङसालीङमा तमाङहरू, खम्बुवानमा खम्बूहरू) दुई कार्यकालका लागि सम्बन्धित् बाहुल्यता रहेको जातिलाई प्रथमिकता दिने व्यवस्थाको परिकल्पना गरेको छ। यो गलत किन छ भने पहिलो, २५० वर्षको उत्पीडनको राजनीतिक क्षतिपूर्ति दुई कार्यकालमा हुनसक्दैन । दोस्रो, अग्राधिकार पदमा नभएर विधिमा अग्राधिकारको व्यवस्था गरिनुपर्दछ।



यसरी, विधीय अग्राधिकारको व्यवस्था भएन भने पञ्चायतकालमा सामन्तहरूले खाइपाइआएको तरिकाको अग्राधिकार मात्र हुनेछ ।

**राज्यपुनर्संरचना आयोग झेलगर्ने आयोगका रुपमा**

राज्यपुनर्संरचनाको कामलाई सम्पन्न गर्न नेपालको अन्तरिम् संविधान २०६३ को धारा १३८ को उपधारा २ मा नेपाल सरकारले एक उच्चस्तरीय राज्यपुनर्संरचना आयोग गठन गर्ने प्रावधान छ । दुई वर्षसम्म गठन नगरिएको राज्यपुनर्संरचना आयोग संविधानसभामा विषयगत समितिले १४ प्रदेशको खाका ल्याएपछि एमाले र काङ्ग्रेस पुनर्संरचना आयोग गठन गर्न मरिहत्ते गरिरहेका छन् । यस बारेमा डा. महेन्द्र लावती टिप्पणी गर्छन्-' तार्किक रुपमा के शङ्का गर्न सकिन्छ भने यो राज्यको पुनर्संरचना आयोगको चर्चा त्यो राज्यको १४ वटा खाका संविधानसभाको उपसमितिले ल्याएपछि बढीमात्रामा आयो र आयोग गठन गर्ने सवाल अहिले छलफलमा आएको छ । दुई वर्षसम्म केही नहुनु, यो सुरुमै गठन भएर संविधानसभा र उपसमितिले सुझाव दिनुपर्दथ्यो । त्यसका लागि अन्तरिम् संविधानमा प्रावधान राखेर त्यो आयोगको अपेक्षा गरिएको थियो । तर, जब संविधानसभा र त्यसको उपसमितिले आफ्नो काम सकेर गठन गर्ने भनेपछि त्यसको ध्येयमाथि शङ्का गर्ने प्रसस्त ठाँउ देखिन्छ । त्यो केहो भने अहिलेका नेताहरू जो प्रायः पुरुष बाहुन वा क्षेत्रीहरू छन् । उनीहरू अहिले सविधानसभामा बुझाइएको राज्य पुनर्संरचनाको खाकाप्रति सन्तुष्ट छैनन् । त्यो संविधानसभामा उपसमितिले बुझाएको प्रस्तावमा उनीहरू आफूले भनेको जस्तो खाका ल्याउन सकेनन् । अब त्यो आफूले भनेको जस्तो खाका ल्याउनको लागि कसरी के गर्ने त भन्दा, त्यो षड्यन्त्र रचिएको हो । वैधानिक र क्रियागत रुपमा जुन किसिमको राज्यको प्रस्तावित खाका आयो त्यो खाकामा चित्त नबुझेर त्यसलाई फालेर अहिले ठूला पार्टीको नेतृत्वलाई उनीहरूले चाहेको वा आसा गरे अनुसारको अर्को खाका ल्याउने प्रयास हो ।' त्यस्तै, राज्य पुनर्संरचना आयोगको गठन गर्ने विषयमा संघीय मासिक अङ्क १ मा सूर्य माखिम टिप्पणी गर्छन्- 'संविधानसभाको बैसछँदै जातीय मुक्ति आन्दोलनकै मैदानबाट दर्जनौपटक राज्य पुनर्संरचना आयोग गठन गरियोस् भनी संविधानसभा र सरकारलाई ज्ञापनपत्र दिइएको थियो । उतिबेलै यो आयोग गठन गरिएको भए त्यस आयोगले संविधानसभालाई राम्रै सुझाव दिन सक्दथ्यो । तर, संविधानसभाको आयु सकिनेबेलामा एमाले र कङ्ग्रेसलाई किन राज्य पुनर्संरचना आयोग चाहियो, नियत हरामी पाराको छ । यो प्रस्ताव अन्ततः संविधानसभामा प्रस्तुत १४ प्रदेशको खाकालाई पनि तुहाउने षड्यन्त्र मात्र हो ।'

**अन्त्यमा,**

नेपालमामात्र नभएर अहिले विश्वका झण्डै ९५ प्रतिशत मानिसहरू बहुजातीय जनसङ्ख्या भएका राज्यहरूमा बसोवास गर्छन् । अहिलेको विश्वकै सबैभन्दा महत्वपूर्ण चुनौती बहुजातीय, बहुसाँस्कृतिक, तथा बहुधार्मिक समाज भएका राज्यहरूको लागि उपयुक्त राज्यव्यवस्था विकास गर्नुरहेको छ । नेपालमा राज्यको पुनर्संरचनाको काम चलिरहँदा नेपाली समाजमा रहेका विभिन्न पहिचान भएका समुदायहरूलाई समेट्न सक्ने, द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापनलाई प्रवर्द्धन गर्नसक्ने तथा स्थायीत्व र समृद्धि हासिल गर्नसक्ने खालको राज्यको खाका जरुरी छ । यस आधारमा राज्यको खाका बन्नसक्यो भने राज्यमा रहेका निरन्तर द्वन्द्व र सङ्घर्ष अथवा गृहयुद्ध, विभाजन तथा राज्य विखण्डनका लागि वैधानिक विकल्प बन्न सक्नुपर्दछ । बहुसङ्ख्यक् तथा अल्पसङ्ख्यक दुबैको अभिरुचिलाई ख्यालराखी सन्तुलन कायम गर्नसक्ने राज्यको खाका वर्तमानको आवश्यकता हो । यसले राज्यको एकता र अस्तित्वलाई जोगाउँदै नयाँ नेपालको निर्माणउन्मुख यात्रा तय गर्नसक्दछौं । यस सन्दर्भमा डा. निकोल टपरविनले संघीयता एक परिचय प्रमुख प्रश्नहरू शीर्षकको लेखमा लेख्छन्- 'इतिहासका अन्य कालभन्दा द्रुत गतिले आज नयाँ राज्यहरूको सिर्जना भइरहेका छन् । दोस्रो विश्वयुद्धदेखि अहिलेसम्म करिब १०६ वटा नयाँ मुलुकहरू बनिसकेका छन् । यीमध्ये धेरैजसो राष्ट्रहरू द्वन्द्व तथा युद्धमार्फत् उदाएका हुन् । विश्व समाजले अहिलेपनि धेरै द्वन्द्वको सामना गरिरहेको छ । तिनमा पनि विशेषतः मुलुकभित्रका आन्तरिक द्वन्द्वहरू छन् । यस्ता द्वन्द्वले विद्यमान राज्यको पतन तथा नयाँ राज्यहरूको सिर्जना गर्नसक्ने क्षमता राख्दछन् । सन् १८८९ देखि सन् २००० सम्म विभिन्न ७४ क्षेत्रमा १११ ओटा सशस्त्र द्वन्द्वहरू भए । तीमध्ये सातओटा मात्र फरक राज्यहरूबीच भएका थिए भने बाँकी सबै कुनै निश्चित राज्यभित्रै लडिएका थिए । यिनमा पनि ५३.४ प्रतिशत राज्यभित्रका भूभाग कसले नियन्त्रण गर्ने भन्ने सवालमा केन्द्रित थिए ।'

१४ प्रदेशको खाका मुलतः जातीय पहिचानका आधारमा तय गरिएको छ । यसमा जातीय संघीयता विरोधीहरूले संसारमै नभएको प्रस्ताव भनेर भ्रम छरिरहेका छन् । तर, नेपालकै छिमेकी देश भारतदेखि बेल्जियम र स्वीट्जरल्याण्ड जसले साँस्कृतिक, धार्मिक, भाषिक र जातीय विविधतालाई समेट्न त्यसैको आधारमा संघीयराज्य निर्माण गरेकाछन् । नेपाल एकात्मक राज्यदेखि संघीय राज्यमा रुपान्तरण भइरहँदा बुझ्नुपर्ने महत्वपूर्ण सवाल के हो भने संघीयता बहुसङ्ख्यक् साथै सबै पहिचान बोकेका समुदायको स्वीकारोक्ति पाएपछिमात्रै सफल बन्नसक्छ भन्ने विश्व इतिहासले देखाइसकेको छ । त्यसैले, यहाँका बहुलराष्ट्रिय पहिचानहरूलाई नसमेटी पुनः एकल राष्ट्रिय पहिचानका आधारमा मुलुकको नक्शा फेरिन खोजिँदैछ, यसले डा. निकोल टपरविनले भनेजस्तै अन्तहीन द्वन्द्वमा जबर्जस्त मुलुक धकेलिनेछ । र, राज्यको अग्रगामी पुनर्संरचना केवल नारा मात्रै हुनेछ ।

E-mail: makhims@gmail.com

# हामी गोर्खाली कि नेपाली ?



**नेपालको राजनीतिक इतिहासमा पृथ्वीनारायण शाहदेखि ज्ञानेन्द्र शाहसम्मको शाहवंशीय इतिहास, जङ्गबहादुर राणादेखि मोहन शससेरसम्मको जहानीयाँ राणाशासनको इतिहास, रङ्गनाथ पौड्यालदेखि गिरिजाप्रसाद कोइरालासम्मको एकात्मक शासनको इतिहास; अमरसिंह थापा, भिमसेन थापा, कालु पाँडेदेखि लिएर सूर्यबहादुर थापासम्मको राजनीतिक इतिहासले यी गोर्खा भन्ने नेपाली आदिवासी जनजातिहरूको संलग्नता र भूमिका नभएको स्पष्ट देखाउँदछ ।**

♦ **डीके बुद्धिष्ट तामाङ**

नेपालको इतिहासमा २००७ सालदेखि २०६६ सम्म भएका ठूलठूला आन्दोलनमा आदिवासी जनजातिहरू पूर्ण रुपमा सहभागी भएका थिए । परिवर्तनको लागि शहीद बनेर जीवनकै वलिदान दिने पनि आदिवासी जनजातिहरू अधिक छन् । तर, तिनै आदिवासी जनजातिहरू आज पनि देशको राजनीतिदेखि हरेक नीति-नियम बनाउने र शासन-प्रशासन चलाउने मुल धार वा निकायमा छैनन् ।

विगतमा नेपाली आदिवासी जनजातिले कांग्रेस, माले, एमालेहुँदै माओवादीको क्रान्ति, आन्दोलन र शासन पनि हेरिसकेका छन्। यी आन्दोलनमा आदिवासी जनजातिको भूमिका प्रमुख भए पनि सत्ता साझेदारीमा नगण्यमात्र भूमिका छ । यस्ता आन्दोलन र क्रान्तिमा अधिक भूमिका खेल्नुपर्ने तर सत्ता साझेदारीमा कुनै भूमिका नपाउने र सधैं गैर-आदिवासीहरूको मातहतमा मात्र चल्नुपर्ने तितो अनुभवबाट पाठ सिकेर हाल आदिवासी जनजातिहरूले आफ्नै पहिचान र भूमिकासहितको राजनीतिक संगठनहरू निर्माण गर्नेक्रम् चलेको छ । यसको एक ज्वलन्त उदाहरणको रुपमा हाल आएर उदय भइरहेका तामाङसालीङ, खम्बुवान, लिम्बूवान, थरुहटलगायतका क्षेत्रीय तथा जातीय पहिचानका आन्दोलनहरूलाई लिन सकिन्छ ।

नेपालको राजनीतिक इतिहासमा पृथ्वीनारायण शाहदेखि ज्ञानेन्द्र शाहसम्मको शाहवंशीय इतिहास, जङ्गबहादुर राणादेखि मोहन शससेरसम्मको जहानीयाँ राणाशासनको इतिहास, रङ्गनाथ पौड्यालदेखि गिरिजाप्रसाद कोइरालासम्मको एकात्मक शासनको इतिहास; अमरसिंह थापा, भिमसेन थापा, कालु पाँडेदेखि लिएर सूर्यबहादुर थापासम्मको राजनीतिक इतिहासले यी गोर्खा भन्ने नेपाली आदिवासी जनजातिहरूको संलग्नता र भूमिका नभएको स्पष्ट देखाउँदछ । जहाँसम्म, २००७ सालको जहाँनीया राणा शासन फालिने क्रान्ति र आन्दोलनमा हामी आदिवासी जनजातिहरूको नै मुख्य भुमिका रहेको थियो । आदिवासी जनजातिहरूमा लिम्बू, राई, तामाङ, मगर र गुरुङ गरी पाँच समुदायलाई ब्रिटिश र भारतले 'गोर्खा' भन्ने शब्दले सम्बोधन गरेको पाइन्छ । जबकि, हामी सबै नेपाली हौं र नेपाली भनेर चिनिनु पर्नेमा किन असमान सुगौली सन्धिमा गोर्खा भनेर राष्ट्रिय पहिचानभन्दा अलग शब्द प्रयोग भयो ?

अहिले यिनै दुईवटा शब्दहरू प्रचलित छन् । एउटा नेपाली र अर्को गोर्खाली । गोर्खाली शब्द कहाँबाट कसरी भयो भने गोर्खाली शब्द ज्यादातर पहाडी जनजातिले भन्ने गरेका छौं, मधेसीले भन्दैन । साँचो भनूँ भने क्षेत्रीले गोर्खाली भन्दैन । त्यसैले, यो गोर्खाली शब्दको सही विश्लेषण गर्न आवश्यक छ । ब्रिटिश र इण्डियाले यहाँका आदिवासी जनजातिलाई गोर्खाली भन्ने गरेका छन् । इतिहास अनुसार काङ्गडाको लडाइँमा तीन हजार गोरखालीलाई अङ्ग्रेजहरूले घेरा बन्दी गरेर आत्मसमर्पण गराए । एक शाह जेनरलको नेतृत्वमा त्यहाँ पठाइएको रहेछ । त्यसले त्यहाँ लड्न चाहेन


र ठूलो क्षति हुन्छ भनेर आत्मसमर्पण गरे । आत्मसमर्पण गर्ने बेलामा अङ्ग्रेजहरूले के ठाने कि यनी त पहाडे मुलको मान्छे, हामी पहाडमा लड्नलाई धेरै गाह्रो हुन्छ । त्यसैले, यिनीहरूलाई युद्धबन्दी नबनाइकन हाम्रो पक्षको सेनामा रुपान्तरण गरौं भनेर लिएछन् । त्यतिखेर गोरखा राज्य थियो । नेपाल बनाइसकेकै थिएन । त्यो फौजको नाउँबाट इष्ट इण्डिया कम्पनीले गोरखा भन्ने शब्द राख्यो । ईष्ट इण्डिया कम्पनीले पछि इण्डिया, नेपाल र ईष्ट-इण्डियाबीचको त्रिपक्षीय सन्धि गरे । यसरी सन्धि गरेपछि गोर्खा फौजलाई राख्ने सहमति गरे । यसरी गोर्खा भन्ने शब्द ब्रिटिश र इण्डियाले मात्र प्रयोग गरिरहेछन् । हामी नेपालीले नेपाल बनिसकेपछि नेपाली भन्नु पर्ने हो । नेपाल बनिसकेपछि पृथ्वीनारायण शाह आफैले नेपाल एकीकृत बनाएँ र एकीरकण भइसक्यो भनेपछि गोर्खाली भन्नुभन्दा नेपाली भन्नुपर्ने हो । यद्यपि, हामी आदिवासी जनजातिहरू त्यसलाई मान्दैनौं । उसले एकीकृत होइन, उसको उपनिवेश स्थापित गरेको हो । एकीकृत गर्नुको आफ्नै नियम हुन्छ । एकीकृत गर्नेबित्तिकै उसलाई केही स्थान दिनुपर्दछ । तर हामीलाई ठाउँ दिएर एकीकृत गरेको होइन । २४० वर्षमा हामीलाई कतै पनि ठाउँ दिइएन । चौबीसे, बाइसे राज्यहरूलाई एकीकृत गरेको हो । हिजो अस्तिसम्म बझाङ्गे राजाहरू हात्तीमा चढेर हिँड्थे । तर लिम्बू, राई, तामाङ, गुरुङले त्यो अवसर पाएको छैन । त्यसैले हामीलाई एकीकृत गरेको होइन,कोलनाइज गरेको हो ।

ब्रिटिशसँग त्रिपार्टी गोर्खा सन्धि गरेर त्यो सन्धि गर्ने बेलामा उसले 'गोर्खा' शब्द प्रयोग गरेको हो । त्यहाँ नेपाली शब्द प्रयोग गरेको छैन । त्यो गोर्खामा अहिलेसम्म हामी तामाङ त होइन, तमाङलाई लिँदै नलिनु भन्यो । खाली राई, लिम्बू, मगर, गुरुङमात्रै छन् ।

यसमा मेरो आसय के हो भने अहिले गोरखाल्याण्डको कुरा पनि निस्किरहेको छ । उनीहरूले नेपालल्याण्ड भनेको छैन, गोरखाल्याण्ड भनेका छन् । मेरो भन्नु ती तीन हजार फौज यदि गोर्खा हो भने त्यसमा अहिलेका शासक क्षेत्री-बाहुन त रहेनछन् । तर अहिले गोर्खा भनेर लिम्बू, राई, मगर, गुरुङ र तामाङलाई चिनिन्छ । त्यसमा पनि तामाङलाई त मासिने जात हो भनेर कतै पनि भर्ती दिँदै दिएनन् । यसको कारणचाहिँ तामाङले हिन्दू धर्म नमानी बौद्ध धर्म मानेकोले हो । हिन्दू धर्म नमानीकन टिब्बेटन वा भोटे धर्म मानेको हुनाले तामाङलाई मासिने जातमा राखेर नेपाली सेना र विदेशी सेनामा कतै पनि भर्ती नदिएको हो । तामाङ जातिमा ढ्याङ्ग्रो बजाउने चलन थियो, त्यो चलन भोटेको हो भनेर तामाङ्लाई सेनामा नलिएको हो । तामाङलाई सेनामा राख्दै नराख्नु

भनेको हो । नेपाल राज्य हो भने कि हामीलाई नेपाली भन्नुपऱ्यो । गोर्खाली भन्ने हो भने गोर्खाको स्पष्ट स्थान के हो त्यो देखाउनु पऱ्यो । ब्रिटिशसँग सन्धि गरिकिन फाइदा लिने, यसको कमिशन नेपाल सरकारले खाइरहने तर त्यो सन्धिमा गोर्खाली भनेर हामी विशेषतः पाँच जालिाई नाम दिने । तर तिनीहरूले त्यो गोर्खालीमा ती पाँच जातिमात्र छन् भन्ने लुकाइदिएका छन् । र, केवल गोर्खा सन्धिमात्र भनेर राखेको छ । हाम्रो भनाइ के हो भने कि त्यो सन्धिलाई नेपाल सन्धि भन्नु पऱ्यो; पृथ्वीनारायण शाहले नेपाल बनाइसकेको हो भने त्यसलाई नेपाल सन्धि भन्नु परेन त ? त्यसलाई गोर्खा सन्धि भन्ने, गोर्खामा हामी पाँच जातिको मात्र अनुहार देखाउने, फकल्याण्डसम्म हाम्रो अनुहार देखाउने ? त्यतिमात्र नभएर नेपालले हामी पाँच जातिलाई गोरखा भनीकिन दोस्रो विश्वयुद्धमा लडेर मर्नको लागि बेच्यो पनि । त्यसको कमिशन यहाँका राणाहरूले खाएका छन् । यसप्रकारको द्वैध र गलत कुरालाई अब सुधार्नु पर्छ । कि नेपाल सन्धि भन्नु पऱ्यो, यदि गोर्खा सन्धि भन्ने हो भने हामी पाँच जातिले विशेष सुविधा वा पोजिशन पाउनु पर्छ ।

विशेष गरी नेपालका पाँचवटा आदिवासी जनजातिले विश्वमा जुन वीरता देखाए, जुन देखाएको वीरता र पहिचान छ त्यो कुरालाई यो गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो साम्राज्य फैलाउनुको लागि गरेको जुन


गोरखामा रहेको गोरखा राजाको गोरखा दरवार



कुकृत्य छ त्योसँग पनि एक हिसाबले त छुट्याउनु पर्‍यो । अहिले के बुझिन्छ भने गोर्खाली एक्दमै वीर र साहसी हुन्छन् र उनीहरू भीसी प्राप्त गर्नेहरू हुन् । अनि यसो इतिहास कोट्याउने हो भने त्यो गोरखाको कुरा चाहिँ पृथ्वीनारायण शाहको एकात्मकरण गर्ने सेनासँग गएर जोडिन्छ ।

अहिले यो अस्पष्ट 'गोर्खा' शब्दले दुई किसिमको बेफाइदा दिएको छ । जस्तो कि अर्जेण्टिनाले हामी गोर्खा वा पाँच जातिको अनुहार देख्ने बित्तिकै यिनीहरू फकल्याण्डमा लड्ने नेपाली-गोरखालीहरू हुन् भनेर हामीलाई घृणा गर्छ । अनाहकमा घृणा गर्छन् जबकि त्यसको फाइदा हामीले केही पानि पाएका छैनौं । लडेको छ व्रिटिश गोर्खाको रुपमा व्रिटिशको आर्मी भएर । अर्को चीनले के भन्छ भने हामीलाई यिनीहरू गोर्खा हो । यिनीहरू अहिलेसम्म पनि व्रिटिशको पेन्सन खाइरहेका छन् । त्यसैले, यिनीहरू कहिल्यै पनि हाम्रो पक्ष वा साथमा हुँदैनन् भन्छन् । त्यसले गर्दा उत्तरपट्टिको हाम्रो मित्रतामा पनि पृथ्वीनारायण शाहले गर्दा अनाहकमा हामी घृणित भइरहेका छौं ।

त्यसकारण, यसलाई नेपाल सन्धि भन्नुपर्‍यो । हामी पाँच जातिलाई मात्र नदेखाएर सबै नेपालीलाई देखाउनु पर्‍यो । अहिले दार्जिलिङमा गोर्खाल्याण्ड खोज्नुको कारण पनि त्यही रहेछ । किनकि, त्यतिखेर गोरखा राज्य विस्तार गरेको हो पृथ्वीनारायण शाहले, नेपाल विस्तार गरेको होइन । गोरखाराज्य विस्तार गरेको हुनाले सुवास घिसिङले टिष्टासम्म हाम्रो गोरखा राज्य थियो भने । अनि, खोरखा राज्य खोजिरहे उनीहरूले । नत्र, त्यो गारखाल्याण्ड कुन इतिहासले उसलाई दियो त ? त्यहाँ भएको प्रवासी नेपाली भन्छन् एकातिर र अर्कोतिर गोर्खाल्याण्ड खोजिरहेछन् ।

यसरी, अन्तर्राष्ट्रमा हामीलाई एक प्रकारले बिक्री गर्ने र त्रिपार्टी सन्धि पनि गर्ने । त्यो गोर्खामा ती पाँचवटा समूहबाहेक अरु कोही पनि छैन । मधेसी, मिश्र, झा र यादव छैन । बाहुन पनि छैन । बाहुन खाली त्यहाँ पूजा गर्न मात्र जान्छ र क्षेत्री पनि धेरै कम छ । यहाँ, मैले भन्नु खोजेको चाहिँ गोरखाकरणलाई राष्ट्रिय सवाल बनाइँदिऊँ । हामी सबैले भन्छौं कि हाम्रो लिम्बुवानका काङसोरे जनरल गोरखा फौजसँग लडेको छ । ऊ नेपाली फौजसँग लडेको छैन । यसो भएता पनि हामीले यसलाई ठीक छ हामी नेपालमै रहन्छौं भनेर स्वीकार्‍यौं । 'गोरखा फौज' भनेको त पृथ्वीनारायण शाहको फौज हो । तर, हाम्रो जेनरल काङसोरे त गोरखा फौजसँग लडेको छ । इतिहास त्यो छ । विडम्बना, कति अप्ठ्यारो छ । हाम्रो जनरलहरू, हाम्रो तामाङ फौजहरू सबैलाई गोरखा फौजले मारेको छ । तर, हामीलाई नै अहिले उसले गोरखा बनाइदिएको छ, फेरि ।



विजयपुरमा रहेको लिम्बुवानको दरवार भग्नावशेष मात्र

विशेष गरी यो गोरखा र गोरखाकरणले पाँचवटा हामी आदिवासी जनजातिहरू मध्ये पनि तामाङ जातिलाई बढी गलत व्यवहार गर्‍यो । तामाङलाई सारै हेप्यो । आर्मीमा तामाङलाई त प्रवेश नै नगराउनु भनेको छ । त्यसमा दुईवटा कारण छ । एउटा त धर्म नमिलेको भइहाल्यो । अर्को, एकात्मक सत्ताको काठमाडौं उपत्यकाको वरिपरि चारैतिर तामाङ छन् । यसले विद्रोह गर्‍यो भने हामीलाई सिध्याउँछ भनेर तामाङलाई सेनामा भर्ती नगराएको हो ।

त्यसो त तामाङले धेरै पटक विद्रोह पनि गरे । तर, विद्रोह गर्ने सबै तामाङहरूलाई यिनीहरूले मारेरै सिध्याएका छन् । नुवाकोटमा एक पटक ठूलो विद्रोह गरेका थिए । त्यहाँ तीन-चार हजार तामाङको त एउटै चिहान बनाएक थिए भन्थे- बुढा पाकाहरू । पछि चाल पाउँछन् भनेर यसको इतिहास यिनीहरूले राख्दै राखेनन् । कोही तामाङलाई बढ्ता बोलेको आरोपमा गाला नै छेडिदिएका थिए । जिब्रो र कपाल काटिदिने गर्थे । यो अत्याचार यही शाहवंशी खलकले नै गरेका हुन् ।

तामाङसालीङको गौरवशाली इतिहास बन्नु र उठ्नुपर्ने ठाउँमा यसरी गोरखाकरण गरिएको छ । गोरखा वा धादिङमा अझै पनि गोरखा राजाहरूको दरवार छ । दशैमा अझै पनि त्यहीबाट फूलपाती ल्याउँछन् यहाँका शासक जातिहरूले । त्यसको अर्थ त्यही गोरखाका राजा र गोरखाकरणको निरन्तरता हो ।

गोरखा दरवार लमजुङ र काठमाडौको बीचमा पर्छ । पृथ्वीनारायण शाहले पहिले गोरखाबाट लमजुङमाथि आक्रमण गरे । लमजुङका गुरुङ वा घले राजाहरूलाई उसले सबैभन्दा पहिले सिध्याउनु थियो । ती घले पनि दुई किसिमका छन् । एउटा तामाङ र अर्को गुरुङ घले । नुवाकोटे घलेहरू तामाङघले हुन् जो अहिले पनि छन् । वास्तवमा तामाङ घले भनेको तामाङले



नेपाली आदिवासी व्रिटिस गोर्खाहरूको पुरानो तस्वीर

राजलाई 'घ्ले' भन्छन् । त्यही 'घ्ले'लाई उनीहरूले घले जस्तो बनाउँदै ल्याएका हुन् । सोही 'घ्ले' वंशलाई घले वंश बनाइएको हो ।

फोकल्याण्डमा 'आयो गोरखा' भनेर तर्साइदियो । गोरखा उसको सत्रू हुनुपऱ्यो । ठीक छ हामी त्यसको विरुद्धमा छैनौं । संसारमा गोरखाबाट नाम कमायो । हामी त्यो मान्छौं । हिजो हाम्रो पिता पुर्खा गोरखा फौजसँग लडेता पनि आज हामीले स्वीकारेको हो भनी मानौंला । तर, त्यसको लागि यहाँ यो देशमा विशेष व्यवस्था हुनुपर्छ । यो पाँच जातिले विश्वमा चिनाए गोरखाली भनेर नेपाललाई । त्यसैले, यो पाँच जातिलाई नेपालमा विशेष राजनीतिक स्थानहरू दिनु सक्नुपर्छ ।

यो 'गोरखा फौज' अमरसिङ थापाको पालामा भएको हो । यसरी अमरसिङ थापादेखि सूर्यबहादुर थापासम्म आउँदा पनि प्रधानमन्त्रीचाहिँ उनीहरू नै हुने ? तर, गोरखाको नाउँ लिएर बिक्री गर्ने संसारभरि हामीलाई ? तर, त्यहाँ उनीहरूले गोरखा फौजमा लिम्बू, राई, तामाङ, मगर, गुरुङ छन् भनेर लेखेका छैनन् । अमरसिंङ थापा भनेर ब्राह्मण वर्गलाई प्रसिद्ध गर्ने, तर हाम्रो नाउँचाहिँ त्यहाँ किन लेखेन त ? आखिर त्यो तीन हजार फौज गोरखा हो र अहिलेको निरन्तरतालाई हेर्ने भने हामी आदिवासीहरू रहेछौं त्यहाँनिर । त्यसरी हामीलाई व्रिटिशले गोर्खा बनाएको हो ।

अर्को कुरा अहिले गोइतले तराईचाहिँ नेपालको होइन भन्छ । उसको त्यो भनाइलाई हामीले के सबुद् भन्नु सक्नुपर्दछ भने तराई नेपालकै थियो, हाम्रै थियो । तर भिमसेन थापाले अनाहकमा व्रिटिशसँग लडेको हो । जबकि, उसलाई आर्मीको कुनै अनुभवै थिएन । अनि उसले पञ्जावको रञ्जित सिंहलाई मलाई सहयोग गर्नु भनेरचिट्ठी लेखे । चाइनालाई चिट्ठी लेखे । तर चाइना र रञ्चिज सिंह दुबैले सहयोग गरेनन् । त्यसकारण, व्रिटिशले जित्दै-जित्दै तराई भागलाई आफ्नो हातमा लिएको थियो । पहिले सिक्खिम पनि हाम्रै थियो, सुक्खिम भन्थ्यो त्यतिखेर । पछि गोरखाहरू व्रिटिश पक्षमा गएर ठाउँठाउँमा लडेपछि यीचाहिँ हाम्रो लागि काम लाग्ने साथीहरू रहेछन् । यी हाम्रा दुष्मन होइनन् भनी अलि अलि गरेर छोडेको हो । तर सिक्किमलाई चाहिँ छोडेन । अहिले गोहितले तराई नेपालको होइन भन्छ । उसको भनाइको तात्पर्य इष्ट इण्डिया कम्पनीले बोलेजस्तै उसले बोलेको छ । त्यो कुनै पनि नेपालीले बोल्दैन । ऊ इष्ट इण्डिया कम्पनी-व्रिटिश भएर बोलेको हो ।

त्यतिखेरको खास दुष्मन ईष्ट इण्डिया कम्पनी हो । उसले तोप र गोली लिएर आक्रमण गर्न आयो । तोपको अगाडि बाहुबलमा लड्नेहरूको के चल्छ र ? त्यसो गरेर तराई भाग पूरै लिएको हो । साथै, सिक्किम पनि पूरै लिएको हो । यसरी नै दार्जिलिङ लियो र पछि अरुचाहिँ फिर्ता दियो तर सिक्किम दिएन । दार्जिलिङ पनि लिनुभन्दा गोरखा वा नेपाल पक्षले मानेन । इतिहासमा अमरसिंह थापापछि भिमसेन थापाहरूबीचमा केही मतभेद भयो । भिमसेन थापालाई मारेपछि जङगबहादुर थापा क्षेत्रीहरू आए । यी जङगबहादुरहरूले व्रिटिशको चाकरी गरे । त्यसैले, व्रिटिशलाई नचिढाऊँ, बरु जति पाउँछौं त्यतिनै भत्ता खाउँ बसौं, दरबार बनाऊँ र रजाइँ गरी बसौं भनेर उनीहरूले दार्जिलिङलाई नलिएको हो । त्यो दार्जिलिङ लियो भने त्यतातिरको मान्छे अलिक चनाखो छन् र पछि हामीलाई दुःख दिन्छन् भनेर नलिएको हो । उता काङ्गडाहरू पनि फिर्ता दिएको थियो, त्यो पनि नलिएको हो । भित्री कुरो यो छ । अनि, पछि जङगबहादुरको पालादेखि त हामी व्रिटिशको दुश्मन भएन, साथी भयो । त्यतिखेर व्रिटिशको लक्ष्य इण्डियाबाट टिब्बेट भएर चीन जाने योजना रहेछ । उसको कोसिस वा नेपाल हान्ने तरिका त्यो रहेछ । हामीलाई बाटो देऊ भन्ने रहेछ । अनि, मकवानपुरबाट-रसुवा-बाह्वबीसेहुँदै ल्हासा पस्न व्रिटिशको दाउ थिएछ । तर, यो इण्डियाले मानेन । किनकि, चीनसँग हाम्रो पहिल्यै सन्धि थियो । चीनसँग हाम्रो स्रङचङ गम्पोको पालादेखि नै निरन्तर सन्धि वा सम्झौता रहेछ । अनि, चीनको राजाकोमा कहिले नेपालले उपहार पठाउने । चीनको राजाले पनि हामीकहाँ केही पठाउने चलन थिएछ । त्यसकारण, हामीले चीनको विरुद्धमा त्यसो गर्न नसकेको हो । त्यसले गर्दा व्रिटिश रिसाएर तराईको भूभाग टाकटुक लिएको हो ।

पृथ्वीनारायण शाहसँग तामाङले २५ वर्ष लडेका थिए । उसले काठमाडौंलाई जित्नको लागि पहिले धादिङको राजालाई जित्यो । त्यसपछि लिगलिगे राजा भनिकिन उता नुवाकोटे राजालाई जित्यो । रसुवालाई त उसै खाइहाल्यो । त्यसपछि पूर्वतिर लाग्दै मकवानपुरको राजालाई अन्तिममा जितेको हो । तैपनि, त्यो तेमालको राजालाई चाहिँ पछिबाट बढा छकाएर हराएको हो । हामी कुरा गरौं र सन्धि गरौं फलना ठाउँमा हतियार विना निहत्था आउनु भनेर बोलाएर कुरा गर्नेबेलामा उसलाई काटी मारेको हो ।

पहिले हामीसँग एक किसिमका संघीय राज्यहरू थिए । सबै मिलेर सञ्चालन गर्थे । तामाङहरू हामी केन्द्रीकृत राज्यसत्ता मान्दैनौं ।

हामीमाथि कोलनाइज गरेकै हो । हामीलाई आक्रमण गरेर हत्या गरी हाम्रो राज्य लिएको हो । तामाङसालीङका अन्तिम राजा रहेको तेमाल हो । तेमालमा घिसिङ राजा थिए । जहाँ अहिले उत्खनन पनि भइरहेको छ । त्यहाँका तामाङहरू मिलेरे सो उत्खननको कार्य भइरहेको छ ।

यसरी यदि नेपालीहरू सबै गोरखा हो भने नेवारहरूलाई किन आर्मीमा लिएन ? मधेशीहरूलाई किन लिएन ? र पाँच जातिलाई मात्र गोरखा भनिकिन विश्वमा लडायो ? यसको पछाडि राजतन्त्रको कुटिल चाल थियो भने त्यो पनि प्रष्ट हुनुपर्छ । होइन, अहिले जे छ त्यसैमा गौरव छ भने ती पाँच जातिको यो देशमा विशेष स्थान के त ? हामीले अब हाम्रो स्थान खोज्नुपर्ने बेला भएको छ । जबकि, पहिलो विश्वयुद्धदेखि दोस्रो विश्वयुद्धसम्म पनि यो गोर्खालीले लडेर नेपाललाई पहिचान दिलाए । जसको कारणले यूएनओमा हामीले पर्मानेण्ट स्थान पाएका हौं । नत्र, इण्डियाको भाग भइसक्थ्यौं हामी । होइन, यो गोर्खालाई हामीले त्यसो गर्नुहुँदैन । यो एउटा संसारको शक्तिशाली जाति हो भन्ने पहिचान कसले दिए त ? यही पाँच जातिले दिएका हुन् । यूएनओमा हामीले स्थान पाउनुमा गोर्खाको ठूलो भूमिका छ । तर, यहाँका शासकहरूले यो कुरा  लुकाएका छन् । यी पाँचवटा आदिवासी जनजातिहरू गोर्खा हुन् र यसैले गर्दा अलिहेसम्म पनि ब्रिटिशले हामीलाई नै गोर्खा भनेर  चिनेको छ । तर हाम्रो देशमा गोर्खाको स्थान खै के छ त ? जसरी लडाकु जाति भनिकिन संसारमा चिनिएको छ । त्यसको स्थान हाम्रो देशमा के त ? हाम्रो देशमा पनि यी पाँचवटा वीर गोर्खाली जातिको विशेष स्थान हुनुपर्छ। राजनीतिदेखि प्रशासनिक हरेक कुरामा यहाँका आदिवासी गोर्खाहरूको विशेष स्थान हुनुपर्दछ ।

अर्को कुरा नेपालको राजनीतिलाई दुई भागमा बाँडेर चर्चा गरौं । एउटा, २००७ सालभन्दा पहिलाको शाह वंशीयशासन र जहानीयाँ शासन । जसमा अमरसिङ थापादेखि सूर्यबहादुर थापासम्मको अविधिमा पनि हामी आदिवासी जनजातिलाई कहिल्यै प्रधानमन्त्री बन्न दिएनन् । कहिल्यै पनि सेना प्रमुख हुन दिइएन । सचिव हुन दिइएन । यो विडम्बना किन ? यो विभेद किन ?

दोस्रो कुरा, २००७ सालदेखि लिएर अहिलेसम्म, जहाँ प्रजातन्त्र थियो भनिन्छ । यो प्रजातान्त्रिक कालमा २००७ सालपछि पनि हाम्रो स्थान छैन । यहाँनिर हामीमाथि विभेद गरेको इतिहास इतिहास प्रष्ट हुन्छ । पहिलेको जाहानीयाँ शासन, राणाशासन र औपनिवेशकि शासनमा त हामीलाई गोर्खा भनेर बेच्यो रे स्थान दिएन । तर २००७ सालपछिको प्रजातान्त्रिक शासनमा हाम्रो स्थान रहेन । संसारमा प्रसिद्धि चिनाउने चाहिँ हामीहरू, यूएनओमा गोर्खा भनीकिन हामीले सदस्यता पाएको, हामी गोर्खालीहरूले तर हामीलाई नै विभेद किन ?

अर्को तेस्रो कुरा, हामीले आफ्नो राजनीतिक सङ्ठनहरूलाई कहिल्यै पनि पहाडी जनजातिको पार्टी भनेको छैन । हामीले देशव्यापी रुपमै तराई-मधेशदेखि लिएर खसानसम्मको जनतालाई समेट्ने घोषणा यहाँका आदिवासी जनजातिहरूले गरेका छन् । तर, हामीजस्तै विभेदमा परेका मधेशी दाजुभाइ मधेशी नेताहरूले 'मधेशी दल'भन्दा चित्त दुख्छ र त्यसलाई हामी स्वीकार्न सक्दैनौं । किनकि, हाम्रो लिम्बुवान, खम्बुवान र तामाङसालीङ भूमिमा हिमालतिर आएका मधेशीहरू पनि छन् । उनीहरूलाई हामीले कहिल्यै छोट्याएको वा होच्याएका छैनौं । तर, आज मधेशमा आउने पहाडीहरूलाई मधेशीले छुट्याएका छन् । त्यसकारणले राजनीतिक भन्ने कुरा भौगोलिक कुराले हुँदैन । राजनीतिमा मधेश, पहाड र हिमाल भन्ने हुँनुहुँदैन । र, राजनीति विचारको आधारमा गर्ने हो भने राजनीतिक नाम पनि विचार वा ऐतिहासिकताका आधारमा हुनुपर्दछ । तर, मधेशी दल भन्दा खेरी स्वतः त्यहाँ हामी पहाडिया आदिवासी जनजातिहरू छुटेका हुन्छौं ।

कुनै पनि देश विखण्डन हुने बेलामा नेताहरू एकोहोरो भएका हुन्छन् । त्यसमा पनि ठूलो दलका नेताहरू एकोहोरो हुन्छन् देश विखण्डन हुने बेलामा । किनकि, हाम्रै छेउको इतिहासले के देखाउँछ भने जब भारत वर्ष इष्ट इण्डिया कम्पनीबाट स्वतन्त्र भयो । त्यतिखेर महात्मा गान्धी, जवाहरलाल नेहरू र जिन्ना यी तीनजनाको सोचमा हिन्दूकरण सोच र इस्लामिक सोच नआइदिएको भए आज पाकिस्तान र हिन्दुस्तान एउटै बन्ने थियो । इस्लामिक सोच आयो जिन्नाको सोचमा र नेहरूको टाउकोमा हिन्दूकरणको सोच आयो । त्यसले गर्दा भारत विखण्डन भयो । यसरी मुलुक विखण्डन हुन्छ ।

जिन्नालाई प्रधानमन्त्री दिऊँभन्दा जवाहरलाल नेहरू मानेनन् । जिन्नालाई प्रधानमन्त्री दिएको भए त्यतिखेर भारत वर्ष एक रहन्थ्यो । हामीले इण्डियालाई भारत वा भारतवर्ष भन्नुभन्दा मुग्लान भन्नुपर्दछ । पहिले मुगलको राज्य भएकोले मुग्लान भनिएको रहेछ । मुगल भनेको मङ्गोल रहेछ फेरि । मुगल भनेको मुस्लिम होइन मङ्गोल हो । त्यसको अर्थ त्यो मङ्गोलको राज्य रहेछ । त्यो मुग्लान टुट्ने थिएन । भारत वर्ष र पाकिस्तान हुने थिएन। पार्टीको अध्यक्ष सुवासचन्द्र बोसलाई बनाऊँभन्दा जवाहरलाल नेहरूले मानेनन् । जवाहरलाल नेहरूले महात्मा गान्धीलाई नै पनि त्यत्रो दिन भोक हड्ताल बसाइ दियो । अनि महात्मा गान्धीलाई गोली हान्ने पनि हिन्दू नै हुन् । त्यसकारण, अहिले हाम्रो देशमा पनि देश टुक्रिने कुराहरू गर्छन् । यहाँका आदिवासी जनजातिहरूको स्वरलाई बेलैमा सुनुवाई गरेर सत्ता साझेदार गरेमा देश टुक्रँदैन । हाम्रै छेउको इतिहासले पाठ सिकाएझैं हाम्रा नेताहरू एकोहोरोपनामा जानुहुँदैन । देशलाई सापेक्ष राखेर अगाडि बढियो भने हाम्रो देशलाई २५० वर्षसम्मको शोषण र दमनबाट मुक्त गराएर अघि बढ्नसक्छौं ।

*(यो लेख तामाङसालीङ स्वायत्त राज्य परिषदका अध्यक्ष डीके बुद्धिष्ट तामाङसँग संघीय मासिकका सम्पादक डीबी आङबुङ्ले गरेको कुराकानीमा आधारित छ ।- सम्पादक )*

# इतिहासको लिउनभित्र हाम्रो पहिचान

♦ जी दिलुङ्छा



कुनै पनि जातिको भाषा, धर्म र संस्कृतिमा विचलन आयो भने त्यो जातिको विनाश निश्चित छ । नामको जाति र रुपको मानव त बाँकी रहन्छ, तर त्यो विना भाषा, विना धर्म, विना संस्कार वा संस्कृतिको अस्तित्वविहीन 'सुकेको मकैको ठोड्' जस्तो मात्र हुन्छ । उसले वा उसको सन्ततिले आफ्नो मौलिक भाषा, धर्म र संस्कार, संस्कृतिको बदलामा अरु कसैलाई पछ्याएर जानुपर्ने हुन्छ । कतिपय साम्राज्यवादी देशहरूले अरु कमजोर देशहरूलाई उपनिवेश बनाउनेक्रम्मा त्यस देशको मौलिक भााषा, धर्म, संस्कार-संस्कृतिलाई क्षत्-विक्षत् पारी त्यहाँका मुल बासिन्दाको पहिचानलाई नामेट पारेर आफ्नो अस्तित्व कायम गर्थे । फलस्वरुप, क्यानडा र अष्ट्रेलिया आदि देशहरूको मुलवासीहरू पतनप्रायः भइसकेका छन् भने कोही आफूलाई अस्तित्वमा ल्याउन प्रयासरत् छन् । क्यानडाको मुलवासी रेड इण्डियन एवम् इनुइट (एस्किमो) जातिहरू लोपोन्मुख अवस्थामा छन् । सन् १४१७ बाट क्यानडामा गोराहरूको आगमन सुरुभएको थियो । र, त्यहाँका सीधासाधा मुलवासीहरूलाई प्रभावमा पारी साम्राज्यवादीहरूले उनीहरूको भाषा, धर्म, संस्कार र संस्कृतिमाथि प्रहार गरी तहस-नहस बनाए । फलस्वरुप, गोराहरूकै भाषा, धर्म, संस्कार र संस्कृति पछ्याउन आफ्नो मौलिकता बिर्सन बाध्य पारिए । आफ्नै देशलाई विभाजित गरेर फ्रान्स र बेलायतले बाँडीचुडी गर्दा पनि चुपचाप सहनबाहेक केही गर्न सकेनन् ।

चालीसहजार वर्ष पहिला दक्षिणपूर्वी एसियाबाट अष्ट्रेलिया पुगेका होचा समुदायको मानिसहरू त्यहाँको झाडीभित्र देख्न मुस्किल पर्नेहुँदा गोराहरू तिनीहरूलाई बुस पिपल् भन्नेगर्थे । बुस पिपल नै अष्ट्रेलियाको मुलवासी हुन् । युरोपका अति अपराधिक प्रवृत्तिका अपराधीहरूलाई पानी

**बहुजाति, बहुभाषी राज्य नेपालको सन्दर्भमा पनि कतिपय जनजातिहरूको भाषा, धर्म र संस्कार-संस्कृतिलाई हिन्दूकरण गर्दै तहस-नहस पार्न खोजेको इतिहास छ । तर, त्यति सफलता प्राप्त गर्न हिन्दूवादीहरू सफल हुन सकेनन् । थेप्चो अनुहार, चेप्टो नाख, चिम्से आँखावालाहरू मङ्गोलबाट आएको मङ्गोलियन हुन् भने बाहुनवादी अवैज्ञानिक प्रचार-प्रसारको पछाडि लागेर हामीबीच सिर्जना भएको भ्रम नचिरेर उही प्रचारप्रसारको पछि लागेका छौं । हिन्दू वर्णाश्रमकै पुस्तकमा लेखिएको घृणास्पद र गालीपूर्ण शब्द किरात हुनुमा हामी हाम्रो मौलिक जातिबाट नै विमुख भएका छौं । यसरी मौलिक जातिहरूबाट विमुखभएर मङ्गोल वा किरात हाम्रो जाति हो भनेर खुशीसाथ ग्रहण गरेर गल्ती त गरेका छैनौं ? समयहुदै सोच्नु पर्ने भएको छ ।**

जहाजबाट ल्याई अष्ट्रेलियाको जङ्गलमा सजायस्वरुप छाडीदिने गर्थे । तिनै अपराधी प्रवृत्तिका व्यक्तिहरूले बुसहरूको भाषा, धर्म र संस्कार-संस्कृतिमात्र नभएर मनोरञ्जन गर्नुपर्दा झाडीमा उनीहरूमाथि गोली प्रहार गर्दै-मार्दै नरसंहारसम्म गर्न पछाडि परेनन् । भनिन्छ, सन् १८३१ सम्ममा वेलायती अपराधीहरू सजायस्वरुप १ लाख ६१ हजार जङ्गलमा छोडिएका थिए । तिनीहरूले त्यहाँका सीधासाधा अर्धजङ्गली अवस्थाका निहत्था र निर्दोष बुसहरूलाई हतियारको आतङ्क फैलाएर आफ्नो बसमा पारी अष्ट्रेलियालाई उपनिवेश बनाउन सफल भएको यथार्थ हो । त्यस्तै, सत्रौं शताब्दीतिर डच, पोर्चुगिज र स्पेनिसहरूले अष्ट्रेलियामा प्रवेश गरेका हुन् भने, युरोपियनहरूको पूर्ण बसोवास सुरुहुँदा ५ लाखदेखि १० लाखसम्म कुल जनसङ्ख्या भएको बुसहरूको हातमा लगभग ३ लाखमात्र जनसङ्ख्या बाँकी रहनुमा भाषा, धर्म र संस्कार-संस्कृतिमा प्रहार गरेर मुलवासीहरूको क्षतविक्षत हुनु नै मुल कारण भएको तथ्य हो ।

बहुजाति, बहुभाषी राज्य नेपालको सन्दर्भमा पनि कतिपय जनजातिहरूको भाषा, धर्म र संस्कार-संस्कृतिलाई हिन्दूकरण गर्दै तहस-नहस पार्न खोजेको इतिहास छ । तर, त्यति सफलता प्राप्त गर्न हिन्दूवादीहरू सफल हुन सकेनन् । थेप्चो अनुहार, चेप्टो नाख, चिम्से आँखावालाहरू मङ्गोलबाट आएको मङ्गोलियन हुन् भने बाहुनवादी अवैज्ञानिक प्रचार-प्रसारको पछाडि लागेर हामीबीच सिर्जना भएको भ्रम नचिरेर उही प्रचारप्रसारको पछि लागेका छौं । हिन्दू वर्णाश्रमकै पुस्तकमा लेखिएको घृणास्पद र गालीपूर्ण शब्द किरात हुनुमा हामी हाम्रो मौलिक जातिबाट नै विमुख भएका छौं । यसरी मौलिक जातिहरूबाट विमुखभएर मङ्गोल वा किरात हाम्रो जाति हो भनेर खुशीसाथ ग्रहण गरेर गल्ती त गरेका

छैनौं ? समयहुँदै सोच्नु पर्ने भएको छ ।

एनथ्रोपोलोजिष्टहरूले मानव समुदायलाई मङ्गोलाइड, नेग्रोइड, ककेसियन र आर्यन चारवर्गमा राखी मानव समुदायको विषयमा अध्ययन अनुसन्धान गरेका छन् । जसनुरुप, थेप्चो अनुहार, नेप्टो नाक र चिम्सो आँखा भएकाहरू मङ्गोलाइड वर्गमा पर्छन् भने यी जातिहरू मङ्गोलबाट आएका मङ्गोलियन हुन् भन्ने अवैज्ञानिक बाहुनवादी तर्कसङ्गत नभएको प्रष्ट छ ।

मङ्गोलिया, चाइना, नेपालका आदिवासी जनजातिहरू बर्मा, कोरिया, फिलिपिन्स आदि देशहरूका बासिन्दाहरू यही वर्गमा पर्दछन् । त्यसकारण, किरात वा मङ्गोलियन कुनै एक जाति नभएर धेरै जातिहरू मिलेर बनेको मानव समुदाय हो । अहिले वैज्ञानिक आधारमा छुट्याइएको मङ्गोलाइड समुदायलाई तुच्छ र गालीयुक्त शब्द किरात जाति वा असुर जाति (जेपायो तेही खाने) नामकरण गरेको तथ्य हिन्दू वर्णाश्रमकै पुस्तकमा विस्तृत जानकारी गराएका छन् । ऐतिहासिक तथ्यबाट के प्रमाण पाउँछौं भने किरात वा मङ्गोलाइड एउटा जाति नभएर शारीरिक बनावट अनुसार नश्लीय समुदाय हो । योभित्रको जातीय विवादलाई निरुपण गर्न आवश्यक खड्किएको छ । मङ्गोल किरात वा खम्बू, लिम्बू, मगर आदि हामी के हौं ? इतिहासको लिउन खोतल्नै पर्ने भएको छ । जस्तै,

♦ नेपालको किरात समुदायको उत्पत्तिको प्रारम्भमा तीन जातिको सम्मिश्रणबाट उत्पत्ति भएको पाइन्छ । किरात मुन्दुम् (मुन्धुम्) वा परम्पराअनुसार ती तीन जाति खाम्बोङ्बा वा खाम्बो, ताङ्साङ्था वा मङ्गोल र मुनाफेन वा चीनियाँहरूपछि आएर खाम्बोङ्बाहरूसँग मिसिएर एउटा ठूलो मानव समुदायको निर्माण भयो । तिनीहरूले यो हिमाल प्रदेशबाट भारत, बर्मा, भियतनाम, मलाया र फिलिपिन्सद्वीपमा छरिएर राज्यहरूको स्थापना गरी आ-आफ्नो इतिहासको रचना गरे *(Budha Sanskriti By Rahul Sanskritayan, Page 45)*।

♦ मार्कण्डेय पुराणअनुसार महाभारतकालमा प्रसिद्ध सात किरात राज्यहरू अश्वकुट,



अष्ट्रेलियाका मुलवासी बुशहरू

कावुल, मत्स्य वा उत्तरविहार, पाण्ड्रा वा बङ्गाल, सुमर वा आसम, मालाक वा लोहीत वा मेल्क, किन्नर वा किरात वा गढवाल र नेपाल थिए । त्यस समयमा किराता जातिमा खम्बोज वा खम्बो, यवन वा ग्रीक, साका वा साइधीएन, पल्लव वा पार्थिगन, पारासिक वा पार्सेम, पारद वा पाल्हीका र चीनियाँ किराता वा असिरियन समावेश थिए । तिनीहरू सबै सभ्य थिए तर आर्य संस्कृतिबाट टाढा भएकाले आर्यहरू तिनीहरूलाई शुद्र वा विदेशी भन्थे ।

♦ जर्ज ग्रियर्सन महोदयले भाषाको आधारमा वालाली, साङपाङ, लोहोरुङ, लाम्विछोङ, वालिङ, छिन्ताङ, रुङ्देबुङ, दुम्माली, रोदोङ अर्थात् चाम्लिङ, नाछेरेङ, कुलुङ, थुलुङ, चौरासे, खालिङ र दुमी भाषा बोल्नेहरूलाई खम्बूकै उपसमूह हुन् भनेका छन् । यसका अतिरिक्त हायू पनि यसै वर्गभित्रका हुन् भनेका छन् । र, प्रत्येक भाषीहरूको सर्वेक्षण गरी कुन भाषीको कुन क्षेत्रमा जनघनत्व छ भनी सङ्क्षेपमा लेखेका छन् *(हाम्रो समाजः एक अध्ययन, जनकलाल शर्मा पृष्ठ २१३ र २१४)* ।

♦ गाईत महोदयका अनुसार जिम्दारहरू एकभन्दा अधिक बोलीहरू बोल्छन् । सम्भवतः दुमी र वाहिङ जिम्दारहरूकै उपसमूहहरू हुन् । र, प्रत्येक भाषिहरूमा राई र जिम्दार पदवी ग्रहण गरेका खम्बूहरू थिए । त्यसकारण, विभिन्न जिम्दारहरू आ-आफ्नै भाषा बोल्दथे । आजको नेपालको सन्दर्भमा विचार गर्ने हो भने पनि जिम्दार राई भन्ने बेग्लै बोली पाइँदैन र समस्त खम्बूहरूलाई भन्दा राई र जिम्दार भनिन्छ र तिनीहरूले बोल्ने समस्त बोलीलाई राई बोली भनिन्छ । तर, चल्तीको अर्थमा प्रयोग हुँदा राई नै भनिन्छ । त्यसकारण, नेपालमा तथ्याङ्क सङ्कलन गर्दा समस्त खम्बू समूहको बोली र त्यो बोली बोल्ने मानिसहरूलाई राई नै भनेको दुष्टिगोचर हुन्छ *(हाम्रो समाजः एक अध्ययन, जनकलाल शर्मा, पृष्ठ २१५)* ।

♦ निसामा यिनीहरूलाई खम्बोज वा यमन भनिएका थिए । र यिनीहरूलाई लेलियन द्विपको ग्रिसेली वंशी भएको दावी गरिएको छ *(Prachin Bharatka Rajnitik aur Sanskritik Itihas By Rati Bhanusingh Nahr, Page 231)* ।

♦ हिन्दू वर्णाश्रमको योगिनीतन्त्र किताबमा किराती जातिलाई यवन, पल्लव, कोच र पुलिन्दा जाति भनेर लेखिएको पाउँछौं । तर, राईलाई नै किरात भनेर ठोकुवा गरेको पाइँदैन र किरातभित्र बारम्बार खम्बो वा खम्बोज वा खम्बू भनेर सम्बोधन गरेको इतिहासहरू पाइन्छ ।

♦ उत्तर भारतमा किरात असुरहरू आर्यहरूभन्दा धेरै पहिला आएका थिए । यसमा कुनै शङ्का गर्ने ठाउँ छैन । यद्यपि, यिनीहरूले ती आर्यहरूलाई पर्सियामा नै राम्ररी चिनीसकेका थिए (*Bharatka Parampara aur Prachin Itihas By Ranghey Raghar, Page 96*) ।

यस्तो संवेदनशील जातीय विषयमा अवैज्ञानिक र भ्रामक प्रचार-प्रसार गरेर साधारण आम् खम्बूहरूलाई किरात जाति बनाउने पहलले कसलाई फाइदा पुग्दैछ र कुन तत्वले यो खेल खेलिरहेछ ? यो त प्रष्ट भइसकेको छ । तर, इतिहासले प्रमाण गरिसकेको कुरालाई जबरजस्ती होइन भन्दै आफ्नै जातिमाथि आफै प्रहार गर्न कतिको उचित होला र क्षणिक स्वार्थ भविष्यमा कतिको हानिकारक हुनेछ सोच्नै पर्ने भएको छ । अझ इतिहासको तथ्यपरक खोज तथा अनुसन्धान गरी जातजाति, भाषा, धर्म र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास गर्दै हाम्रो लागि हाम्रो भाषा, धर्म, संस्कृति र जाति प्राणभन्दा प्यारो हुनुपर्दछ र मात्र हाम्रो जातीय अस्तित्व कायम रहनेछ । र जातीय मुक्ति पनि सम्भव हुनेछ ।



♦ डा. ओम गुरुङ

# संघीयता, स्वायत्तता र धर्मनिरपेक्षता नारा मात्रै

**(यो सामग्री त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, सह प्राध्यापक तथा (समाजशास्त्र/मानवशास्त्र विभाग प्रमुख, कर्नेल युभिर्सिटिका अध्ययन-अनुसन्धान कर्ता र आदिवासी जनजाति महासंघका पूर्व महासचिव तथा सल्लाहरूकार डा. ओम गुरुङसँग संघीय मासिकका लागि सम्पादक डीबी आङ्बुङद्वारा लिइएको अन्तर्वार्ताको सार सङ्क्षेप रुप हो ।– सम्पादक )**

**अनौपचारिक रुपमा छलफल हुन्छ । आदिवासी जनजातिको पार्टी खोलौं भनेर पनि कुरा त आउँछ । तर, यही कुरामा अल्भिन्छ कि हाम्रो विचार के हुने ? अरुको भन्दा फरक राजनीतिक दर्शन के हुने ? खाली हामीले आदिवासी जनजातिलाई मात्रै हेर्ने र त्यसैको मात्रै सदस्यता बनाउने हिसाबले गर्ने हो कि आदिवासी थलोमा अरु पनि समुदायहरू छन् । तिनीहरू पनि समावेश हुने खालको गर्ने ? त्यसकारणले, विचार आउनको लागि मन्थन गर्नुपर्छ । त्यसको बारेमा अभ्यास गर्नुपर्छ । त्यसैको लागि नै हामी एक ठाउँमा हुनुपर्छ । छलफल गर्नुपर्छ । छलफल गरौं । विचारमा स्पष्ट हौं । हामी अहिले नै एक ठाउँमा पुग्न नसकौंला । तर, केही न केही हाम्रो गाइडिङ लाइन त बन्नसक्छ ।**

**अहिलेको विश्व, समग्र नेपाली समाज र आदिवासी जनजाति समाजमा भएका भिभिन्न परिवर्तनहरूलाई समाजशास्त्रीय तथा मानवशास्त्रीय आँखाले कसरी मूल्याङ्कन गरिरहनुभएको छ ?**

**डा. गुरुङः** यो परिवर्तन भन्ने अपरिहार्य कुरा हो । यो निरन्तर चलिरहने प्रक्रिया हो । समाजमा भएका विभिन्न किसिमका विरोधाभाषहरूको कारणले पनि परिवर्तन जरुरी हुन्छ । ती परिवर्तनहरूलाई छिटो ल्याउने वा आफ्नै गतिमा आउन दिने भन्नेचाहिँ बाह्य तत्वहरूको बढी महत्व हुन्छ ।

**बाह्य तत्व भन्नाले के के हुनसक्छन् ?**

**डा. गुरुङः** राजनीतिक पार्टीहरू परिवर्तनका लागि एक किसिमका अजेण्टहरू हुन् । उनीहरूले त्यो परिवर्तनको दिशालाई एक्दमै सार्थक र स्पष्टरुपमा अभिव्यक्त गरिदिने काम गर्दछन् ।

**त्यसको अर्थ परिवर्तनका लागि राजनीतिक सङ्गठनहरूले उत्प्रेरकको रुपमा काम गर्छन्, हो ?**

**डा. गुरुङ** हो तिनीहरूले उत्प्रेरक र परिवर्तनका अजेण्टका रुपमा काम गर्दछन् । प्राकृतिक रुपमा आउने परिवर्तनले एउटै मात्र कोर्ष लिएर जान्छ, युनिलियर हुन्छ । तसर्थ, त्यो ढिलो पनि हुनसक्छ । तर, परिवर्तनलाई त्यसरी मात्र हेरेर हुँदैन । कन्भेन्सनल वा परम्परावादी सोच भएको विकासवादी सिद्धान्तमा त्यो खालका कुराहरू आउँछन् । विकास भनेको निरन्तररुपमा भइरहने प्रक्रिया हो । केवल परिवर्तन त निरन्तररुपमा आउँछ । त्यसका लागि कुनै किसिमको बाह्य कुरा आवश्यक पर्दैन । आफ्नै किसिमले हुने परिवर्तनले आफ्नो कोर्ष आफै बनाउँछ । तर, वास्तवमा त्यो मात्र परिवर्तन होइन । यो खाले परिवर्तन आउने भनेको त एक्दमै एकजातीय समाज, अलग्गिएको पृथक समाज, असाध्यै सानो सङ्ख्यामा रहेको बाह्य शक्तिको कुनै अतिक्रमण नहुने र प्रभाव नपर्ने समाजमा त्यस्तो किसिमको एकपक्षीय परिवर्तन हुन्छ । तर, अहिले त्यस्तो समाज छैन । समाजमा विभिन्न खालको बाह्य शक्ति वा एजेन्टहरू छन् अब ग्लोबल सिस्टम, राजनीतिक र आर्थिक व्यवस्था छ । त्यसमा विभिन्न किसिमका विकासका अवधारणाहरू र धारहरू आइरहेका छन् । त्यसले विभिन्न प्रकारले प्रभाव पारेको हुन्छ र परिवर्तनको बाटोलाई सीधामात्र नगएर बाङगोटिङ्गो पनि बनाइदिन्छ ।

अब नेपालको सन्दर्भमा, परिवर्तन नखोजेका त होइनन् जनताहरूले । यहाँ आदिवासी जनाजततिहरू छन् । उपेक्षित उत्पीडित समुदायहरू छन् । उनीहरू विभेद, बहिर्गमन र बहिष्करणमा छन् । उनीहरूलाई थिचोमिचो भएको छ । त्यस्तै दलितलाई भएको छ । मधेशी, महिला, अन्धा-अपाङग र मुस्लिम समुदायलाई शोषण-दमन भएको छ। विभिन्न भाषाभाषी समुदायलाई उत्पीडन भएको छ । तर, त्यो अभिव्यक्त अवसर पाएको थिएन । राज्यले त्यसलाई विभिन्न खालका हतकण्डाहरू अपनाएर दबाएरै राखेको थियो र प्रष्फुटन हुने अवस्था आएको थिएन । राजनीतिक दलहरूले ०४६ र २०६२/०६३ को आन्दोलन गरे । ती आन्दोलनहरूले परिवर्तनको मुल फुटाइदियो, बाटो खुलाई दियो । अनि, त्यसमा विभिन्न शक्तिहरू थपिए । कोहिले यो बाटो जाने कसैले त्यो बाटो जाने भन्दाभन्दै पनि त्योबेला सबैको सामुहिक चाहना भने निरङकुश राजतन्त्र सबैको बाधक हो भन्ने साझा लक्ष्य र साझा बुझाई भएकोले त्यसलाई परास्त गर्ने बाटो पनि साझा नै लिए । सबै जनताले राजनीतिक दलहरूले अगुवाई गरेको मुल्य-मान्यतालाई नै पिछा गरे । यसप्रकार परिवर्तनका लागि राजनीतिक दलहरूको भूमिका हुन्छ । राजनीतिक दलहरूले छरिएका विभिन्न सानातिना गोरेटाहरूलाई मुलबाटोमा ल्याइदिने, मुल प्रवाहीकरण गर्ने, अगाडि बढाउने र अवसरहरू, स्पेश वा फोरमहरू प्रदान गर्ने काम गरे । यो अहिले जे भएको परिवर्तन यसरी आएको हो ।

**तर, विभिन्न राजनीतिक दलहरूका फरक-फरक उद्देश्यहरू र लक्ष्य प्राप्त गर्ने पनि पृथक शैली र अभिष्टहरू छन् । उनीहरूले कल्पना गरेको जुन समाज, विचार, सिद्धान्त र मार्गदर्शनको फरकपनले के असर पार्छ ? केही समय ती फरकपनहरू तटस्थ वा निरपेक्ष रहन्छन् कि नेपालको सन्दर्भमा यो कसरी चलिरहेको छ, अहिले ?**

**डा. गुरुङः** मुख्य कुरा सबैले चाहेको परिवर्तन हो । तर, परिवर्तनको लागि भावना र चाहनाले मात्र पनि काम गर्दैन । त्यसको लागि एउटा विशेष अवस्थाको सिर्जना हुनुपर्दछ । विशेष आधारमा मात्रै चाहेकोजस्तो परिवर्तन हुन्छ । त्यो परिवर्तनको लागि सङ्गठनको आवश्यकता हुन्छ । जनतासँग भावना, चाहना र शक्ति छ तर उनीहरूसँग सङ्गठन छैन वा भएका पनि छरपष्ट छन् भने चाहेको परिवर्तन हुँदैन । राजनीतिक दलहरूले त्यो आवश्यकता परिपूर्ति गरिहेका हुन्छन् । राजनीतिक दलहरू त सङ्गठित संस्थाहरू हुन् । ती दलहरूले जनतालाई सङ्गठित बनाएर ल्याउने काम गर्छन् । साथै, परिवर्तनको लागि थप चेतना भरिदिने काम पनि गर्छन् । जनताका आसा, अभिलाषा र आकाङ्क्षाहरू विभिन्न हुन्छन् । उनीहरूको आवश्यकता फरक हुन्छ । त्यसैले, सचेत र सङ्गठित ढङ्गले नेतृत्व दिने काम राजनीतिक दलहरूले गर्छन् ।

तर, राजनीतिक सवालहरू पनि एउटै नभई विभिन्न लक्ष्य र उद्देश्यका छन् । उनीहरूका विभिन्न राजनीतिक बाटो र दर्शनहरू छन् । उनीहरूको भिन्नभिन्न साङ्गठानिक ढाचा र रणनीतिहरू छन् । अब त्यहाँ गएर जनताका आसा, अभिलाषाहरू कहाँ गएर मिल्छ भन्ने सवालमा राजनीतिक दलहरूले तिनीहरूको आसा-आकाङ्क्षा, चाहना र आवश्यकता के हो भन्ने बुझ्नुपर्दछ । त्यो जनताको भावना बुझ्ने राजनीतिक दलहरू सफल हुँदै जान्छन् । जनताका भावना, चाहना, विभिधतालाई अङ्गीकार गर्न र आत्मसात गर्नसक्नेहरू अलिक सशक्त भएर जान्छन् । आफै हाबी हुँदै जान्छन् । त्यो जनताको भावना नबुझ्नेहरू अलग्गिएर जान्छन् । त्यसकारण, उनीहरूको राजनीतिक र सङ्गठनले कतिसम्म काम गर्छन् भन्ने कुरो आफ्नो ठाउँमा छ । तर, त्यति हुँदाहुँदै पनि जनताको भावना र जनताको चाहनाहरू बुझ्न, समाहित र आत्मसात गर्न नसक्नेहरू पछाडि पर्दै जान्छन् । उनीहरूको विचारहरू पनि आफै

पछि पर्दै जान्छ । यसरी जाँदा धेरैजसो नेपाली जनताले ०६२/०६३ पछि जुन किसिमको जनउभार आएको थियो, राजनीतिक दलहरूमा समर्थन आएको थियो । जनआन्दोलपछि त्यो कायम रहन सकेन । त्यो नभएकोले अहिले राजनीतिक दलहरू एक किसिमले जनसमर्थनविनाका भएका छन् । समर्थन भएपनि उनीहरूको आफ्नै कार्यकर्ताहरूको मात्र हुनसक्छ, तर आम नेपाली जनता जसलाई राजनीतिक सङ्गठनसँग कुनै सरोकार हुँदैन। त्यस्ता कुनै राजनीतिक दलसँग सरोकार नभएकाहरू नै हुन्छन्- जनताका भीडहरू । राजनीतिक हिसाबले नै सचेत जनता भनेको त कम हुन्छन् । त्यसकारण, यो आम जनताको समर्थन बटुल्ने राजनीतिक दलहरू जुन हिजो नेपाली जनताको हामी प्रतिनिधित्व गर्छौं, सबै बागडोर हामीसँग छ भन्नेहरूले पनि अहिले जनताको समर्थन नपाइरहेको अवस्था छ ।

**अहिलेको नेपालको राजनीतिक परिस्थिति हेर्दा कुनचाहिँ पार्टीले जनताको इच्छा–आकाङ्क्षालाई बुझेको र कुन चाहिले नबुझेको भन्नु ?**

**डा. गुरुङः** अहिलेको अवस्था हेर्दा मैले भन्न खोजेको तिनैलाई नै हो । तिनीहरूले जब ०६२/०६३ को जनआन्दोलनमा जनताले अभिव्यक्त गरेका वा सडकमा ल्याएका जुन नारा र मागहरू थिए । त्यहाँतिर थिनीहरूको ध्यानै गएन ।

**यी तीन दलहरू यसरी डेड्लकको स्थितिमा आइरहनु र परिवर्तनको निकास कसैले पनि ननिकाल्नुमा आन्तरिक र बाहृय चलखेलका कारणहरू छ भन्छन् । यसको कारण के हो ?**

**डा. गुरुङः** आफ्नो आन्तरिक पनि छ । बाह्य शक्तिको त छँदैछ । आफू आफैमा कमजोर भयो भने बाहृय शक्ति हाबी हुने हो । आफू आफैमा लडियो र सही बाटो लिन सकिएन भने बाह्य शक्तिले हस्तक्षेप गर्छ । देश सानो भएर बाहिरको शक्तिले हस्तक्षेप गर्ने होइन । देश जतिसुकै ठूलो भएपनि भित्र कचिङ्गल, कलह र मनमुटाव छ भने बाहिरकोले हेप्छ । अहिले नेपालमा त्यही भइरहेको छ । यत्रो ठूलो परिवर्तन भएर पनि जुन परिर्तनलाई संस्थागत गर्नुपर्ने कुरा हो; जनताको चाहना, माग, आवश्यकता परिपूर्ति गर्नेभन्दा पनि उनीहरू आफ्नो दलीय स्वार्थ र दलभित्रको व्यक्तिगत स्वार्थ, समग्रमा हेर्दा आफ्नो दलबाहेक अरुचाहिँ हुनु नै हुँदैन भन्ने बाहिरी देखावटी तर त्यही दलभित्र हेऱ्यो भने मबाहेक अर्को हुनुनै हुन्नभन्ने प्रवृत्ति छ । दलीय स्वार्थ र दलभित्र व्यक्तिगत स्वार्थ हाबीभएकै हुनाले त्यो स्वार्थ पूरागर्ने सन्दर्भमा यिनीहरूको बीचमा अन्तर्द्वन्द्वहरू भइरहेको छ । फेरि, त्यो अन्तर्द्वन्द्व हुने कुरा स्वभाविक नियम पनि हो । अन्तर्द्वन्द्व हुन्छ तर त्यसलाई कसरी समायोजन गर्ने भन्ने क्षमता र सीपको कुरा हो । अन्तर्द्वन्द्व जहाँ पनि हुन्छ । तर, नेपालका राजनीतिक दलहरूको अन्तर्द्वन्द्व समायोजन गर्नै नसक्ने गरी छताछुल्ल भएर गयो । यसलाई समायोजन र समन्वय गर्नै सकेका छैनन् । किनभने, यी ठूला पार्टीहरूमा व्यत्तिगत स्वार्थ बढी हाबी भयो । त्यही दलगत र व्यक्तिगत स्वार्थ हाबीभएको कारणले अहिलेको यो छताछुल्लको अवस्था आएको हो ।

**यी अहिलेका शासकहरूले संविधान बनाएर जनतामा हस्तान्तरण गर्नु शोषित–पीडित र बहिष्कृतहरूमा लैजानुभन्दा त्यो गर्दाखेरी अहिलेसम्मको हालीमुहाली समाप्त हुन्छ । बरु, अहिले नै यो सत्ताको लुछाचुडी गरेर केही समय भएपनि शक्तिमा रमाऊँ भन्ने उनीहरूको भित्री इरादा वा मनोविज्ञान त होइन ? कि अरु के छ यसलाई बुझ्ने ?**

**डा. गुरुङः** त्यो त स्पष्टै छ । यो मनोविज्ञानमा मात्र नभएर व्यवहारमै स्पष्ट देखिसकियो । उनीहरूको सिद्धान्त र अभिव्यक्तिहरूमा पनि त्यो देखिएको छ । उनीहरू सत्ता साझेदारी गर्न चाहन्नन् । अहिले नेपालमा जुन राजनीतिक परिवर्तन भयो त्यो सिद्धान्तमा, राजनीतिमा भयो, कागज र कानुनमा भयो । तर व्यवहारमा भएन । व्यक्ति फेरिए तर वर्ग फेरिएन । चरित्र र संस्कार फेरिएन । उनीहरूको चिन्तन र सोचाई फेरिएन । त्यो समुदाय फेरिएन । अहिले पनि ती पहिलेकै वर्ग समुदायहरूले हालीमुहाली गरिरहेका छन् । पहिलेकै सामन्तवादी संस्कार छ, उनीहरूमा । आफ्नो हातको शक्ति कुनै हालतमा पनि दिनुहुँदैन भन्ने मानसिकताले ग्रसित छन् । त्यो एकलौटी स्वार्थ, सत्ता, शक्ति र स्रोतमाथिको जुन हालीमुहाली हो, त्यो अवश्य पनि यिनीहरू छोड्न चाहँदैनन् । जुन समोवेशी र सत्ता साझेदारीको कुरा छ, त्यस्ता समानुपातिक र समावेशीतामा पनि आउन नसक्ने समुदायलाई विशेष आरक्षणका कुराहरू उठिरहेका छन् । अग्राधिकारका कुराहरू उठिरहेका छन् । आत्मनिर्णय र जातीय स्वायत्तताका कुराहरू उठिरहेका छन् । यो अहिले सत्तामा बसिरहेका शासकहरूको लागि ठूलो चुनौती हो । यति सजिलो उनीहरूले सत्ता, शक्ति, स्रोतको हालीमुहाली र पहुँच परित्याग गर्न चाहँदैनन् । भाषण र वक्तव्यमा दिन्छन् तर व्यवहारमा दिन चाहँदैनन् । यो वा अर्को प्रकारले, त्यो वा अर्को बहानामा, कहिले राष्ट्रियतको बहानामा, कहिले साम्प्रदायिक सद्भावको बहानामा, कहिले सार्वभौमिकताको बहानामा कहिले वैदेशिक हस्तक्षेपको त कहिले नेपाली समाजको जुन एकरुपता छ, यसरी मिलेको समाजमा कचिङ्गल र किचलो हुने भो भन्ने अनेक बहाना, कहिले स्रोत र शक्तिले थेग्ननसक्ने, विकासका सम्भावनाहरू कम हुने, राज्यले अत्यधिक खर्च थेग्ननसक्ने बहानामा तलसम्म अधिकारको प्रत्यायोजन गर्न चाहदैंनन् । अहिलेसम्मको बुझाई र खेलचाहिँ त्यही नै देखिन्छ । यिनीहरू संविधान छिटो बनाएर जनतालाई चाडै अधिकार सम्पन्न बनाएर, सबैलाई सार्वभौमसत्ताले सम्पन्न बनाएर राज्यमा सबैको साझेदारिता होस् भन्ने त यिनीहरूको चाहना छँदैछैन ।

**अहिले नेपालमा रहेको उत्पीडन, विभेद,**

**समस्या र समाधान वर्गीय, जातीय, क्षेत्रीय वा पुस्ता कुन हिसाबको छ ? र अहिलेका यी शासहरू कुन वर्ग, जात, क्षेत्र र पुस्ताका हुन् ? यसलाई उत्पीडित आदिवासी जनजाति, मधेशी, दलितलगायतले सहज र सार्थक तरिकाले कसरी बुझ्ने र यो सत्तालिप्साको भित्री कारणहरू के के हुन् ?**

**डा. गुरुङः** यसमा सत्तालिप्सा त छँदैछ । यसबाहेक नेपाली समाजमा रहेको शताब्दीयौंदेखिको सामन्तवादी पद्धति र चिन्तन अझै परिवर्तन भएकै छैन । हामीले शास्त्रीय हिसाबले हेर्दा जुन मुल्य-मान्यता र विश्वास हो, त्यो त स्थापित रुपमै बसेको छ । परिवर्तन केवल केही सिद्धान्त, कानुन र कागजहरूमा भयो । तर, संस्थागत व्यवहारमा भएन । ती पुराना गलत संस्था, संरचना र पद्धतिहरू अझै पनि यथावत नै छन् । व्यवहारमा पनि त्यही पुराना शोषण र असमानाताहरू प्रतिविम्बित भइरहेका छन् ।

वर्गीय सवाललाई मात्र ध्यान दिनुपर्दछ भन्ने एउटा पक्ष, पुस्तालाई ध्यान दिनुपर्दछ भन्ने अर्को पक्ष, यो विकास र परिवर्तन भनेको निरन्तर रुपमा आफै आउने, यसलाई कसैले कुनै धक्का दिइराख्नै पर्दैन भन्ने एउटा पक्ष छन् । अहिलेको यो समाज त्यो अठारौं शताब्दीको होइन । विभिन्न कारक तत्वहरूले प्रभाव पारेको समाज हो, अहिलेको । हिजोको जस्तो, समाज निरन्तर रुपमा आफै परिवर्तित भएर आउँछ भन्ने होइन । निरन्तर रुपमा गतिशील समाजलाई अझै गति दिएर, त्यो सीधा कोर्षलाई हामीले चाहेअनुसार मोडेर लाने तत्वहरू छन् । त्यसकारण, त्यो पुँजीवादी सोच, चिन्तन, प्रणाली, केवल वर्गीय र पुस्ताको कुरामात्र अन्तिम र सही कुरा होइन । कम्युनिष्टहरूले वर्गवर्ग भन्छन्, वर्ग भन्ने कुरासँग मेरो विमति होइन । नेपालमा वर्गीय समाज छ । वर्गहरूको विकास भइरहेको छ । वर्गीय शोषण-दमन छ । त्यससँग विमति गर्नुपर्ने कुरै होइन । तर, नेपालका त्यो वर्गबाहेक वर्गकै समानान्तर रुपमा विकास भएको यो जाति पनि हो । त्यसकारणले, वर्गीय आन्दोलनबाट समाजको उन्मुक्ति चाहनेहरूले एउटा कुरा के विचार गर्नुपर्दछ भने नेपालमा वर्गकै रुपमा स्थापित भएको जाति पनि हो । जातिको आधारमा विभेद छ, शोषण छ । जाति नै एउटा वर्गको रुपमा स्थापित भइसकेको छ । त्यसकारण, वर्गीय आन्दोलनलाई सफल बनाउने हो भने यो जातीय आन्दोलन पनि सफल हुनुपर्दछ । वर्ग र जातिको आन्दोलन सँगसँगै जाने आन्दोलन हो । जसलाई हामी सामाजिक रुपान्तरण वा सोसल रिभोलुशन भन्नसक्दछौं । वर्गको हिसाबले हेर्ने हो वा एउटै वर्गका दुई तीनवटा जातिका मान्छे सँगै उभ्याइदिएर अवसर बराबर हो भन्ने हो भने त्यसमा कुनचाहिँ जातिको बढी एक्सेस हुन्छ त ? चलाख जातिकै वर्चश्व हुन्छ । त्यहाँ वर्ग एउटै भएर पनि जाति र ऊ हुर्केको वातारवण गर्दा त्यो अवसर उसले पहिला पाउँदछ वा दिइन्छ, विशेष जाति र भाषाको कारणले । यसरी एउटै वर्गको दुईवटा मान्छेहरू छन् । ती दुबै गरिब छन् । दुबै भारी बोक्छन् । तर एउटाले नेपाली खस कुरा बोल्नसक्छ र अर्कोले सक्दैन । तर, राज्यले के गर्छ भने खस भाषामा काम गर्न लगाउँछ । त्यो एउटाले राम्ररी बुझ्दै बुझ्दैन । अर्कोले राम्ररी बुझ्छ भने बुझ्नेले टप्काउँछ । यसर्थ, यो सवाललाई पनि ध्यान दिनुपर्दछ । यसरी, जातीय सवालले वर्गीय आन्दोलनलाई अगाडि बढाउनमा पनि साथ दिन्छ । वर्गलाई मात्र केन्द्रित गरेर चलाइने आन्दोलन नेपालमा सफल हुनसक्दैन । अथवा, सफल भयो भने पनि त्यो दिगो हुँदैन ।

अर्को यो पुस्ताको कुराले मात्रात्मक परिवर्तन ल्याउला । तर सारमा तात्विक परिवर्तन केही पनि ल्याउँदैन । किनभने पुस्ता परिवर्तन भएर मात्र सबैकुरा हुने होइन । नयाँ पुस्ता अलिक चलाख होलान्, त्यो अर्कै कुरा हो । तर प्रवृत्ति र मानसिकता त्यही बोक्ने । संस्कार-संस्कृति त्यही लिएर आउने । विचार, सिद्धान्त सबै त्यही पुरानो लिने तर पुस्तामात्र परिवर्तन भएर के हुन्छ ? झन बढी शोषण हुने सम्भावना मात्र हुन्छ । किनभने, उनीहरूमा झन चतुऱ्याइँ, फटाइँ र छुल्याइँ होला । त्यसकारणले, नेपाली कांग्रेसको पुस्ताको कुरा उनीहरूको आन्तरिक सङ्घर्ष मात्रै हो । बाहिर देखावटी रुपमा यो समाजमा आमूल परिवर्तन ल्याउलान् भन्ने कुरो होइन । त्यसमा युवा पुस्ताले नेतृत्व र सहभागिता हुने अवसर नपाएको हुनाले पुस्ताको कुरा गरेका मात्र हुन् । किनभने वीपीले जे भन्यो अहिले पनि त्यही रटान छ । नयाँ र पुरानो दुबै पुस्तामा त्यही छ । वीपीले यो कुरामा गलत भन्यो र यो ठीक थिएन भनेर कसैले भन्न सकेका छैनन् । गगन थापा बोले पनि त्यही, नरहरी आचार्य र प्रदीप गिरी बोलेपनि त्यही हो । त्यसकारण, पुस्ताको कुरा गर्नु नेपाली कांग्रेसको लागि बुढाहरूमात्र सारै सत्तामा बसिरहे भनेर पद खोस्ने चाल मात्रै हो ।

**प्रत्येक जन आन्दोलन र विशेष परिवर्तनपछि ती आन्दोलनलाई नेतृत्व गर्ने दलहरूले नै फेरि परिवर्तनको नेतृत्व गर्न नसक्नुको कारण के हो ? जस्तै, अहिलेका मुख्य तीन दललाई हेरौं ।**

**डा. गुरुङः** आन्दोलन र त्यसको सफलतापछि राजनीतिक दलहरूले सहमतिको आधारमा साझेदारीता गर्नुपर्ने, उनीहरूको जुन स्रोत र शक्ति हो त्यसमा सबैलाई समाहित गर्नुपर्ने थियो । त्यसो नभइकन त्यसपछिका वर्षहरू जसरी बिते । ती एक्दमै दर्दानक, दयनीय र पीडादायी बने । यी तीनवटा दलले नेपाली जनतालाई गन्दै गनेनन् । अरु साना राजनीतिक दलहरूको भूमिकालाई पनि उनीहरूले वास्तै गरेनन् । हरेक कुरामा तीन ठूला दल भनेका छन् । हरेक कुरा तिनै तीन ठूला दलका नेता बसेर हुने गरेका छन् । नेपाली जनतालाई जबर्जस्ती

इम्पोज गरेका छन् चाहेर वा नचाहेर । त्यसपछि उनीहरूले जसरी ०६२/०६३ को आन्दोलनमा नेतृत्व गरेका थिए । त्यसरी नै देशलाई हाँकेर लानुपर्‍थ्यो । सबैलाई समाहित गरेर लैजानु पर्दथ्यो । आ-आफ्नो हैसियत अनुसारको सबैको पहिचानलाई कायम गरेर जनजातिहरूको, साना राजनीतिक दलहरूको, विभिन्न सामाजिक संस्थाहरूको, नागरिक समाजको सबैलाई समेटेर सँगसँगै लानुपर्ने, त्यो सकेनन् । त्यसमा सबै असफल भए । माओवादीले सत्ता पायो भने आफ्नो हठ नछोड्ने । ऊबाहेक शक्तिमा कोही छँदैछैन भन्ने । कांग्रेसले माओवादीलाई अलिकति पनि नजिक ल्याउनै नचाहने । एमालेको पनि त्यही हो, वामपन्थीको उसलेजस्तो विरोध अरु कसैले नगर्ने । त्यसले गर्दाखेरी ०६२/०६३ पछि जसरी यो देश र समाज अगाडि बढ्नुपर्‍थ्यो त्यसरी बढ्नै सकेन । सबैभन्दा दुःखदायी कुरा त्यहाँनिर भयो ।

**यो ०६२/०६३ को आन्दोलनमा अरुको योगदानको कुरा छँदैछ । अब यसमा यी बहिष्कृत अदिवासी जनजातिले यो ०६२/०६३ को आन्दोलनमा अलिक विशेष रुपमा यहाँ-यहाँ यो-यो ठाउँमाचाहिँ योगदान नगरेको भए यो ०६२/०६३ को परिवर्तन सम्भव हुने थिएन भनेर दावी गर्ने ठाउँहरू के के हुन् ?**

**डा. गुरुङः** ०६२/०६३ को आन्दोलनमा आदिवासी जनजातिहरूलाई राजावादी भनेर आरोप लाउँथे । आन्दोलनमा आउँदैनन्, खाली उनीहरूको भाषा, संस्कृति, गरगहना लाएर आफ्नोपन देखाउन पाए पुग्छ । यिनीहरू भनेका राजा महाराजाका जन्मोत्सवमा, शुभ कार्यमा प्रदर्शनको रुपमा झाँकी, ऱ्यालीको रुपमा आउने समुदाय मात्र हुन् भन्ने तवरले हामीलाई हेला गर्थे, होच्याउँथे । यिनीहरू दरवारका आसेपासे मात्र हुन् । यिनीहरूले कुनै किसिमको आन्दोलन नै गर्दैनन् । अधिकारमुखी आन्दोनमा यिनीहरू पछि हट्छन् । पछि दया मायाले कसैको निगाहाले पाएको चिजहरू लिन्छन् भन्ने तरिकाले हेर्थे । ०६२/०६३ को जन आन्दोलमा हामीले त्यो सबै कुरा चिरेर हामी पनि परिवर्तनको बाहक हौं र हामी परिवर्तन चाहन्छौं । हामी लोकतन्त्रको समर्थक पक्षधर हौं भन्ने हिसाबले आदिवासी जनजातिले हाम्रो आफ्नो हैसियतले जति सक्यौं त्यति सडकमा उतार्‍यौं । काठमाडौ र देशका विभिन्न ठाउँमा आदिवासी जनजातिहरू उतार्‍यौं, पूर्व पश्चिम सबैतिर आन्दोलनमा उत्रिए । यस्तो अवस्था, जुन बेला राजनीतिक दलले एकजना मान्छेसम्म सडकमा उतार्न नसक्ने स्थिति थियो । यिनीहरूको सबै आन्दोलन सुस्ताएर, दमन गरेर नेताहरू सबै घरमै बन्दी भए । त्यस्तो अवस्थामा अरु राजनीतिक दलले के गर्नु ? जनताले साथ दिँदैनन् । कोही सडकमा उत्रिदैनन् । यस्तो अवस्थामा आदिवासी जनजातिहरूले निषेधित क्षेत्र, प्रतिवन्धित कर्फ्यु आदेश तोडेर हामी निक्लेको हो । र, अरुलाई पनि हामीले उत्साहित हुने कार्य गर्‍यौं । त्यसरी, ०६२/०६३ को आन्दोलनमा हामीले जति सशक्त भूमिका खेल्यौं त्यसले अरुलाई पनि प्रेरित गर्‍यो । राजनीतिक दलहरूले पनि उत्साह पाए । यसरी, जनजातिले दावी ठाउँ एक्दम स्पष्ट छ । ०६२/०६३ को आन्दोलनमा पनि हामीले धेरै गरेको हो । त्यसपछि संविधान सभामै पनि मिश्रित निर्वाचनमा समानुपातिक ल्याउने काम आविदवासी जनजातिले नै गरेका हुन् । समावेशी र समानुपातिक हुनुपर्छ भन्ने मुद्दा त जनजातिले नै अन्तिमसम्म लडेर मिश्रितप्रणाली नै भए पनि ल्याएर त्यसमा हामीसँग सहमतिनै भएको हो । बीस बुँदै सहमति भएको छ । पहिलो हुनेले जित्ने फर्स्ट पास्ट द पोष्ट मा उम्मेदवारहरूको समानुपातिक बनाउने र समानुपातिकलाई पूर्ण समानुपातिक बनाउने भनेको हो । पूर्ण समानुपाति भनेर अडान लिइरहँदा यो संविधान सभाको चुनाव नै नहुनेजस्तो भयो भनेर हामीले त्यतिमै सहमति गरेका हौं । तर, प्रतिवद्धता गरेपछि हामीसँग सम्झौता गरे सहमति गरेपछि, त्यसमा बेइमानी गरेका हुनाले जनजातिहरू फेरि अहिलेसम्म पनि सडक आन्दोलनमा निक्लेको निक्लै गर्नुपर्ने अवस्था भयो ।

**आदिवासी जनजातिहरूको आन्दोलनमा सेलाउनुको कारण त्यही सहमति गरियो, त्यसको कार्यान्वयनमा राजनीतिक दलहरूले बेइमान गरे, त्यसैकारणले मात्र आदिवासी जनजाति आन्दोलन सेलायो वा यसमा अरु कारणहरू पनि छन् ?**

**डा. गुरुङः** एउटा कारण त्यो हो । मान्छेमा निरासा पैदा भयो । जसलाई जे गरेपनि नहुँदोरहेछ भन्ने भयो । त्यत्रो आन्दोलन गरियो, त्यत्रो सहयोग गरियो, तर केही भएन भनेर निराशाजस्तो पनि भयो । साथै, हामीले धेरै उपलब्धि पनि पायौं । त्यसलाई पनि सम्झनु पर्दछ । यो निरासा मात्रैको कुरा होइन सफलता पनि हात लगाइयो । कमसेकम निर्वाचित र समानुपातिक गरेर २१९ जना त सभासदहरु पुगे । यद्यपि, तिनीहरू राजनीतिक दलबाट पुग्यो, तैपनि हाम्रो पनि त्यसमा आवाजको कारणले गर्दा राजनीतिक दलहरूलाई जनजातिहरूलाई जिताउन र मनोनित गर्न बाध्य हुनुपर्‍यो । त्यसकारण, अप्रत्यक्षरुपबाट त्यो पनि हाम्रो समुदायका मान्छे गए त्यहाँ । यसरी, यत्रो भौतिक उपस्थिति र प्रतिनिधित्व हुनु भनेको हाम्रो त इतिहासमा पहिलो पटकको सफलता हो । कानुनमा पनि धेरै कुरा परिवर्तन भएको छ । आरक्षणका कुराहरू आएका छन् । अहिले त्यही संविधान सभाकै विभिन्न समितिले पनि कमसेकम राज्यको पुनर्संरचना हामीले भनेको जस्तो ठ्याक्कै नगरे पनि १४ प्रदेशको त्यो स्पिरिट अनुसारको ल्याएका छन् । त्यसरी आरक्षण र आत्मनिर्णयको कुरादेखि लिएर राज्यका कुराहरू बहसकै रुपमा भएपनि त ल्याएको छ । ती कुराहरू राजनीतिक दलहरूले उठाउनु बाध्य हुनुपर्‍यो । राजनीतिक दलहरूले हाम्रो राज्य पुनर्संरचना र समानुपातिकका मुद्दाहरू उनीहरू आफ्नो राजनीतिक अजेण्डा बनाए, त्यो पनि एउटा

कुरा हो । तर अब आन्दोलन सेलायो भन्ने कुरामा अरुलाई किन दोष दिनु ? हाम्रो आफ्नै कमीमजोरीहरूको कारणले पनि त्यो भयो । जनजाति आन्दोलनको सफलतापछि जनजाति महासंघ र जनजातिको संघसंस्थाप्रति धेरै राजनीतिक दलहरूले आँखा लगाए । त्यो हाम्रो कब्जामा पार्नपाए हुन्थ्यो भनेर लागे ।

**डा. ओम गुरुङको पालापछाडि आदिवासी जनजाति महाँसंघको नेतृत्वमा दुईवटा कुरा भयो भनेर आरोप लगाइन्छ । एउटा पार्टीकृत भयो र अर्को एनजीओकृत भयो भनिन्छ नि, त्यो हो ?**

**डा. गुरुङः** त्यो पार्टीकृत भयो भन्ने कुरा त भएको हो र सबैले स्वीकारेकै कुरा हो । त्यो नहोस् भनेर हामीले धेरै नै कोसिस गर्दागर्दै पनि त्यसोभयो । त्यो बढो दुर्भाग्य भयो । विशेष गरेर संविधान सभाको निर्वाचनपछि पार्टीकृत भयो । संविधान सभाको निर्वाचनमा हाम्रा जनजाति महासंघमा काम गर्ने त्यहीको पदाधिकारीहरू ४ जना विभिन्न दलबाट संविधान सभामा पुगे ।

**प्रत्यक्षबाट निर्वाचित भएरै त पुगेका होइनन् नि ?**

**डा. गुरुङः** प्रत्यक्षबाट पनि भिमराज राजवंशीले मधेशी जनअधिकार फोरमबाट जिते । समानुपातिकमा नेकपा माओवादीबाट रामबहादुर थापा महासचिव नै गए । त्यसपछि पासाङ शेर्पा र टासी स्याङ्बो भन्ने एमालेबाट एउटा समानुपातिक र एउटा सरकारले मनोनित गर्ने भन्नेबाट गए । त्यतिसम्मको लडाइँ के थियो भने जनजातिले त एक जाति एक प्रतिनिधित्वको माग राखेको थियो । समानुपातिकबाट र निर्वाचित भएर आउँदाखेरी ५९ जातिमध्ये करिब ३३ वटा जाति परे । यो ठूलो उपलब्धि थियो । संविधान सभामा पुग्न २२-२४ वटा जाति बाँकी रहेका थिए । त्यसमा हामीले यी बाँकी रहेकाहरूलाई ती २६ वटा सिटमा मन्त्री परिषदको सहमतिमा सरकारले मनोनित गर्ने भन्नेमा दिनुपर्छ भनेर हामी मागराखेर लडिरहेका थियौं ।

**यसमा पासाङ शेर्पाले त्यही आफूमात्र सभासदमा नजाने माग राखेर केही दिन असहमति पनि जनाइरहेका थिए होइन र ?**

**डा. गुरुङः** अँ राजनीतिक दलहरूसँग धेरै माग राखेपछि अन्तिम चरणमा २०६५ साल जेष्ठको १५ गते संविधान सभाको पहिलो बैठक बस्ने भएकोले त्योभन्दा अगाडि मनोनित पनि गर्नुपर्‍यो । जेष्ठ १३ गतेको रातिसम्म अन्तिममा कमसेकम ५० प्रतिशत हामी आदिवासी जनजातिहरूलाई दिन्छौं भन्ने सहमति भयो । त्यतिमा छुटेकामध्येबाट समूह-समूह गरेर मिलाउने भन्ने सहमति भएको थियो । त्यसमा पनि जनजातिले गर्नेमा जनजातिले नै र सरकारले राष्ट्रिय जीवनमा विशेष योगदान पुर्‍याएका बुद्धिजीवीमध्ये पनि उनीहरूले जनजाति नै मनोनित गर्नुपर्ने त्यो खालको सहमति भएको थियो । १३ गतेसम्ममा त्यो सहमति भयो । १४ गते सुवास नेम्बाङको कार्यकक्षमा बसेर त्यसलाई लिपिवद्ध र कार्यान्वय गर्ने भनेर गएपछि बिहान ८ बजे गएको, त्यहाँ माओवादीचाहिँ आएनन् । नेपाली कांग्रेसको मिनेन्द्र रिजाल, एमाले विष्णु पौडेल आएर ल माओवादीले मानेन, योचाहिँ नहुने भयो । अन्तिममा दलहरू बीचमै भागवण्डा हुनेभयो भने । त्यहाँ हाम्रो कमजोरी के भयो भने हामीले त्यहीबाट फेरि आन्दोलन सुरु गर्नुपर्‍यो । मान्दैनन् भने यो हामी हुँनै दिँदैनौं भनेर सुरु गर्नुपर्‍यो । आन्दोलनको नेतृत्व महासंघले गर्नुपर्ने, महासंघको अध्यक्ष अर्कै मान्छे छ । अब ऊ पासाङ शेर्पा रिसाएजस्तो गरेर हिँड्दियो । ऊ हिँडेपछि अब यो हुन्न भनेर हामी पनि हिँड्यौं । तर उसको कमजोरी के भयो भने, पछि एमालेले पाँचवटा सिट पायो र त्यही पाँचवटा सिटमध्ये ऊ पनि गइदियो । आन्दोलन त्यहीबाट तुहियो र सकियो ।

खास आन्दोलन तुहिएको त्हहाँबाट हो । त्यतिबेला हाम्रो बार्गिन, लडाइँ एउटै मात्र किन नहोस् त्यो निष्पक्ष र तटस्थरुपमा जनजाति महासंघबाटै जानुपर्छ । कुनै पार्टीको भाग नलागी महासंघ वा आदिवासी जनजातको साझा हो भन्ने हिसाबले एउटा मात्र सभासद भएपनि जानुपर्दथ्यो । यसरी गएको भए अहिलेको पार्टीको पछि लागेका २१९ लाई हामी रिङ्ग्याउनु सक्थ्यौं । तिनीहरूलाई गोलवद्ध गर्न सक्थ्यौं र हाम्रो मुद्दा संविधान सभामा सशक्त रुपमा उठाउन सक्थ्यौं । तर, पासाङजीले एता विरोध जनाएर हिँडिदिए र उतापट्टि एमालेको अर्को पनि मान्छेलाई समानुपातिकमा पारेर त्यसैमा आफूपनि गइदिए । फेरि, त्यसपछि पनि एउटा बाटो के थियो भने अब तपाइँ एमालेबाट सभासद भइसकेपछि महासंघमा राजीनामा देऊ भनेर डाक्टर भट्टचन र मैले भनेका हौं । तर, केहीजना बुद्धिजीवी भनाउँदाले होइन, एउटा भएपनि गएको छ, हाम्रो कुरा उठाउनु पर्छ भनेर सम्झौतापरस्त कुरा गरिदिए । महासंघमा नसोचेको भयो ।खैर, त्यसमा हाम्रो सहानुभूति थियो । अहिलेको महासंघको चुनावमा त्यो हुन नदिनको लागि मेरो ठूलो कसरत थियो । यसलाई सबैको सहमतिमा सकभर मिलाएर लैजाऊँ । अस्ति पनि त्यस्तै भयो र आन्दोलन पनि सेलायो । यो लेखीजी आएको चुनावमा सबैलाई मिलाएर लैजाऊँ । यो त विचारको संस्था नभएर मुद्दाको संस्था हो । साझा मुद्दाका लागि हामी सबै आएकाछौं । विचार त आ-आफ्नो छँदैछ । यसमा सबै पार्टीहरू अँटेका छन् । यो महासंघलाई राजनीतिक दलजस्तो गराउने हो भने अरु आउँदैनन् यहाँ । एउटै पार्टीका समर्थकहरूको मात्रै बर्चस्व गर्ने ठाउँ होइन भनेर मिलाउन कसरत गरियो । तर, उनीहरू कब्जै गर्ने हिसाबले गएर गढबढ गरी अहिलेको परिणाम पनि यस्तै भएको छ ।

**अब त्यसोभए आदिवासी जनजाति आन्दोलन त नउठ्ने भयो होइन ? कि, के छ विकल्प ?**

**डा. गुरुङः** महासंघलाई नै अझै पनि मेरो अपील आदिवासी जनजाति आन्दोलनको

उठान गर्नुपर्छ। त्यसको नेतृत्व, समायोजन र समन्वयचाहिँ महासंघले नै गर्नुपर्छ भन्ने मेरो अझै पनि आह्वान छ । राजनीतिक दलहरूले आ-आफ्नै तरिकाले गरिराखेका छन् । राजनीतिक दलहरूको आ-आफ्नो विचार छ, विचार धाराहरू छन् । ती विचारबाट चलेका छन् । राजनीतिमा एउटाको विचार अर्कोलाई मान्य नहुनसक्छ । तर, यो जनजाति महासंघ भनेको त विचार नभएको सबै विचारलाई एक ठाउँमा ल्याएर सामाञ्जस्य र समन्वय गर्ने संस्था हो । यसरी मुद्दाको आधारमा सङ्गठित भएको साझा संस्था जसलाई सबैले साझा मानेका छन्, त्यसले विभिन्न राजनीतिक दल, सामाजिक संघसंस्थासँग आवद्ध भएका जातीय मोर्चाहरू, राजनीतिक दल नै खोलका सगठनहरू, विभिन्न खेमामा छरिएर बसेका आदिवासी जनजातिका नेता कार्यकर्ताहरू र वृद्धिजीवीहरूलाई एक ठाउँमा ल्याएर, समायोजन गरेर, जिल्लादेखि तलसम्म संरचना भएका जातीय संस्थाहरूलाई ल्याएर समायोजन गर्ने काम महासंघले गर्‍यो भने त्यो प्रभावकारी हुन्छ ।

त्यसकारण, सबै खालका आग्रह-पूर्वाग्रह त्यागेर, अहिलेसम्म भएका कमीकमजोरीहरूबाट पाठ सिकेर, राम्रा कुराहरू भएका छन् भने त्यसबाट प्रेरणा लिएर, सबैसँग समन्वय गर्ने, एक ठाउँमा ल्याउने, छलफल गर्ने, बहस गर्ने, हाम्रो सामुहिक मुद्दा के हो ? हाम्रा विशिष्ट मुद्दाहरू पनि छन् । लिम्बू, राई, मगर, गुरुङको छुट्टै होला ती जाति विशेष मुद्दाहरू पछि सल्टाउने मुद्दाहरू हुन् । अहिले हाम्रो सामुहिक मुद्दा जातीय स्वायत्तता वा स्वशासन हो, आत्मनिर्णयको अधिकारजस्ता कुराहरू छन्। यी कुराहरूमा हामी सबै एक छौं । हाम्रो भाषाको मुद्दा छ। हाम्रो पहिचानको मुद्दा छ। हाम्रा सेवा, सुविधा र अवसरहरूमा पहुँचका मुद्दाहरू छन् । यी यावत कुराहरूलाई सामुहिक र साझा मुद्दा बनाएर साझा संस्थाले सबैलाई एक ठाउँमा ल्याउनुपर्दछ। त्यसो गर्ने एउटा उपाय हो। अब त्यो गर्दैन भने र गर्ने आसा पनि सबैले गरेका छैनन्। यसरी महासंघले गर्दैन न भने अब हामीजस्तो मान्छेहरू निक्लनुपर्छ र समन्वय गर्नुपर्छ । मैले त के पनि भनेको छु भने महासंघ त्यसो गर्न सक्दैन भने म पनि एउटा अवधारणा-पत्र बनाउँदैछु । सबै जातीय संघसस्था, सबै राजनीतिक दलसँग आवद्ध भएकाहरूलाई पठाउँदै छु। त्यो अवधारणा अनुसार सबैले संयुक्त सङ्घर्ष नगरी हुँदैहुँदैन। संयुक्त सङ्घर्षको लागि संयुक्त समितिको आयोजना गरेर त्यसलाई बलियो बनाएर जानुपर्छ । त्यसका लागि अवधारण बनाएको छु, म सर्कुलेट गर्छु। महासंघमा पनि पठाउँछु। हामी त्यसरी अगाडि बढ्नुपर्छ भन्ने मेरो विचार छ।

**महासंघले त केही गर्न सकेन रे। आदिवासी जनजातिको मुद्दालिएरै यहाँसम्म पुगेको भनिएको माओवादीले ती मुद्दाहरूलाई पूरा गर्ने सम्भावना कतिको देख्नुहुन्छ ?**

**डा. गुरुङः** माओवादीले हिजो असाध्यै शोषण, दमन, उत्पीडनमा परेका, उपेक्षित, शोषित पीडित समुदाय यिनीहरू पनि हुन् भनेर विभिन्न मुद्दाहरू उठाएर जनजातिको हितमा लड्नुपर्छ भन्ने माओवादीले जनजातिहरूलाई परिचालन गरे । जनयुद्धको बेलामा जनजातिको मुद्दा जति सशक्त माओवादीले उठाए, यो ०६२/०६३ को जनआन्दोलनपछि र विशेषगरी जनआन्दोलन र संविधानसभाको निर्वाचनपछि यी जातीय मुद्दाहरू ओझेलमा पार्दै लगेका छन्। माओवादी पनि जनजातिको मुद्दाप्रति




त्यति गम्भीर र त्यति संवेदनशील छैन भन्ने प्रमाणित हुँदै गइरहेको छ । यो अनुभूति गरेर माओवादीकै साथीहरूले हामीसँग कुरा गर्छन् । व्यवहारमा पनि त्यस्तै देखिन्छ । जनजातिका स्वशासित क्षेत्रहरू घोषणा गरिरहेका छन् । तर, कही पनि जनजातिका प्रमुखहरू छैनन् । सबै गैरजनजातिहरू छन् । त्यसले गर्दा जनजातिका साथीहरू माओवादीभित्र पनि निरास भइरहेको देखिन्छ । अन्तत्वगोत्व, यी कथित उच्च जातका शासक जातिहरू जनजातिको मामलामा एक हुन्छन् । त्यसकारणले, हामीले केही न केही गर्नुपर्छ भन्ने उनीहरूले पनि कुराहरू उठाउँछन् । माओवादीमा पनि इमान्दार साथीहरू छन् । उनीहरूले लडेका छन् । वलिदान, योगदान पुर्‍याएका साथीहरू छन् । आन्दोलन गर्नुपर्छ भन्ने कुरामा वहाँहरू पनि सहमत हुन्छन् । तर दलहरूले आ-आपनो खालको पूर्वाग्रहहरू छाडेर त्यहाँभित्रका जातीय मोर्चाहरू एकठाउँमा आउन सकेभने र आउँछन् भन्ने पनि मलाई विश्वास लाग्छ । विभिन्न सानोदेखि ठूलो दलसम्मका सबैलाई साझा मुद्दामा एक ठाउँमा ल्याउन सकिन्छ भन्ने मलाई विश्वास छ ।

**अनि तपाईँले भनेजस्तै उद्देश्यको डा. भट्टचनको नेतृत्वमा रहेको आदिवासी जनजाति बृहत मोर्चा, नेपाल पनि त छँदैछ नि ?**

**डा. गुरुङः** हो त्यो मोर्चा पनि छ । तर, त्यो मोर्चामा केही कमी-कमजोरीहरू भएका छन् । जस्तो, समन्वयको खाँचो छ त्यहाँ । अलिक सक्रिय साथीहरू सबैलाई समेट्न सकिरहेको छैन । नत्र, यो पनि प्रशंसनीय कार्य नै हो । तर, मुख्य गरी त्यहाँ मैले वहाँहरूलाई सुझाव गरेको के भने यो सामुहिक नेतृत्व भन्ने कुरा आन्दोलनको लागि हुँदैन । सामुहिक नेतृत्व भनेर वहाँहरूले जुन किसिमको अवधारणा अगाडि ल्याउनु भो, त्यो भोलि अवसर दिने कुरा अर्कै हो । तर, आन्दोलनमा सामुहिक नेतृत्व भन्ने कुरो नहुँदो रहेछ भन्ने कुरो वहाँहरूको कार्यक्रमहरूले नै देखाइसक्यो । सामुहिक नेतृत्व भन्ने तर नेतृत्व गर्ने दिनमा कोही पनि हुँदैन । फलना छँदैछ भन्ने हुन्छ, कसैले गर्दैन । त्यहाँ एउटा मान्छे त खट्नैपर्छ । दिलो ज्यान दिएर त्यसको नेतृत्व गर्नैपर्छ । सामुहिक नेतृत्व भनेको मत्वल कार्यविभाजन गर्ने हो- फलनाले यो गर्ने भनेर । तर, सबैलाई नेतृत्व गर्ने पनि एउटा नेतृत्व त त्यहाँ चाहिन्छ । त्यसकारण, विगतका आन्दोलनहरू फितलो भए । पहिलो गाँसमै ढुङ्गा लागेजस्तो भयो, मोर्चाको सुरुको आन्दोलनमै । त्यसकारण, म पटक-पटक भन्छु, यो सामुहिक नेतृत्वको अवधारणा राम्रो हो । तर व्यवहारमा त्यो सफल हुन धेरै गाह्रो छ । अनि, अर्को कुरा यसमा डा. भट्टचनलाई सैद्धान्तिक दृष्टिकोणले स्पष्ट हुनुहोस् भनेको थिएँ । वहाँको लेखहरू पढ्नुभयो भने वहाँले बोलेका वक्तव्यहरू सुन्यो भने कम्युनिष्ट नमासीकन जनजाति आन्दोलन फस्टाउँदैन भन्ने त उहाँको थेगो नै छ । तर, त्यो मोर्चामा आफूलाई सबैभन्दा महाक्रान्तिकारी कम्युनिष्ट हौं भन्ने माओवादीलाई त्यहाँ ल्याएर राखीदिनु भयो । फेरि, अरु कम्युनिष्टहरू त्यहाँ आएनन् । एमाले आएन । गरै कम्युनिष्ट नेपाली कांग्रेस पनि आएन । त्यसकारण, विचार र व्यवहार मिलेन भन्ने कुरा छ । यसरी सैद्धान्तिक दृष्टिकोणले पनि स्पष्ट हुनुपर्‍थ्यो ।

**अहिले, संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता तथा जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकारलगायतका मुद्दाहरूमा आन्दोलन गरिरहेका लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटलगायतका आन्दोलनहरू पनि छन् । यी आन्दोलनहरूलाई तपाइँहरूले कसरी मूल्याङ्कन गरिरहनु भएको छ ?**

**डा. गुरुङः** ती आन्दोलनहरू गरेर



संविधान सभाको बैठक बस्ने भनेर बैठक नै नभइरहेको संविधान सभा

राम्रो गरेका छन् । उनीहरूले आन्दोलन गरे । त्यस्तो बेलामा पनि धेरै खटे । केही शहीद पनि भए । तर, त्यसमा एक-दुईटा सुधार्नु पर्ने पक्ष मैले देखेको छु । जस्तो, असाध्यै एउटै क्षेत्रमा केन्द्रीकृत भयो । लिम्बुवानको लागि लिम्बूले मात्र आन्दोलन गरेपुग्छ भन्ने, थारुहटका लागि थारुले मात्रै, तामाङसालीको लागि तामाङले मात्रै गरेपुग्छ भन्ने भयो । अरुलाई पनि कसरी हुन्छ गोलबन्द गरौं भन्ने अलिक वृहत रुपले परिचालन र समन्वय गर्ने कामको कमी छ । यसमा मैले भनेको एकल जातिले मात्र आन्दोलन गरेर कहिल्यै पनि सफल हुँदैन । एकल जातिले मात्र गर्दा हामीलाई साम्प्रदायिक भन्छन् । अर्को, यिनीहरू त क्षेत्रीयतवादी मात्र हुन् भन्ने आरोप लगाउँछन् । त्यसको जनसमर्थन पनि व्यापक रुपमा पाइँदैन । त्यही क्षेत्रमा बस्नेहरूको पनि जनसमर्थन पाइँदैन । त्यसकारणले जस्तो लिम्बुवानको आन्दोलन संघीय लिम्बुवानले सुरुगर्‍यो र नेतृत्व गर्‍यो । तर, कसरी हुन्छ पूर्वमा गरेको लिम्बुवान आन्दोलनले पश्चिमको सहयोग किन नलिने ? कमसेकम एकले गरेको आन्दोलन ठीक छ भनेर अर्कोले भन्ने र आन्दोलन गर्ने खालको वातावरणको सिर्जना गर्नुपर्छ ।

**यो वातारवणको सिर्जना कसले गर्ने त ?**

**डा. गुरुङः** जसले आन्दोलन गर्छ त्यसको नेतृत्व वर्ग र कार्यकर्ताहरूले गर्नुपर्दछ । र, अरुलाई पनि कसरी हुन्छ त्यसमा बढीभन्दा बढी सहभागी गराउँदै कमसेकम ऐक्यवद्धता प्राप्त गर्नुपर्छ । त्योपट्टि त्यो अलिक कमजोर भयो । अर्को, त्यसमा लागेका साथीहरूको नेतृत्व र लगावमा अलिक स्थिरता भएन । कहिले के भन्या छ । उतिखेरै जुट्या छन्, उतिखेरै फुट्या छन् । हेर्नुस् त लक्ष्मण थारु, अहिले । उसलाई सबैले युवा नेता भन्थे तर त्यसको कुनै स्थायित्व नै भएन । कहिले कहाँ हामफाल्या छ, कहिले कहाँ हाम फाल्या छ ? त्यसो हुँदा सबैको जनसमर्थन र साथ सहयोग पाएको छैन । अब मेरो भन्नुको अर्थ, तेस्तासमेतलाई पनि समन्वय र समायोजित गरेर एक ठाउँमा ल्याई हामीले संयुक्त आन्दोलन अगाडि बढाउनुपर्छ ।

**लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटहरूले कांग्रेस, एमाले र माओवादीभन्दा अलग धारको आन्दोलन उठाइरहेका छन् । आन्दोलन त्यतिकै हुँदैन । आईएनजीओको डलर पनि आउँदैन । कसरी जोड्ने सबै आन्दोलनलाई ? फेरि, केन्द्र र केन्द्रीकृत मात्र भएर एमाले, कांग्रेस हुनुछैन । त्यो हिसाबले, यो तपाइँले भन्नुभएको एकदमै केन्द्रमा मात्र केन्द्रीत हुने कुराले ती क्षेत्रीय भावना र आन्दोलनहरूलाई अलिक कममात्र आँकेको वा अवमुल्यन् गरेजस्तो भएन ?**

**डा. गुरुङः** मेरो भनाइको मत्लव अहिले जुन किसिमले जुन ठाउँमा मात्र केन्द्रित गरेका छन् । त्यो आफ्नो ठाउँमा ठीक छ । तर, त्यसलाई कसरी आम नेपालीको जनसमर्थन दिलाउनेतर्फ बढी अभ्यास गर्ने ? आन्दोलन एकैचोटि देशव्यापी हुँदैन । आधारभुत क्षेत्र त चाहियो । त्यसलाई विस्तारै अरुसँग नजोडिएको हुनाले अलिक अलग्गै खालको आन्दोलन हो कि जस्तो जुन आभाष पाइराखेका छन् । त्यो नहुनको लागि र त्यो आरोपबाट जोगिनको लागि पनि सञ्जालहरू बढाउनेतर्फ अभ्यास गर्ने कुरामा अलिक जोड दिनुपर्दछ । अर्को कुरा, हामीले वैचारिक दृष्टिकोणले पनि स्पष्ट हुनुपर्छ । हाम्रो आन्दोलन के आधारमा गर्दैछौं ? जनजाति आन्दोलन गर्नको सैद्धान्तिक वैचारिक आधार के हो ? इण्डिजिनिटिकै आधारमा गर्दा त्यसले के दिन्छ ? भूमिसँगको सम्बन्ध हो कि ? प्राकृतिक स्रोतसँगको सम्बन्ध वा हाम्रो संस्कार संस्कृतिसँगको बढी सम्बन्ध हो कि ? यही बारेमा भए पनि हामीले वैचारिक हिसाबले स्पष्ट हुनुपर्ने आवश्यकता छ । थप कुरा, एउटा आन्दोलन गरिसकेपछि कमसेकम सबै आन्दोलनमा सहभागी नभए पति तेल्ले नैतिक समर्थन पाउने आधारहरू हामीले सिर्जना गर्नुपर्दछ । तसर्थ, त्यो खालको प्रयास हुनुपर्छ भन्ने कुरो हो । अर्को कुरा लिम्बुवान, खम्बुवान आन्दोलनहरू बढी आपैमा विभाजित छन् । तर उद्देश्य भने एउटै छ ।

**उद्देश्य एउटै भएर पनि विभाजित भइरहनुको कारण के छ ?**

**डा. गुरुङः** त्यो वैचारिक र साङ्गठानिक हिसाबले स्पष्ट नभएपछि त्यस्तो हुने हो ।

**कम्युनिष्टहरू जति नेपालमा र विश्वमा वैचारिक हिसाबले स्पष्ट र उनीहरूको सिद्धान्तका ठेलीहरू पहिल्यै लेखिएका कसको होला ? तर, ती कम्युनिष्टहरू जति धेरै त अहिलेका यी सङ्गठनहरू विभाजित छैनन् नि, होइन ?**

**डा. गुरुङः** त्यो छैन भनेर हामीले त्योसँग तुलना गर्ने कुरो हुँदैन । वैचारिक हिसाबले अन्तर्द्वन्द्वहरू आउँछन् । त्यो कम्युनिष्टमा मात्र होइन, अरुमा पनि आउँछ । तर, अरुमा आउनु र हामीमा आउनु फरक हुनुपर्छ । हामीले अरुको पिछा गर्ने होइन, हामीले नमुना देखाउने हो । हामी वैचारिक हिसाबले पनि अस्पष्ट भयौं भने विभाजित हुन्छौं । हामीमा सामुदायिक स्वार्थभन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थ र महत्वकाङ्क्षा बढी राख्यौं भने हामी जे पनि हुनसक्छौं । हामी पलायन हुनसक्छौं । हामी बिक्न र विचलन हुनसक्छौं । त्यसकारण, हामीले यो कसको स्वार्थको लागि गर्ने हो भन्ने हेर्नुपर्ने हुन्छ । हामीले व्यापक स्वार्थ र हितको लागि गर्ने हो । अर्को मानिसमा व्यक्तिगत इगो हुन्छ, मैमात्र सर्वेसर्वा हुँ, अरुले भनेको किन मान्ने भन्ने भयो भने विभाजित होइन्छ । फेरि, मान्छेको प्रवृत्तिहरू विभिन्न हुन्छन् । कोही बढी पदलोलुप हुन्छन् । म मरो व्यक्तित्व बढाउँला, म सबैको लागि गन्यमान्य हुँला भन्ने व्यक्तिगत स्वार्थ र महत्वकाङ्क्षाले बिगार्छ । राजनीति गर्ने मान्छे महात्वकाङ्क्षी त हुनुपर्छ । तर, अति महात्वाकाङ्क्षी भइयो भने त्यसले मान्छेलाई भड्खालोमा लैजान्छ । त्यसले गर्दा जस्तो लक्ष्मण थारुको उदाहरण दिएँ । ऊ एउटा इनर्जेटिक युवा नेता हो । तर,

उसमा बढी महत्वाकाङ्क्षा छ । त्यस्ताले एक ठाउँ बस्नै दिन्नन् । त्यहाँ केही छायाँमा पर्नेजस्तो देख्यो भने, आफूलाई अलिक भनेको जस्तो ठाउँ भएन भने फ्याट्ट अर्कोमा मिल्किजाने हुन्छ । त्यस्तोबाट हामी सतर्क हुनुपर्छ ।

**अहिले नेपालको केन्द्रीय राज्यसत्ता र केन्द्रीय राजनीतिलाई भत्काएर स्वायत्त–स्वाशासित राज्यहरू निर्माण गर्ने क्रम चलिरहेको छ । कुन कुन स्वशासित राज्यहरू दिनु हुने वा नहुने भन्ने बारेमा त्यो स्वायत्त राज्यहरूको माग र दवाव कति छ भन्ने कुराले पनि अर्थ राख्ला । त्यो हिसाबले पनि त यो लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहटको लागि क्षेत्रीय रुपमै पनि आन्दोलन उठ्न आवश्यक छैन र, फेरि पनि ?**

**डा. गुरुङः** आवश्यक छ । त्यसरी क्षेत्रीय रुपमा उठाउन सकिन्छ । तर, त्यसलाई क्षेत्रीयबाट अर्को बृहत्तर रुपमा पनि जोड्नुपर्छ भन्ने कुरा हो ।

**अब यी क्षेत्रीय राजनीतिक शक्तिहरू यसरी उठ्दै आउनु भनेको विस्तारै केन्द्र कमजोर भई शक्ति बाँडफाँड भएर जानु हो । क्षेत्रीय आन्दोलनहरू अगाडि बढ्दै जाँदा पुराना ठूला भनाउँदा पार्टीहरूको एकछत्र उपस्थिति कमजोर हुने देखेर जातीय हिसाबले उठ्दै गरेको शक्तिहरूलाई नेतृत्व गर्ने नेतृत्वमा फुटाऊ र शासन गर भन्ने नीतिको हाबी भएको छ कि छैन ?**

**डा. गुरुङः** त्यो छ । हुन्छ पनि । त्यसकारणले हामी सतर्क हुनुपर्छ भनेको हो । चलखेल हुन्छन् । किनबेच हुन्छन् । यसमा विभिन्न खालका घुसपैठ हुन्छ । यस्तोमा नै हामी सतर्क हुनुपर्ने हो । त्यो क्षेत्रीय र सानो जातीय सबैमा हुन्छन् । अहिले जनजातिको विरुद्धमा बढी बोल्ने भनेको पनि जनजाति नै छन् । त्यसलाई स्वाभाविक ठानेर सतर्क हुनुपर्छ । जुन स्तरमा क्षेत्रीय आन्दोलनहरू उठिरहेका छन् । त्यो आफैमा सराहनीय कुरा हो । तर, त्यसले होसियारी हुनुपर्ने र समयमै सचेत हुनुपर्ने कुरा पनि धेरै छन् र त्यतातिर पनि लक्षण गर्न खोजेको हो ।

**जनजाति महासंघले ती जातीय–क्षेत्रीय भावनालाई समेटेर आन्दोलन गर्ने आशा हरायो । आदिवासी जनजाति बृहत मोर्चा, नेपालको आन्दोलन पनि देखियो । उता पर्शुराम तामाङले पनि गर्नखोजेकै हुन् । फेरि तपाईंले पनि केही तयारी गर्दैछु भन्नु हुन्छ । अब तपाईंले ल्याउनु भएको अवधारणाले पनि विगतमा अरुले गरेभन्दा नयाँ र साँचिकै एकीकृत आन्दोलन हुन्छ भनेर विश्वास गर्न सकिने आधार के त ?**

**डा. गुरुङः** मेरो अवधारण र महासंघ र मोर्चाले गरेकोभन्दा छुट्टै गर्ने भन्नेको पनि होइन । मैले गर्न खोजेको त यी भइरहेकाहरूकै बीचमा समन्वय गराउने हो । त्यसमा निष्पक्ष तरिकाले समन्वय गर्ने मान्छेहरूको अभाव रह्यो र त्यसको परिपूर्ति गर्न खोजेको मात्रै हो । विगतमा नेतृत्व कसले र कसरी गर्ने भन्ने बारेमा हामीबीचमा पुग्दो गृहकार्य भएन । छलफल र संवाद भएन । ती शक्तिहरू विभिन्न खेमामा बाँडिएर गए । हामीसँग शक्ति नभएको होइन । तर, विभिन्न कारणले तिनीहरू एकतृत हुन सकिरहेका छैनन् । भएका पनि निस्क्रिय अवस्थामा छन् । तिनीहरूलाई एक ठाउँमा ल्याउनु आवश्यक छ । त्यसको लागि अवधारणात्मक हिसाबमा हामी के हो र के गर्ने भन्ने कुरा भावनाको आधारमा मात्र हुँदैन । हाम्रो कार्यदिशा यो हो भन्ने अवधारणात्मक हिसाबले तयार गऱ्यो भने त्यो सबैले चिन्तन-मनन गरेपछि, त्यहाँ बृहत मोर्चामा भएकाहरू आउनु पऱ्यो, महासंघ आउनु पऱ्यो र माओवादी पनि आउनुपऱ्यो । यसरी, त्यो बारेमा केही गर्न सकिनछ कि भन्ने मेरो अभिप्राय हो ।

**अहिले गाउँघर, शहर बजार, देशविदेश जताबाट पनि लिम्बुवान, खम्बुवन, तामाङसालीङ या आदिवासी आन्दोलन धेरै विभाजित भयो र यिनीहरूमा एकता हुनुपर्दछ भन्ने आवाज छ । आन्दोलन एक होस् हामी जे पनि गर्छौं भनेर केवल भनेरमात्र बस्नेहरू पनि छन् । अब नेपालको यो आदिवासी जनजाति आन्दोलन पनि एक होस् र गरौंला भनेर पर्खेर बस्दाबस्तै जे भएकोबाट जतिसकेको आन्दोलन गरेर लिनुपर्ने वा लिन सकिने सम्भावनाहरू पनि खुस्केर जाने त होइन ?**

**डा. गुरुङः** त्यसकै लागि त अलिक छिटो गर्नुपऱ्यो । जुन सदासयता देखाउँदै अरुले चिन्ता गरेका छन् । त्यो चिन्ता हामी सबैको चिन्ता हो । फेरि, अहिले आन्दोलन गर्ने अवस्था पनि हो, एक हिसाबले । भोलि संविधान बनिसकेपछि त आन्दोलन गर्न पनि गाह्रो हुन्छ । त्यो अवसर पनि हामीले हेर्नुपर्छ ।

**अहिले एकारितर, यो आन्दोललन गर्ने सवालमै एउटा आरोप छ कि यी आदिवासी, जनजाति महासंघ, स्वतन्त्र बुद्धिजीवी वा अन्यले एनजीओ आइएनजीओबाट सरसहयोग लिएर कोही आन्दोलन नहोमिएका मान्छे वा समूहले सामाजिक आन्दोलनको रुपमा गर्ने आन्दोलनहरूले खासै खालो सार्दैन भन्ने बुझाई र आरोप पनि छ नि ?**

**डा. गुरुङः** त्यो आरोप पनि आफ्नै ठाउँमा ठीकै होला । मेरो विचारमा तल्लो स्तरका जनताको सहयोग सहभागिता त अनिवार्य र अपरिहार्य हो । तर, त्यसलाई सङ्गठित गर्ने र नेतृत्व गर्ने भनेको सैद्धान्तिक विचार हो र काम गर्ने त सङ्गठन नै हो । त्यतापट्टि हामीले विचार पुऱ्याउनु पर्छ । अन्तत्वगोत्व, विचारले नै हो मान्छेलाई एक बनाउने । भावनाले मात्र एक भइन्न । केही छिनको लागि भावनाले पनि एक भइन्छ । तर, त्यो भावनात्मक एकता त विस्तारै आफै हराउँछ । त्यसकारण, हाम्रो जनजाति आन्दोलनको वैचारिक सैद्धान्तिक धरातल के हुने भन्ने कुरामा हामीले गम्भीर रुपमा बहस र छलफल गर्नु आवश्यक छ ।

**अहिले, आन्दोलन यहाँसम्म उठ्दा आदिवासी जनजातिको राजनीति गर्छौं भनेर राजनीतिक सङ्गठन बनाएर–दर्ता गरेर, चुनाव लड्दै केही राजनीतिक सङ्गठनहरू उनीहरूको आफ्नो वैचारिक–सैद्धान्तिक**

**घोषणपत्रहरूसमेत लिएर आएको अवस्थालाई हेर्दा आदिवासी जनजाति र उत्पीडितहरूको मुक्तिको लागि लिने एउटा राजनीतिक दर्शनको सानो रेखाङ्खन के हुनसक्छ ?**

**डा. गुरुङः** त्यसको लागि आदिवासी जनजातिहरूको भनेर खाली इण्डिजिनिटिको मात्रै पैरवी गर्ने र दर्शन बनाउने हो कि ? यो देशमा हामीबाहेक अरु पनि समुदायहरू छन् । त्यसलाई अटाउने र समाहित हुने खालको विचारहरूलाई पनि लिने भन्ने कुरोमा अहिले यही हुन्छ भनेर त भन्न सकिन्न । तर, पनि त्यसबारेमा छलफल गर्न अति आवश्यक छ ।

**यो छलफल सुरुभएको छ कि छैन ?**

**डा. गुरुङः** मोटामोटी, अनौपचारिक रुपमा त छलफल हुन्छ । आदिवासी जनजातिको पार्टी खोलौं भनेर पनि कुरा त आउँछ । तर, यही कुरामा अल्झिन्छ कि हाम्रो विचार के हुने ? अरुको भन्दा फरक राजनीतिक दर्शन के हुने ? खाली हामीले आदिवासी जनजातिलाई मात्रै हेर्ने र त्यसैको मात्रै सदस्यता बनाउने हिसाबले गर्ने हो कि आदिवासी थलोमा अरु पनि समुदायहरू छन् । तिनीहरू पनि समावेश हुने खालको गर्ने ? त्यसकारणले, विचार आउनको लागि मन्थन गर्नुपर्छ । त्यसको बारेमा अभ्यास गर्नुपर्छ । त्यसैको लागि नै हामी एक ठाउँमा हुनुपर्छ । छलफल गर्नुपर्छ । छलफल गरौं । विचारमा स्पष्ट हौं । हामी अहिले नै एक ठाउँमा पुग्न नसकौंला । तर, केही न केही हाम्रो गाइडिङ लाइन त बन्नसक्छ ।

**यो विचार भनेको कोही केही जान्ने बौद्धिक वर्ग वा समूहले यस्तो होला भनेर निर्माण गर्ने प्रक्रियामा तपाइँको एउटा अवधारणा आउला, यसलाई अरुल हेर्लान् । अनि यस्ता सबैलाई एकतृत गरेर समायोजन गरेर लाने हो या कोही बौद्धिकहरूले तयार गरेर मुक्ति खोज्ने जनजातिहरूको सैद्धान्तिक वैचारिक बाटो यो हो भनेर दिने हो, वा अहिले राजनीतिक रुपमा अभ्यास गर्ने राजनीतिक पार्टी र नेता कार्यकर्ताहरूको अनुभवको आधारमा लिने ? के होला यसको प्रक्रिया ?**

**डा. गुरुङः** यो कुनैले आफ्नो दिमागबाट निकालेर यो हो भनेर दिने कुरा त होइन । जनताको चाहना, आन्दोलनको भावना, मर्म, उनीहरूको आवश्यकता र आकाङ्क्षाहरू सबैलाई पनि बुझ्ने र अहिलेको जो केही बौद्धिक लाइनहरू छन् उनीहरूको विचारलाई पनि समायोजन गर्ने, राजनीतिक दलहरूको आफ्नो अनुभवहरू सेयर गर्ने, ती सबैलाई एक गरेर निचोड निकाल्ने हो । कुनै बौद्धिक विचारहरूको गाइडलाइन हुनसक्छ । तर, त्यसकै हुबहु सबै हुन्छ भन्ने होइन । नीति र दर्शन भनेको अहिलेको परिप्रेक्ष्य र अनुभवको आधारमा बनाउने हो ।

**यी नेपालका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, महिलालगायतको मुक्तिका लागि कुनै एक मजवुत राजनीतिक सङ्गठनको स्थापना हुनुपर्छ भन्ने लाग्दैन ? कि अहिले भएकैबाट हाम्रो मुक्ति सम्भव हुन्छ ?**

**डा. गुरुङः** म भएकैबाट त्यस्तो निराशावादी त होइन । आसावादी नै हो । भइराखेकैलाई अलिक सशक्त बनाएर सुधार्नुपर्नेलाई सुधारेर गर्ने हो । त्यसले हुन सकेन भने विकल्प त हुनुपर्‍यो । तर, विकल्पको बारेमा सोच्नुभन्दा भइराखेका जनजातिका कुनै पनि राजनीतिक दलहरूलाई कसरी बनाउन सकिन्छ भन्ने आसा हो । र, चाहने हो भने सकिन्छ पनि । तर, पनि मेरो विचारचाहिँ भइराखेकैलाई सुधार्नुपर्छ भन्ने हो ।

**तपाइँको थात्थलो कता पो ? तपाइँको जन्म थलो ?**

**डा. गुरुङः** म त पश्चिम बाग्लुङ्को ।

**भनेको तमुवान नै हो नि होइन ?**

**डा. गुरुङः** तमुवान हो । तर, भौगोलिक र अहिलेको विभाजनको आधारले म मगरातमा पर्छु ।

**जसरी यो लिम्बुवान, खम्बुवन र तामाङसालीङको एक किसिमको भिन्नै राजनीतिक आन्दोलन उठ्यो । तर, अहिले तमुवान र मगरातमा त्यसरी उठ्न सकेको छैन नि ?**

**डा. गुरुङः** यसको सामाजिक, ऐतिहासिक पृष्ठभूमि पनि अलिक फरक छ । किनभने, यो मगरात र तमुवान भनेको हिन्दू शासकहरूको सम्पर्कमा धेरै पहिलादेखि आएको र धेरथोर यिनीहरूको शासनसत्ताभित्र अलिकति पहुँच पनि भएको र धेरैचाहिँ ब्राह्मनाइज्ड भइसकेका, हिन्दूकृत भइसकेको हुनाले हो । राई-लिम्बूहरूले अन्तिम समयसम्म प्रतिरोध गरे, हिन्दू शासनसत्ता र गोरखाली राजाहरूको । तर, मगरात र तमुवानपट्टि त्यस्तो भएन । त्ससले गर्दा, त्यसको ऐतिहासक पृष्ठभूमि पनि अलिकति फरक छ । राज्यसँग भएको सम्बन्ध, त्यसको पहुँच, त्यसको प्रभावले गर्दा पूर्व लिम्बुवान-खम्बुवानतिरको भन्दा अलिकति फरक छ । त्यसकारणले ढिलो हुन्छ त्यहाँ आन्दोलन उठ्न ।

**अब यो सात-आठ महिनामा पनि संविधान बन्दैन होला, होइन ?**

**डा. गुरुङः** अहिलेजस्तै यस्तै स्थिति रहिरहने हो भने त बन्दैन । र, बने पनि हामीले चाहेको जस्तो बन्दैन । बनाउन त सक्छन् यिनीहरूले अन्तर्राष्ट्रिय गाल र जनताको गाल जोगाउनको लागि । तर, बनाए भनेपनि हामीले चाहेको जस्तो बनाउँदैनन् ।

**त्यसो भए निष्कर्षमा, के यी संघीयता, स्वायत्तता र धर्मनिरपेक्षताको सवाल केवल नारा मात्रै हुने भए त ?**

**डा. गुरुङः** अहिलेसम्म त्यो नारा मात्रै देखिएको छ । त्यसमा कोही पनि सिरियस देखिँदैनन् । त्यसैले, यो अवस्था नै उपयुक्त अवस्था हो जहाँ हामीले दवावमुलुक कार्यक्रम गर्नसक्छौं । आन्दोलन गर्न सक्यौं भनेचाहिँ केही हामीले चाहेको जस्तो पनि हुनसक्छ ।

# आदिवासी जनजातिका सङ्‌गीत संयोजक अशोक राईसँग अन्तरङ्‌ग

ताप्लिजोङ जिल्लाको हाङपाङ गाउँमा जन्मनु भएका अशोक राई नेपाली तथा आदिवासी जनजाति गीत सङ्‌गीतमा एउटा परिचित व्यक्ति हुन् । उहाँ वरिष्ठ कवि, साहित्यकार तथा शिक्षाविद् गणेश राईका जेठा छोरा हुन् । सानै उमेरदेखि गीत-सङ्‌गीतको आफ्नो झुकावलाई युवावस्थामै पूर्ण व्यवशायिक पेशाका रुपमा अँगाल्न सफल, मिलनसार, इमान्दार, गतिशील, सृजनशील र शालीन अशोक राईले आदिवासी गीत-सङ्‌गीतलाई दिएको योगदानलाई अध्ययन गर्दा उहाँलाई 'आदीवासी जनजातिको सङ्‌गीत संयोजनका गुरु' भन्दा खेर जाँदैन । प्रस्तुत छः **संघीय** मासिकका कला संयोजक धनवीर साँवासँग गरिएको अन्तरङ्‌ग ।



**परिचयः**

**नाम : अशोक राई**

**जन्म मिति** :२०२७ असोज १७ (हङपाङ ताप्लिजोङ)

**ठेगाना** : नयाँ बानेश्वर, काठमाडौं, नेपाल

**परिवार** : श्रीमति डोमा राई, छोरी सायला र छोरा सौहार्द ।

**सङ्‌गीत** : करिब ६०० को हाराहारी

**सङ्‌गीत संयोजन** : १५५० को हाराहारी

**मान सम्मान** : किरात याक्थुङ चुम्लुङ, सम्मान सन् २००३; हाङपाङ सेवा समाज, सम्मान २०६५; बि. स. राष्ट्रिय युवा प्रतिभा परस्कार २०६६

**गीति एल्वम** : रहर, यात्रा आरम्भ, आयाम, परिवर्तनका तरङ्‌गहरू, यो जिन्दगी, विहानी (वालगीत), मानव अधिकार घोषणा-पत्र,

**गीति नाटक** : आशा, अम्लारि फुङ्

**चलचित्र** : मासेमी, छिमेकी, शस्त्र, जवाफ, चेसुङ, दुखिलाको कर्म (तामाङ भाषा)

**एकल सङ्‌गीत साँझः** हिमाली साङ्‌गीतिक साँझ २०५६, देउसी साङ्‌गीतिक साँझ हङकङ, सन् २००३ ,श्रमिक साँझ २०६६,

**सङ्‌गठमा आवद्धता** : राष्ट्रिय जन साँस्कृतिक मञ्च, नेपाल केन्द्रीय सचिव

## कुराकानीः

**तपाईंको मुख्य पेशा ?**

**अशोकः** सङ्‌गीत र सङ्‌गीत संयोजन ।

**गीत-सङ्‌गीतमा कहिलेदेखि लाग्नुभयो ?**

**अशोकः**२०४४/०४५ बाट प्रवेश गरे पनि ०४७/०८ सालदेखि मात्र व्यवशायिक रुपमा लाग्दै हाल पूर्ण व्यवशायिक भएर निरन्तरता दिएको छु ।

**यो पेशाले जिविकोपार्जन गर्न पुग्छ ?**

**अशोकः**सङ्‌गीत पेशामा व्यापारजस्तो ठूलो आर्थिक आर्जन त हुँदैन । त्यस्तो आशाले पनि लागिएको छैन । जीवन जिउने आ- आफ्नै शैली हुन्छ । मलाई मेरो शैलीमा जिउन सङ्‌गीत पेशाले पुगिआएको छ ।

**आफ्नो यो पेशाले सन्तुष्ट हुनुहुन्छ ?**

**अशोकः**सङ्‌गीत भन्ने कुरा रहरले मात्र अँगाल्दा रमाइलो हुन्छ । व्यावशायको रुपमा लिएपछि कहिले कहीँ अफ्ठ्यारो पनि महसुस हुँदोरहेछ । तर, यो पेशा अँगालेको २० वर्ष भयो । म सन्तुष्टै छु ।

**मासिक कति जति आम्दानी हुन्छ ?**

**अशोकः**जागीरजस्तो यति नै हुन्छ भन्न त सकिँदैन । तर, मेरो आम्दानीले परिवार राम्ररी चलाउँछु ।

**तपाईंको सबैभन्दा चलेको गीत कुन हो ?**

**अशोकः** लोचन भट्टराईले गाउनु भएको 'लेखमा जाने साइँलादाइ' भन्ने सेलो भाकाको गीत ।

**'बल्ल भेट भो आदाङ्ब' कुन प्रकारको गीत हो ?**

**अशोकः** लिम्बू भाकालाई आधार बनाई लिम्बू कला-संस्कृतिलाई पृष्ठभूमि बनाई तयार गरिएको गीत हो । खासगरी, पालाम भाकामा

मुर्चुङ्गा र च्याब्रुङको प्रयोग गरिएको छ । अनि गीतमा लिम्बू परम्परागत शब्द राखिएको छ ।

**तपाईंलाई बढीजसो आदिवासी जनजातिको गीत-सङ्गीतको संयोजन गर्ने म्युजिक अरेन्जर भन्छन् । जनजातिको गीत र नेपाली गीतको अरेन्जमा के फरक छ ?**

**अशोकः** आज अशोक राई जुन ठाउँमा छ त्यहाँसम्म आउन आदिवासी जनजाति समुदायको ठूलो योगदान छ । त्यसैले, म सम्पूर्ण जनजाति अझ लिम्बू समुदायलाई हृदयबाटै हार्दिक कृतज्ञता जाहेर नगरी नहन सक्दिन । उहाँहरुसँग मेरो जीवनको आधा हिस्सा गाँसिएको छ । अन्य गीत अरेन्ज गर्दा शब्द र सङ्गीत मात्र ध्यान दिए पुग्छ केही सीमा हुदैन । तर, जनजातीय भाषाको गीत- सङ्गीत अरेन्ज गर्दा एउटा सीमाभित्र रहेर गर्नुपर्दछ । गीतको मुलरुपलाई मर्न दिनुहुदैन । साथै, त्यो भाषाको जातीय संस्कृति झल्काउने र स्रोतालाई मन्त्रमुग्ध पार्नसक्ने गरी बाजागाजा संयोजन गर्नुपर्दछ । त्यति फरक छ ।

**सबैभन्दा बढी कुन जातिको म्युजिक अरेन्ज गर्नुभयो ?**

**अशोकः** लिम्बू जातिकै बढी गरियो । त्यसपछि, तामाङ भाषाको । साथै, राई, थारु, मगर, गुरुङ, मैथिली र अन्य धरै जातिको गरेको छु ।

**जनजातिको म्युजिक अरेन्ज गर्दा कतिको अप्ठ्यारो हुन्छ ?**

**अशोकः** त्यस्तो आफठ्यारो नै त हुँदैन । मुख्य कुरा, सङ्गीतकार तथा गायकको भावना बुझ्न सक्नु पर्नेहुन्छ । साथै, त्यस समुदायको संस्कृतिको बारेमा पनि ज्ञान हुनुपर्दछ । अनि, सजिलो हुन्छ ।

**तपाईं त गैर लिम्बू तर धेरै लिम्बूहरुले तपाईंको सङ्गीत र अरेन्ज मनपराउँछन्, यसमा तपाईंको के कला छ कि जादु छ ?**

**अशोकः** अरेन्ज त अरु साथीहरूको पनि मन पराउनुभएको छ । अरुको पनि नराम्रा छैनन् । तर, मेरो सङ्गीत र अरेन्जचाहिँ विशेष गरी लिम्बू समुदायमै जन्मेर त्यही परिवेशमा हुर्केको साथै वहाँहरूसँग बढी घुलमिल भएर होला, उहाँहरूले आफ्नै सम्झेर राम्रो मानिदिनु भएको । तर, जनजाति साथीहरूको भावना बुझ्नसक्नु नै एउटा सफलताको कडी हो ।

**नेपाली र आदीवासी जनजातीको गीत-सङ्गीत तथा संस्कृतिको प्रर्वद्धन र विकासमा राज्यको सहयोग कस्तो छ ?**

**अशोकः** अहिलेको स्थितिमा राज्यबाट हामीले त्यस्तो आशा राख्नु आफूले आफैलाई निराश पार्नु हो । गीत-सङ्गीतको सम्बर्द्धन गर्ने संस्थाहरू मुलधारको गीत-सङ्गीतमै व्यस्त छन । जातीय गीत-सङ्गीतमा खासै ध्यान दिएजस्तो लाग्दैन । जागीर पकाउने मेलोमा नै दिन काट्दै छन् । जनजातिको नाममा ठूल्ठूला सेमिनार गऱ्यो, भत्ता खायो र हलबाहिर निस्केपछि सिद्धियो । यस गफ गरेर कला संस्कृतिको विकास हुँदैन ।

**राज्यले किन यसरी भेद्भाव गरेको होला ?**

**अशोकः** २,३०० वर्ष पुरानो रीतिरिवाजलाई अहिले तुरुन्तै मन्त्र पढेजस्तै निखार्न त सकिँदैन । अहिले हामीले यसको लागि आधार तयार पार्नुपर्छ । त्यसलाई निरन्तरता दिन एकमत भएर आवाज उठाउनुपर्छ । हामीबीच ठूलो समस्या भनेको मन नमिल्नु र एकापसमा विभाजित हुनुपनि हो । त्यसलाई चिर्दै लक्ष्यका लागि हामी लाग्यौं भने एकदिन जनजातिको पनि राज्यमा समान अधिकार हुनेछ ।

**भर्खरै, स्थापना भएको नाट्य तथा सङ्गीत प्रतिष्ठानले नेपाली सङ्गीत र आदिवासी सङ्गीतको संरक्षण गर्नसक्छ ?**

**अशोकः** अहिले हामी कहाँ सत्तामात्र छ राज्य छैन । राजनीतिमात्र छ जननीति छैन । यस्तो परिस्थिति छ । त्यहाँ जाने सबै व्यक्तिहरू राजनीति पृष्ठभूमिबाट गएका छन । उहाँहरूलाई अहिले आफ्नो मौलिक कला-संस्कृतिको सम्बर्द्धन गर्नुभन्दा पार्टीको नीति-नियम के कस्तो आउने हो, त्यसमा मात्र ध्यान केन्द्रित गर्दछन् । अहिले, जुन प्रतिष्ठान स्थापना भयो, एक्दम राम्रो भयो तर काम गर्ने तरिका उही हो । यसबाट आदिवासी जनजातिले सोचेजस्तो आशा अहिले नै नगरौं ।

**आदिवासीको मौलिक संस्कृतिलाई जगेर्ना गर्न अब हामीले के के गर्नुपर्छ ?**

**अशोकः** आफूले आफ्नो कला-संस्कृति सम्बर्द्धन र विकास गर्नुपर्छ भन्ने भावना लिनुपर्दछ । अरु, कसैले आएर हाम्रो लागि काम गर्नेवाला छैन । हाम्रो कला-संस्कृति हिजो थियो आज पनि छ । तर, अब के हुने हो भन्ने हेक्का हामी सबै आदिवासी जनजातिमा हुन जरुरी छ । हामीबीच जातीय मुद्दामा राजनीतिक विचारको तगारो पार गरेर उठ्न सकेनौं भने यो मात्र छलफलको विषयमा सिमित रहनेछ ।

**अन्तमा, यो संघीय मासिक पत्रिकामार्फत् तपाईंका स्रोताहरूलाई के भन्नुहुन्छ ?**

**अशोकः** संघीय मासिकलाई मुरीमुरी धन्यवाद, मेरो विचार राख्न दिनु भएकोमा । मैले, भर्खरै चलचित्र पल्टनमा सङ्गीत दिएको छु । गीत सुनेर सुझाव दिनु होला । यही मङ्सिर २४ र २५ गते मेरो निर्देशन तथा सङ्गीत संयोजनमा बृहत साँस्कृतिक कार्यक्रम प्रज्ञाभवनमा हुँदैछ । नेपालमा पहिलो पटक म्युजिक ट्रयाकसँगै १५ जना वाध्यवादक साथै २० जना कोरश राखेर गीत प्रस्तुत गर्ने तयारी भइरहेको छ । अन्त्यमा, सम्पूर्ण आदिवासी जनजाति दाजुभाइ दिदीबहिनीको साथसहयोग र सरसल्लाह आगामी दिनमा पनि पाउने आशा राख्दछु ।

♦ **धनवीर साँबा 'मिक्केङदाङ'**

# तामाङसालीङको ऐतिहासिक पृष्ठभूमि, जनजागरण अभियान र कार्यदिशा



♦ सिङमान तामाङ 'ख्युङ्बा'

तामाङसालीङवासी विविध जातजातिहरूमध्ये तामाङ जाति नेपालको उत्तर-पूर्व हिमाली भू-क्षेत्र मध्येखण्डको मूलआदिवासी जनजाति हो । २०३४ सालमा नेपाल सरकार र सोभियत संघ रूसका तत्कालीन सरकारबीच भएको सांस्कृतिक संझौताअन्तर्गत लेनिनग्राद विश्वविद्यालय पुरातत्व विभागका प्राग-ऐतिहासिक पुरातत्वविद् डा. एनातोली थाकोब्लेभ शेटेन्कोद्वारा २०३४ सालको हिउँदको अन्त्यमा दुई महिनाका लागि नेपालको पुरातत्व विभागको सहयोगमा अनेक प्राग-ऐतिहासिक स्थलको अध्ययन गरिनेक्रम्मा काठमाडौं जिल्लाको बूढानीलकण्ठ दक्षिणपूर्वतिरको बानियागाउँ र पण्डितगाउँका बीचमा रहेको धोबीखोलाको किनारमा पाषणयुगको ढुङ्गाका गोही आकारको हातहतियारहरू फेला पारेका थिए, जुन हातहतियारहरू ३० हजार वर्ष पुराना भएको उनको दावी थियो । उक्त हातहतियारहरू नेपालमा बसोबास गर्ने मंगोल वंशका तामाङ जातिले प्रयोग गरेका हुन् भन्ने प्रसङ्गले र हालसम्म काठमाडौं उपत्यकाको चारैतिर तामाङहरूको बसोबासले गर्दा पनि तामाङ जाति ३० हजार वर्ष पहिलेदेखि नै काठमाडौंलाई केन्द्रबिन्दु गरेर बसोबास गरेका रहेछन् भन्ने तथ्य प्रमाणित हुन्छ । तामाङ जाति मङ्गोल वंशका हुनाले चीनबाट महामञ्जुश्री काठमाडौंमा आई चोभार डाडाँलाई उहाँको हातमा रहेको खड्ग प्रयोग गरी काठमाडौंभित्रको पानीलाई चोभारबाहिर पठाई उपत्यकाभित्र बस्ती बसालेको तथ्यलाई तुलनात्मक दृष्टिकोणबाट विश्लेषण गर्दा महामञ्जुश्रीसँगै काठमाडौंमा आई बसोबास गर्ने पहिलो मंगोल वंशका जाति तामाङहरू नै हुन सक्छन् भन्ने तर्क पनि एकातिर रहेको छ । त्यसै गरी ललितपुरको लुभु, काभ्रेपलाञ्चोकको खोपासी, पनौतीको रोसीखोला, दोलखा, रामेछाप र मकवानपुर आदि स्थानहरूमा पनि केही पाषाणयुगको हातहतियारहरू फेला परेका थिए । आदिमकालदेखि नेपालको पूर्व-पश्चिम र उत्तर-दक्षिणको मध्ये भू-खण्डहरूमा बसोबास गर्ने मूलआदिवासी जनजाति मंगोलहरू नै थिए भनी समाजशास्त्री र इतिहासकारहरूको अध्ययनले सार्वजनिक गरिसकेको छ । गोरखा साम्राज्यको स्थापना नहुन्जेलसम्म अर्थात् वि.सं. १८१९ सम्म तामाङहरूको कुनै न कुनै रूपमा राज्यहरू (ग्लेसा) सञ्चालनमा थिए । तामाङ जातिको वंशावलीहरू: जीक्तेन ताम्छ्योइ, ह्वीछेन चोप्गे, हाम्रा, ताम्बाकाइतेन, थुङ्सा, बब्साहरू अद्यावधि मौखिक तथा भोट वर्मेली लिपिमा लेखिएका छन् । यी ग्रन्थहरू तथा ताम्बाको मौखिक काइरहनहरूमा इतिहासकालदेखि नै तामाङ थरहरूको उत्पत्ति तिनीहरूको उद्गम राज्य तथा राजकूलको नाम दिइएको छ ।

**गोर्खाको पूर्वपट्टि बुढीगण्डकीको किनार, धादिङको सेंम्जोङ्मा वाइबा थरको तामाङ जातिको राज्य थियो, जसलाई गोर्खाका राजा रामशाहले पूर्वतर्फ बढ्ने क्रममा हराएका थिए । नुवाकोटको ककनीमा रूम्बा थरको राज्य रहेकोमा यसलाई वि.सं. १८०१ बाट गोरखाली सैनिकले आक्रमण सुरु गरी अन्तिम पटक वि.सं. १८१९ भदौमा कब्जा गरेका थिए । रसुवाको गोल्जुङ्मा राजा नरभुपाल शाहको पालासम्म तामाङहरूको राज्य थियो । पृथ्वीनारायण शाहले जितेपछि त्यहाँको ज्योमलाई आन्तरिक नेतृत्व सुम्पी बाहिरी नेतृत्व गोरखा साम्राज्यले लिएको थियो । रामेछापको दोरम्बा ताल्चुमा घिसिङ थरका तामाङ राजाको राज्य थियो । यसलाई पनि गोरखाली सैनिकले अन्तिम पटक वि.सं. १८१९ भदौमा कब्जा गरेका थिए । मकवानपुरका सेन राजाले ताम्रापत्र गरेअनुसार काभ्रेको तिमालमा दोङ थरका "ह्रीञ्जेन दोर्जे तामाङ" राजा थिए । पृथ्वीनारायण शाहका भाइ दलजीत शाहको नेतृत्वमा रहेको गोरखाली फौजले वि.सं. १८१९ असोज २ गते षडयन्त्रमूलक ढंगबाट ह्रीञ्जेन दोर्जे तामाङको हत्या गरी उक्त भू-भागहरू कब्जा गरेको थियो । यसरी गोरखालीहरूले छलकपट प्रयोग गरेर तामाङसालीङ राज्यमा अधिकार जमाए ।**

गोर्खाको पूर्वपट्टि बुढीगण्डकीको किनार, धादिङको सेंम्जोङ्मा वाइबा थरको तामाङ जातिको राज्य थियो, जसलाई गोर्खाका

राजा रामशाहले पूर्वतर्फ बढ्नेक्रम्मा हराएका थिए । नुवाकोटको ककनीमा रूम्बा थरको राज्य रहेकोमा यसलाई वि.सं. १८०१ बाट गोरखाली सैनिकले आक्रमण सुरु गरी अन्तिम पटक वि.सं. १८१९ भदौमा कब्जा गरेका थिए । रसुवाको गोल्जुङ्मा राजा नरभुपाल शाहको पालासम्म तामाङहरूको राज्य थियो । पृथ्वीनारायण शाहले जितेपछि त्यहाँको ज्योमलाई आन्तरिक नेतृत्व सुम्पी बाहिरी नेतृत्व गोर्खा साम्राज्यले लिएको थियो । रामेछापको दोरम्बा ताल्चुमा घिसिङ थरका तामाङ राजाको राज्य थियो । यसलाई पनि गोर्खाली सैनिकले अन्तिम पटक वि.सं. १८१९ भदौमा कब्जा गरेका थिए । मकवानपुरका सेन राजाले ताम्रपत्र गरेअनुसार काभ्रेको तिमालमा दोङ थरका “ह्रीञ्जेन दोर्जे तामाङ” राजा थिए । पृथ्वीनारायण शाहका भाइ दलजीत शाहको नेतृत्वमा रहेको गोर्खाली फौजले वि.सं. १८१९ असोज २ गते षडयन्त्रमूलक ढंगबाट ह्रीञ्जेन दोर्जे तामाङको हत्या गरी उक्त भू-भागहरू कब्जा गरेको थियो । यसरी गोरखालीहरूले छलकपट प्रयोग गरेर तामाङसालीङ राज्यमा अधिकार जमाए । त्यसैगरी पूर्वका खम्बुवान, लिम्बुवानमा पनि आक्रमण सुरुगरेपछि वि. सं. १८३१ साउन २२ गते गोरखाली सेना र लिम्बुवानबीच सम्झौता भयो । त्यसपछि, गोरखालीहरूले नेपालको सम्पूर्ण भूभागहरूमा एक भाषा, एक धर्म, एक संस्कृतिको अति केन्द्रीकृत शासन सुरु गरे । त्यसरी तामाङसालीङ भूमिमाथिको क्रूर दमनले गर्दा आज तामाङ जातिलाई २५० वर्षसम्म एकात्मक राज्यव्यवस्थाले राज्यको मूलप्रवाहमा प्रतिनिधित्व हुनबाट वञ्चित गराइरहेका छन् ।

नेपालको इतिहासमा तामाङहरूले दुईपटक सैनिक विद्रोह गरे । त्यसपछि तामाङ सेनाहरूलाई निःशस्त्र बनाउन पीपा गोश्वारा अड्डा खडा गरियो । सन् १८१६ अर्थात् वि.सं. १८७३ को सुगौली सन्धिपछि नेपाली शासक र इष्ट इण्डिया कम्पनीबीच एउटा गोप्य सन्धि भयो । त्यो गोप्य सन्धि के विषयमा थियो भने नेपाल खाल्डोको वरिपरिलगायत पूर्व १ नं. हालको रामेछाप जिल्लाअन्तर्गत तामाकोशीको पश्चिमसम्म, सिन्धुली जिल्लाको पश्चिम १ नं सम्म र धादिङ जिल्लाको उत्तरी क्षेत्रका नेपाली नागरिकहरूलाई आफ्नो गोरखा फौजमा भर्ना गर्न बन्देज गरियो । त्यस क्षेत्रको निश्चित भू-भागहरूमा तामाङहरूको बाहुल्यता रहेको हुँदा तामाङहरूलाई सुविधाविहिन बनाउन एवं विद्रोहको इतिहासबाट डराई तत्कालीन राज्यसत्ता सञ्चालन गर्ने हिमायतिहरूले कायरतापूर्वक साम, दाम, दण्ड भेदको सूत्र प्रयोग गर्ने नीति अपनाइएको थियो ।

**(क) तामाङसालीङ स्वायत्त राज्य स्थापनाको ऐतिहासिक आधारहरू :**

१. तामाङसालीङ स्वायत्त राज्य आदिवासी तामाङ जातिको आदिम पूर्ख्यौली थलो हो साथै उनीहरूको मौलिक इतिहास, धर्म, संस्कृति, सामाजिक परम्परा र आर्थिक जीवनशैली पूर्णरूपमा यही भूमिमा निर्भर रहेको,

२. गोरखाका पृथ्वीनारायण शाह वि.सं. १७९९ मा राजा घोषित भएपछि उनले वि.सं. १८०१ बाट तामाङसालीङ भूमिमाथि औपनिवेशिक अतिक्रमण गर्नुअगाडि १८औं शताब्दीको पूर्वार्द्धसम्म तामाङसालीङवासीहरू स्वायत्त रूपमा स्वशासित भएर रहेको,

३. वि.सं. १८०१ देखि गोरखाली सेनाको अतिक्रमण सुरु भएपछि नेपालमा केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाको प्रभुत्व लादिएको २५० वर्षको अवधिसम्म पनि तामाङसालीङवासीहरूको जातीय परम्पराको इतिहास, आफ्नो समृद्ध भाषा, लिपि, धर्म, विविध संस्कृतिहरूको पहिचानलाई कायम राख्दै राजनीतिक स्वायत्तताको निम्ति अनवरत रूपमा संघर्षरत रहेको,

४. तामाङसालीङ भूमिमा आदिमकालदेखि आपसी सहअस्तित्वमा रहिआएका आदिवासी तामाङ, सुनुवार, चेपाङ, थामी, हायू, पहरी, योल्मो, नेवार, मगर, गुरुङ तथा गैरआदिवासी अन्य जातजातिहरूसमेत सबै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालअन्तर्गत स्वायत्त तामाङसालीङ राज्यमा स्वशासित रहने प्रवल चाहना प्रकट गरेको,



तामाङसालीङ जनजागरण अभियान घोषणा कार्यक्रम




**सिङ्गो तामाङसालीङ प्रदेश**

५. संयुक्त राष्ट्रसंघको आदिवासी घोषणा-पत्रबमोजिम र अन्तरराष्ट्रिय श्रम संगठन (ILO) महासन्धि -१६९ द्वारा पारित आदिवासीहरूको अधिकारअनुसार उनीहरूको पूर्ख्यौली थातथलो र प्राकृतिक स्रोत सम्पदामाथिको प्रयोग र नामकरण गर्नेबारे आत्मनिर्णयको अधिकार प्रदान गरेकोले,

६. नेपालको राष्ट्रिय एकता, अखण्डता, सहअस्तित्व र चिरस्थायी शान्तिको जगलाई तामाङसालीङवासीहरूद्वारा सधैं आत्मसात गर्दै आएको हुँदा जातीय, ऐतिहासिक, साँस्कृतिक, र भाषिक आधारहरूको जगमा रहेर पनि तामाङसालीङ स्वायत्त राज्य निर्माण हुने इतिहास स्पष्ट भएको,

७.तामाङसालीङवासीहरूको उल्लेखित जातीय पहिचानको जगलाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको भावी संविधानअन्तर्गत रहने गरी आत्मनिर्णयको अधिकारसहितको तामाङसालीङ स्वायत्त राज्य स्थापना गर्ने ऐतिहासिक आधार घनिभूत रूपमा रहेको,

८. तामाङसालीङ भन्नाले : 'तामाङ' भनेको जाति, 'सा' भनेको भूमि र 'लीङ' भनेको पवित्र क्षेत्र अर्थात्=तामाङ जातिको ऐतिहासिक भूमिभित्रको पवित्र क्षेत्रहरू हो ।

**(ख) दसवर्षे सशस्त्र-जनयुद्ध, २०६२/०६३को जनआन्दोलन-२ र ०६३/०६४को संघीयवादी आन्दोलन:**

माओवादीले सुरु गरेको सशस्त्र जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनले नेपालको राजनीतिमा ठूलो परिवर्तन ल्यायो । यी दुईवटै संघर्षमा नेपालका आदिवासीहरूले प्रमुख रूपमा धेरै रगत, पसिना र आँशु बगाए । राजनीतिक सिद्धान्तहरू जुनसुकै भए पनि यी दुईवटै संघर्षमा नेपालका आदिवासीहरूले लडेका थिए । २०६३ कार्त्तिक २२ गते सातदल र माओवादीबीच भएको सहमतिमा 'संघीय' भन्ने शब्द थिएन । अब अन्तरिम संविधानमा 'संघीय' शब्द नलेख्ने रहेछ भनी लेखाउनका लागि सबभन्दा पहिले संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्ले २०६३ मंसिर १५ गते लिम्बुवान बन्द आह्वान गऱ्यो । लिम्बुवानले आव्हान गरेको त्यस आन्दोलनलाई तामाङसालीङ स्वायत्त राज्यपरिषद्ले पूर्णसहयोग गरेको थियो । २०६३ माघ १ गते अन्तरिम संविधान घोषणा गरियो । तर, त्यहाँ 'संघीय' शब्द उल्लेख थिएन । अन्तरिम संविधानमा 'संघीय' शब्द लेखाउन मञ्चअन्तर्गतका तामाङसालीङ, लिम्बुवान, खम्बुवान, थरुहटले निरन्तर आन्दोलन अघि बढायो । मञ्चसम्बद्ध परिषद्हरूको यही आन्दोलनबाट अभिप्रेरित भएर मधेशीहरूले पनि आन्दोलन सुरु गरे र अन्त्यमा संघीयवादीहरूको विशाल आन्दोलन अघि बढ्यो । २०६३/०६४ को संघीयवादी आन्दोलनको कारण नै २०६३ फागुन ३० गते ८ दललाई अन्तरिम संविधान संशोधन गरी 'संघीय' शब्द थप्न बाध्य पारियो । यदि संघीय मञ्चसम्बद्ध राज्यपरिषद्हरूले संघीय आन्दोलन अघि नबढाएर त्यतिबेला संविधानमा संघीय शब्द नपरेको भए अहिलेको स्थिति हो भने १०औं हजारले वलिदान दिँदा पनि एकात्मकवादीहरूले संघीय शब्द थप्ने थिएनन् । त्यसैले दशवर्षे सशस्त्र जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन २ र ०६३/०६४ को संघीयवादीहरूको आन्दोलनलगायत यी ३ वटै आन्दोलनहरूको उत्तिकै महत्व छ र यी एकआपसमा परिपूरक छन् । त्यसैले, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको संस्थापकहरूमध्ये एक मञ्चसम्बद्ध तामाङसालीङ स्वायत्त राज्यपरिषद्ले नेपाललाई संघीयकरण गर्ने आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको छर्लङ्ग छ ।

**(ग) नेपाललाई संघात्मक शासनव्यवस्थाको अपरिहार्य आवश्यकता:**

पृथ्वीनारायण शाहले नेपाललाई एकात्मककरण गर्नुभन्दा पहिले कम विकसित अवस्थामा नै भएपनि नेपाल एक संघीय ढाँचाको देश थियो । पृथ्वीनारायण शाहको गोरखाली सेनाहरूले छलकपट र षडयन्त्रपूर्ण नीतिले यो देशलाई एकात्मककरण गरे । एकात्मककरण गरेर एक भाषा, एक धर्म, एक जातिको नीति लादेर यहाँका आदिवासीहरूलाई सखाप पार्न अनेक योजनाहरू ल्याए । तर, २१औं शताब्दीका आदिवासीहरू र सम्पूर्ण नेपाली जनताहरूको चेतना र संघर्षले एकात्मक राज्य र यसका अवशेषहरूको समूल अन्त्य गराइसकेको घामजतिकै प्रष्ट छ । साथै आगामी दिनहरूमा त्यस्ता किसिमको सामन्ती एकात्मकवादी संरचनाको अवशेषहरूलाई सदा-सदाका लागि पुनर्जीवित हुने मौका कदापि पनि दिनु हुँदैन । अब हाम्रो अगाडिको जिम्मेवारी यो शिशु संघीय लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षतालाई कसरी चिरस्थायीरूपमा मजबुत बनाउन सकिन्छ भन्ने महत्वपूर्ण अभिभारा हाम्रो अगाडि चुनौतीको रूपमा रहेको छ । विगत २५० वर्षदेखिको सामन्ती एकात्मकवादीहरूले भनिरहेका छन् कि संघीयताले देश टुक्रिन्छ भन्दै रोइरहेका छन् । तिनीहरूले संघीयता असफल भएको एक दुईवटा देशको उदाहरण २०

औंपल्टसम्म दिन्छन् । तर, विगतदेखि वर्तमानसम्म विश्वकै सबैभन्दा सफल शक्तिशाली संघीय देशहरू- अमेरिका, स्वीट्जरल्याण्ड, क्यानडा, भारत, मेलेसिया, बेल्जियम, अष्ट्रेलिया, ब्राजिल, जर्मनी आदि देशहरूको उदाहरण कहिल्यै दिन चाहदैनन्। उनीहरूले त्यसो गर्नुको कारण- नेपालमा संघीयता भएपछि यहाँका आदिवासी, दलित, तराईबासी, महिला सबैले सत्ताका समान साझेदारी पाउनेछन् र आदिवासीहरूको भाषा, धर्म, संस्कृति फलेर फुलेर जानेछ । त्यसरी, आदिवासीहरूको प्रगति, उन्नति भएको एकात्मकवादीहरूले कहिल्यै पनि देख्न चाहदैनन् र उनीहरू सधैं राज्यको सिङ्गो संरचनामा एकछत्र हालीमुहाली गर्न पाइँदैन कि भन्ने विषयमा मात्र चिन्तित छ । त्यसैकारण, उनीहरूले संघीयताको विरुद्धमा रुन्चे अभिव्यक्तिहरू दिइरहेका छन् ।

**केही राजनीतिक दलका नेताको अभिव्यक्तिहरू :**

अझै पनि विश्वमा पुँजीवाद र साम्यवादी दर्शन मात्र ठूलो हो भनेर संघीय राज्यसंरचनालाई ओझेलमा पार्ने दुस्प्रयास गरिरहेका छन् । विश्वको अनुभवले देखाइसकेको छ कि पुँजीवादले वा साम्यवादले मात्र विकास गर्छ भन्ने सत्य होइन रहेछ, जुन देशको नेता र जनताहरूमा राष्ट्रवाद छ, त्यो देशले चाँडो प्रगति गरेर विश्वमा परिचित हुँदोरहेछ । त्यसैगरी, जब तामाङसालीङ राज्य प्राप्त हुन्छ तब तामाङसालीवासीहरूमा ' अहो ! हाम्रो पनि राज्य भयो अब १० वर्ष गुरुयोजना बनाएर तामाङसालीङ र तामाङसालीङवासी जनताहरूको सर्वाङ्गीण विकास गर्दै विश्वमा कसरी चाँडो परिचित हुने' भन्ने भावना आफसेआफ आउँछ र उनीहरू हरेक कुरामा जिम्मेवार भएर प्रस्तुत हुन्छन् । अनि तामाङसालीङ भूमिमा राष्ट्रवादको जन्म हुन्छ र त्यसले प्रगतिको दीर्घकालिन यात्रा सुरु गर्छ । यो प्रक्रिया नै हामीले भनेको सहअस्तित्ववाद र संघीय समुदाय समाजवादको मार्गदर्शनअनुसार हुनेछ ।

आजको यो २१औं शताब्दीको चेतनशील नेपाली जनताहरूमा धारा, कुलो, सडकको नाराहरूले मात्र अबको राजनीतिलाई सम्बोधन गर्न सक्दैन । प्रत्येक राजनीतिक दलहरूको मूलसिद्धान्त (घोषणा पत्र)मा हाम्रो तामाङसालीङ भूमि र तामाङसालीङवासी विविध जातजातिहरूलाई राजनीतिक रूपमा कसरी सम्बोधन गरिएको छ वा छैन ? अबको तामाङसालीङवासी जनताहरूले त्यसको प्रतिवद्धता चाहन्छन् । २१औं शताब्दीको विश्व राजनीति जातीय पहिचानको राजनीति (Politics of Identity) हो । तामाङसालीङसहितको नेपाल, तामाङसालीङसहितको विकास र शिक्षा, अबको सोचाइ त्योभन्दा अरू हुनसक्दैन । तामाङसालीङ भूमिविनाको नेपाल, तामाङसालीङविनाको विकास शिक्षा र प्रधानमन्त्रीको पदको कुनै अर्थ छैन । त्यसो हुनाले सम्पूर्ण शोषित-पीडित तामाङसालीङ भूमिको आदिवासीहरू, गैरआदिवासी क्षेत्री-बाहुनलगायत दलित एवम् संघीयवादीहरू सबैले नेपाललाई चिरस्थायी रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाअन्तर्गतको भावी संविधान निर्माण गर्नु जस्तोसुकै वलिदान दिनको लागि पनि तयारी हुनैपर्छ ।

**(घ) राज्य पुनर्संरचनाको विषयगत बाँडफाँड समितिको १४ प्रदेशको प्रस्ताव :**

नेपालमा बसोबास गर्ने सबै जातजातिहरूको ऐतिहासिकताका आधारमा जनसांख्यिक, भाषिक एवं साँस्कृतिक बाहुल्यताको पहिचानअनुसार तामाङसालीङ स्वायत्त राज्य स्थापना गर्दा कायम रहने नेपालको वर्तमान जिल्लाहरूः काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, धादिङ, नुवाकोट, रसुवा, चितवन, मकवानपुर र सिन्धुली यी नै १० वटा जिल्लाको भू-भागहरू कायम रहनेछन्। तामाङसालीङ स्वायत्त राज्य नेपालको प्रस्तावित सीमाङ्कनहरूः- दक्षिणमाः- पूर्व-पश्चिम लोकमर्ग, उत्तरमाः- चीनको स्वशासित क्षेत्र, तिब्वतको सिमानासम्म, पूर्वमाः- दूधकोशीसम्म र पश्चिममाः- बुढीगण्डकीसम्मको भू-भागहरूसहितको तामाङसालीङ स्वायत्त राज्य स्थापना गर्ने तामाङसालीङवासीहरूको ऐतिहासिक प्रतिबद्धतासहितको प्रस्ताव रहेको हुँदाहुँदै पनि संविधानसभाको राज्य पुनर्संरचनाको विषयगत बाँडफाँड समितिले २०६६ माघ ६ गते संविधान सभामा १४ प्रदेशको मस्यौदा पारित गरी संविधान सभामा बुझाएको मध्ये तामाङसालीङ प्रदेशमा जम्मा ६वटा जिल्लाहरूमात्र प्रस्तावित गरिएकोमा ती जिल्लाहरू क्रमशः काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, मकवानपुर र सिन्धुली रहेकोमा त्यस जिल्लाको भू-भागहरूको अवस्था पनि निम्नबमोजिम रहेका छन्:- काभ्रे जिल्लाको १२ वटा गाविस नेवाः प्रदेशमा, सिन्धुपाल्चोक जिल्लाको ५वटा गाविस, शेर्पा प्रदेशमा, नुवाकोट जिल्लाको ६वटा गाविस नारायणी प्रदेशमा, मकवानपुर जिल्लाको ४वटा गाविस नारायणी प्रदेशमा र सिन्धुली जिल्लाको ३९वटा गाविस सुनकोशी प्रदेशमा गभाइएका छन् भने रसुवा जिल्लाको मात्र पूरै गाविसहरू तामाङसालीङ प्रदेशमा प्रस्तावित छन् । संविधान सभाको राज्यपुनर्संरचना विषयगत समितिले गरेको अर्को गल्ती तामाङसालीङको ऐतिहासिक नामलाई पनि 'ताम्सालिङ' नामकरण गरी बुझाएको उक्त मस्यौदामा इतिहासकालदेखि बसोबास रहेको बहुसङ्ख्यक तामाङ जातिको भू-भागहरू ' दोलखा, रामेछाप, धादिङ र चितवन, यी ४वटा जिल्लाको पूरै भू-भागहरूलाई क्रमशः सुनकोशी, नारायणी, नेवाः र शेर्पा प्रदेशमा प्रस्ताव गरेकोमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध तामाङसालीङ स्वायत्त राज्य परिषद्द्वारा सम्बन्धित निकायलाई गम्भीररूपमा ध्यानाकर्षण गराइसकिएको छ ।

**(ङ) तामाङसालीङ स्वायत्त राज्यपरिषद्को आपत्ति :**

तामाङसालीङ भूमिको ऐतिहासिक नाम तामाङसालीङलाई 'ताम्सालिङ' नामकरण गरी र तामाङसालीङ स्वायत्त राज्यमा पर्नुपर्ने तामाङहरूको बहुसंख्यक बसोबास रहेका यी ४वटा जिल्लाहरू 'दोलखा, रामेछाप, धादिङ र चितवनलाई क्रमशः सुनकोशी, नारायणी नेवाः र शेर्पा प्रदेशमा गाभेकोमा गम्भीर आपत्ति र असहमति जनाइसकेका छौं । यसले समस्याको समाधान होइन झन् जटिल समस्या उत्पन्न गर्ने हाम्रो ठहर छ । तसर्थ, फेरि पनि सम्बन्धित निकायबाट उक्त नाम र जिल्लाहरूलाई तत्काल सच्याउन समेत आग्रह गरिसकेका छौं । त्यसरी कल्पनासमेत नगरिएको नारायणी र सुनकोशी प्रदेशको प्रस्ताव गरिनुले तामाङसालीङवासीहरूको तामाङसालीङ स्वयत्तता प्राप्तिको राजनीतिक जनआन्दोलनप्रति ठूलो षडयन्त्र

गरिदैँछ, भन्ने हाम्रो ठहर छ । कसैले माग नै नगरेको काल्पनिक प्रदेशहरूको रचना गरेर दानसरह दिनु कुनै हालतमा पनि जायज विषय हुन सक्दैन ।

**(च) तामाङसालीङ स्वायत्त राज्य विधिवत रूपमा स्थापना भएपछिको शासकीय संरचना :**

१. तामाङसालीङ स्वायत्त राज्यको शासकीय संरचनामा समानुपातिक प्रतिनिधित्व र विशेष अधिकारको व्यवस्था गर्दा जनसङ्ख्याको अनुपात पुग्ने समुदायका लागि पूर्णसमानुपातिक प्रतिनिधित्वका आधारमा र अन्य अल्पसङ्ख्यक समुदायलाई विशेष अधिकारको व्यवस्था गरेर राज्यको सबै निकायहरूमा प्रतिनिधित्व गराइने नीति निर्माण गरिनेछ ।

२. तामाङसालीङ स्वायत्त राज्यको शासकीय संरचनाअन्तर्गत सबै क्षेत्रका प्रत्येक समुदायबाट ५० प्रतिशत महिलाहरूको प्रतिनिधित्व हुने नीति अनिवार्य निर्माण गरिनेछ ।

३. तामाङसालीङ स्वायत्त राज्यभित्रका भूमिलगायत सम्पूर्ण प्राकृतिक स्रोत-साधनहरूमा तामाङसालीङवासी सबै जातजातिहरूको समान स्वामित्वको अधिकार रहनेछ ।

४. **विशेष स्वायत्त क्षेत्रहरू:** तामाङसालीङ स्वायत्त राज्यका सिमान्तकृत आदिवासीहरू सुनुवार, चेपाङ, थामी, दनुवार, शेर्पा, माझी आदिका लागि तामाङसालीङ राज्यभित्रको आ-आफ्नो थात्थलोमा विशेष स्वायत्त क्षेत्रको व्यवस्था गरिनेछ ।

५. तामाङसालीङ स्वायत्त राज्यमा बसोबास गर्ने सबै तामाङसालीङवासी जातजातिहरूको आ-आफ्नो जातीय पहिचानको इतिहास, संस्कृति, धर्मअनुसार प्रयोग गर्दै ल्याएका मानवहित हुने साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

६. तामाङसालीङ स्वायत्त राज्यको शासकीय संरचनालाई भावी संविधानले विधिवत रूपमा मान्यता दिइसकेपछि तामाङसालीङवासीहरू सबैको स्वास्थ्य सुलभ बनाउनका लागि स्वास्थ्य बिमाको नीति अवलम्बन गरी बालबालिका तथा वृद्धा-वृद्धहरूलाई निःशुल्क स्वायस्थ्य उपचारको व्यवस्था सुरु गरिनेछ ।

७. **जात परिवर्तन गरेका कतिपय तामाङहरूको सम्बन्धमा :** विगत २५० वर्षदेखि सिङ्गो तामाङ जातिमाथि एकात्मक राज्यसत्ताबाट हुन गएको विभेदको कारणले स्वदेश तथा विदेशमा सबै तहका सरकारी सेवाअन्तर्गत जागिर खान बन्देज गरिएको कारणले आफ्नो जात परिवर्तन गरेर गुरुङ, घले, राणा, थापा, मगर, बस्नेत, भण्डारी आदि जात लेखाएर जागिर खाएका कतिपय तामाङहरूलाई तामाङ्सालीङ स्वायत्त राज्य विधिवत रूपमा स्थापना गरिसकेपछि वंशजको आधारमा उनीहरूलाई तामाङ जातिकै नाममा नागरिकता दिइने व्यवस्था गरिनेछ ।

८. **पिपा गोश्वाराको तामाङ सैनिक बटालियनमा रूपान्तर सम्बन्धमा:** तामाङ जातिको बाहुल्य रहेको हालको पिपा गोश्वारा त्यस जातिमाथि इतिहासमा भएको अन्यायको कलङ्कको रूपमा रहेको छ । त्यसको विरोधमा विगत २ दशकदेखि नै तामाङहरूले आवाज उठाउदै आएका छन् । त्यसको सम्मानजनक निराकरणका लागि पिपा गोश्वारालाई तामाङसालीङ स्वायत्त राज्य स्थापना भइसकेपछि तामाङ सैनिक बटालियनमा रूपान्तर गर्नुपर्दछ ।

९. **सहअस्तित्ववाद, संघीय सामुदायिक समाजवाद, तामाङसालीङ राष्ट्रवादबारे:** हामीले पुँजीवाद र साम्यवादका बारेमा धेरै सुनेका छौं र धेरै पूँजीवादी र साम्यवादी मुलुकहरूको अवस्था पनि देखेका छौं । तर, जुनसुकै वाद भएपनि यहाँका विविध जातजातिहरूलाई व्यवस्थापन गर्न सकिएन भने नेपालको प्रगति, स्थायी शान्ति र अमनचयन सधैंका लागि सम्भव छैन । त्यसैले, अब संघीय सहअस्तित्ववाद र संघीय समुदायिक समाजवादको मार्गदर्शनमाथि बहस सुरु हुनुपर्छ ।

**छ. जातीय मुक्ति आन्दोलमा वलिदान:**

१. लिम्बुवान, खम्बुवान, तामाङसालीङ र थरुहटको १८ दिने आन्दोलनको बलमा २०६४ साल फागुन १८ गते तामाङसालीङ स्वायत्त राज्य दिने शर्तमा सरकारसँग ५बुँदे सहमति भएपछि यो राज्यपरिषद् संविधानसभाको चुनावमा सक्रिय सहभागी भई संघीय लोकतान्त्रिक गणतन्त्र र धर्मरिपेक्ष राष्ट्र स्थापना गर्नको लागि ऐतिहासिक भूमिका निर्वाह गऱ्यो ।

२. लिम्बुवान आन्दोलनको क्रममा एकात्मक सरकारले गोली हानी २०६४ असोज २० गते लिम्बुवानको एल्भी राजकुमार आङ्देम्बे 'माङ्तोक्'को हत्या गरियो । र, मञ्चसम्बद्ध तामाङसालीङ स्वायत्त राज्यपरिषद्ले सँगै आव्हान गरेको आन्दोलानको क्रममा एकात्मक राज्यसत्ता र संघीय विरोधीहरूले आक्रमण गरी राजेश तामाङ मोक्तानको ३ वटा दाँत झारी धेरै नेता कार्यकर्ताहरूलाई गम्भीर घाइते बनाएको छ । त्यसैगरी खम्बुवान स्वायत्त राज्यपरिषद्ले पनि आव्हान गरेको आन्दोलनको क्रममा धेरै नेता कार्यकर्ताहरू घाइते भएका छन् । २०६५ साल चैत्र ६ गते सरकारको क्रूर दमनले संघीय विद्यार्थीहरूद्वारा आव्हान गरिएको आन्दोलनको क्रममा लिम्बुवानमा मनिल तामाङको हत्या भएको छ । आन्दोलनकै क्रममा लिम्बुवानको योद्धा दुर्गा वनेमको आँखा फुटेको छ, विष्णु र कुसुम धिमाललाई गोली लागी दर्जनौं योद्धाहरू घाइते भएका छन् ।

३. थरुहट स्वायत्त राज्यपरिषद्ले २०६५ साल फागुनमा नेपाल सरकारले अध्यादेशद्वारा ल्याएको मधेसी सूचीकरण र समावेशीको विरोधमा आह्वान गरेको शान्तिपूर्ण सशक्त आन्दोलनको क्रममा: कमल चौधरी, विपिन क्षेत्री, प्रकाश चौधरी र रामप्रसाद चौधरी ४ जनालाई पुलिसले गोली हानी हत्या गऱ्यो ।

**(ज) भावी संविधानले स्वायत्त राज्यहरूको विधिवतरूपमा घोषणा गरेपछि :**

१. एकात्मक राज्यसत्ता र संघीयविरोधीहरूको क्रूर दमनको बावजूत पनि मञ्चसम्वद्ध राज्यपरिषद्हरूले धैर्यता र साहसका साथ स्वायत्त राज्यहरू प्राप्तिका लागि शान्तिपूर्ण र प्रतिवद्धताका साथ क्रमवद्ध आन्दोलनहरूलाई अघि बढाइरहेका छन् ।

२. **दुईवटा संविधान** : स्विट्जरल्याण्डजस्तै संघ (केन्द्र) र तामाङसालीङ स्वायत्त नेपाललाई संचालन गर्ने आ-आफ्नै संविधान बनाउने अधिकार दिइनुपर्दछ।

३. **मुख्यमन्त्रीको व्यवस्था** : तामाङसालीङ राज्यको मुख्यमन्त्रीको व्यवस्थाका लागि पुरुष वा महिला जो भएपनि मध्यममार्गीय बाटो अवलम्बन गरिनेछ। जसअनुसार तामाङसालीङ स्वायत्त राज्यमा बसोवास गर्ने आदिवासीहरू तथा गैरआदिवासी क्षेत्री-बाहुन सबैको पालो आउने व्यवस्था गरिनेछ । यो रोटेशन हजारौं वर्षसम्म चलिरहोस् । यसैले, सम्पूर्ण तामाङसालीङवासीहरूमा "मेरो पनि तामाङसालीङ राज्य हो" भन्ने भावना सृजना हुन्छ । र, गौतमबुद्धको मध्यमार्गीय नियमअनुसार मात्र २१औं शताब्दीको चेतलशील जातजातिहरूको तामाङसालीङ स्वायत्त भूमिमा समान पहिचानका साथ प्रतिनिधित्व हुनेछ । अनिमात्र, तामाङसालीङ भूमिमा चिरस्थायी रूपमा शान्ति, अमनचयन र तामाङसालीङ स्वायत्त राज्यको गतिशील रूपमा प्रगति हुँदै अघि बढिरहनेछ ।

४. **अदालतः** तामाङसालीङ स्वायत्त राज्यको आफ्नै अदालत हुनेछ । संवैधानिक विवादबाहेक अन्य विषयमा सर्वोच्च अदालतले तामाङसालीङ अदालतको निर्णय बदल्न पाउने छैन ।

५. **भाषा** : तामाङसालीङ स्वायत्त राज्यमा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।

६. **झण्डा** : तामाङसालीङ राज्यको विशेष स्वायत्त क्षेत्रहरूमा तीन प्रकारको झण्डा हुनेछ । पहिलो संघ (केन्द्र)को, दोस्रो तामाङसालीङ राज्यको, तेस्रो सम्बद्ध विशेष स्वायत्त क्षेत्र वा जातिको ।

७. तामाङसालीङ स्वायत्त राज्यमा सबै जातजातिहरूको हित हुने गरी आई.एल.ओ. १६९ अनिवार्य लागू गरिनेछ ।

८. आदिवासीहरूमाथि आजसम्म भएको अत्याचारको लागि राज्यले क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

**(झ) संघीय राज्यको प्रस्तावित स्वरूप :**

१. **राष्ट्रपति/राष्ट्रध्यक्ष मण्डलः** अब नेपालमा एकजनामात्र राष्ट्रपति होइन पाँच सदस्यीय राष्ट्रपति मण्डलको व्यवस्था गर्नुपर्दछ । र, प्रत्येक सदस्यले एक-एकवर्ष राष्ट्रपतिको कार्यभार सम्हाल्नु पर्नेछ, उपराष्ट्रपतिको व्यवस्था गरिनेछैन ।

२. **राष्ट्रपति मण्डलः** क्षेत्री, बाहुन, खसबाट १ जना, महिलाबाट १ जना, दलितहरूबाट १ जना, आदिवासी, जनजातिहरूबाट १ जना र तराईवासी, मधेशी, मुस्लिम समुदायहरूबाट १ जना । यी पाँच समूहबाट १/१ जना समेटिँदा लगभग नेपाल समेटिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपति सेरेमोनियल र प्रधानमन्त्री कार्यकारिणी अधिकारसहितको हुनेछ ।

३. प्रधानमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित र कार्यकारिणी अधिकारसम्पन्न हुनुपर्दछ ।

४. **केन्द्र र राज्यको अधिकार** : राष्ट्रिय सुरक्षाका सेना, परराष्ट्र र मुद्रा केन्द्रलाई बाँकी सम्पूर्ण अधिकारहरू स्वायत्त राज्यहरूलाई प्रदान गरिनेछ । अवशिष्ट अधिकार स्वायत्त राज्यहरूमा नै हुनेछ ।

५. **चुनाव प्रणालीः** संघीय संसदका लागि जातीय समानुपातिक चुनावप्रणाली र स्वायत्त राज्य संसदका लागि मिश्रित समानुपातिक चुनावप्रणाली अपनाइनेछ।

६. **अदालतः** सर्वोच्च अदालतको नाम 'संघीय संवैधानिक अदालत' राखिनेछ । यसले संविधानसम्बन्धी मुद्दाहरूमात्र हेर्नेछ, अन्य प्रकारको मुद्दाहरूमा स्वायत्त राज्यको उच्च अदालतहरूले नै अन्तिम फैसला हुनेछ ।

७. **भाषा, धर्मः** संघीय गणतान्त्रिक नेपालले बहुभाषिक नीति अवलम्बन गर्नुपर्दछ र नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ ।

**(ञ) तामाङसालीङ स्वायत्त राज्यपरिषद्को नाराहरू :**

१. तामाङसालीङ भूमिलाई कसैले पनि टुक्र्याउन पाइँदैन ।
२. काल्पनिक सुनकोशी र नारायणी प्रदेश तामाङसालीङवासीहरूलाई चाहिँदैन ।
३. तामाङसालीङ भूमिलाई टुक्र्याउने षडयन्त्र तुरुन्त बन्द गर ।
४. १०वटै जिल्लाहरू सहितको तामाङसालीङ प्राप्ति, रक्षा र समृद्धिको लागि तामाङसालीङवासी एक हौं ।
५. २५ वटै राजतीतिक दलहरूसहितको राष्ट्रिय सहमतिको सरकार तुरुन्त निर्माण गर ।
६. आदिवासी, दलित, उत्पीडित जातजातिहरूको आधारभूत राष्ट्रिय समस्यको समाधान गर ।
७. एकात्मकवादको सबै खाले सामन्ती संरचनाको अन्त्य हुने नयाँ संविधान चाँडो निर्माण गर ।
८. विगत २५० वर्षदेखिको सबैखाले आन्तरिक उपनिवेशवादको चाँडो अन्त्य गर ।
९. सबै जातजातिहरूबीचमा पहिचान हुने गौरवशाली राष्ट्रिय स्वाधिनताको स्थापना गर ।
१०. आदिवासी, दलित, उत्पीडित जातजातिहरूमा गरिएको सबैखाले भेदभावको अन्त्य गर ।
११. षडयन्त्रकारी समावेशी शब्द तुरुन्त खारेज गर ।
१२. राज्यको हरेक निकायहरूमा पूर्णसमानुपातिक निर्वाचन प्रणाली तुरुन्त लागू गर ।
१३. धर्मनिरपेक्षताको घोषणालाई सबै धर्महरूबीचमा समानरूपले कार्यान्वयन गर ।
१४. तामाङसालीङ राज्य दिने सरकारबीचमा भएको ५ बुँदे सम्झौता तुरुन्त कार्यान्वयन गर ।
१५. अनड्रिप र आई.एल.ओ १६९ लाई तुरुन्तै कार्यान्वयन गर ।
१६. संघीय सहअस्तित्ववाद र संघीय सामुदायिक समाजवादको मार्गदर्शन तुरुन्त लागू गर ।

E-mail: khyungba@gmail.com

**(यो सामग्री 'तामाङसालीङ स्वायत्त राज्य स्थापनाको ऐतिहासिक पृष्ठभूमि र नयाा संविधान नबनेसम्म तामाङसालीङ स्वायत्त राज्यपरिषद्को आह्वानमा गरिने शान्तिपूर्ण कार्यक्रमसहितको जनजागरण अभियानको आगामी कार्यदिशा' भन्ने दस्तावेजको सम्पादित रुप हो । - सम्पादक)**

# कमाण्डरकी जीवनसाथी

♦ लाहाङ चेम्जोङ



एक्दमै डराइरहेको थियो, ऊ । सायद, म मर्दैछु, मलाई मार्दैछन्, सोच्यो होला । अत्तालिएको स्पष्ट देखिन्थ्यो । उसको अनुहारमा पश्चातापको ग्लानी पनि देखिन्थ्यो । भित्ताको कुनामा अडेर लागेर यताउत्ति हेर्‍यो । कोही आयो भने सशङ्कित हुन्थ्यो । झ्यालबाट बाहिर नियालेर सायद कल्पना गर्‍यो- भाग्नसके हुन्थ्यो । किनकि, बाहिर हेरिरहन्थ्यो-ऊ । त्यतिनै बेला अर्को कोठाबाट एजना युवा आएर भन्यो "लेऊ यो बिस्कुट र तातो पानी खाऊ ।" कताकता सहानुभूति प्राप्त गरेको महसुस भयो उसलाई । खुब भोकाएको थियो-ऊ । सुरुप्-सुरुप् पानी र बिस्कुट खान थाल्यो । मर्छुहोलाको ठाउँमा बाँच्छु होलाजस्तो महसुस गर्नथाल्यो । मार्छन् होला होइन, बचाउँछन् होला भन्ने आसा पलाउन थालेको थियो-उसमा । तातो पानीको अन्तिम घुट्को पिएर गिलास राख्यो, सामुन्नेमा देखियो लगभग चालीस वर्षको मान्छे, आर्मीलेजस्तो ड्रेस लगाएको, लामो सिरुपाते खुकुरी कम्मरमा भिरेको मान्छे । ऊ थियो- माङ्तोक कमाण्डको प्रमुख कमाण्डर खाम्सा । कुर्सी तानेर उसको अगाडि बस्यो, खाम्सा ।

"केहो तिम्रो नाम ?"

"जीवन" डराएर बोल्यो ऊ ।

"तिमीलाई पिटे ?" पिटेन भन्न टाउको हल्लायो ।

"तेसोभए किन डराउँछौ ?" डराउँदिन भन्न अलिकति टाउको उठायो ।

धम्कीको भाषामा खाम्साले भन्यो- "तर अन्तचाहिँ पिटाई मात्र, के के हुन्छ, यदि झूटो बोल्यो भने ।"

ऊ सबैभन्दा डरायो । झूटो बोल्दिन भन्ने स्वीकारोक्ति जनायो ।

"कति जना थियौं ?"

"आठ जना ।"

"यी रुखका मुढा गोलियाहरू कसलाई बेच्छौं ?"

"बमबहादुर भन्ने तलबाट आउँछ, केटाहरू लिएर । एउटा गोलियाको हजार दिएर लैजान्छ । उसले पनि इण्डियाबाट आउनेलाई बेचिदिन्छ रे ।"

"तिमीले मात्र कतिवटा रुख ढाल्यौं ?"

"अहिलेसम्म लगभग चारसय जति ।"

खाम्साले अड्कल गर्‍यो, रतुवामाई जङ्गलबाट मात्र दशौं हजार सालका रुखहरू ढालिए ।

"कतिमा पढ्छौ ?"

"पढ्न अहिले छोडीसकें ।"

"गोलिया बेचेर कमाएको पैसा के गर्छौ ?

" रक्सि र मासु किनेर प्रायः जसो पाटी खान्छौं ।"

"ड्रग्स ?"

"अरुले खान्छन् ।"

"तिम्रो व्यक्तिगत मज्जाको लागि रातारात त्यहाँको जङ्गल सिध्यायौं, होइन ?"

यी गोलियाहरू रातारात इण्डिया पुगेर इण्डिया दिनानुदिन धनी हुँदैछ । त्यहाँका जनताहरूले हाम्रा रुखहरू प्रयोग गरेर राम्रा राम्रा घरहरू बनाइरहेका छन् । हामीलाई यो कुरा मन पर्दैन । यी हाम्रो रुखहरूबाट हाम्रै देशका गरिबदुखीहरूको घरहरू बनाउनुपर्छ । भोलि हाम्रो आफ्नै राज्य भएपछि यी सालका चिरानहरू प्रयोग गरेर रेल गाडीको लिगहरू ब्नाउनुपर्छ । तर, तिमीहरू भने अहिले नै ती सबै सिध्याइदिने ?"

खाम्साको कुरा सुनेपछि उसलाई कहिल्यै नबुझेको कुरा बुझेजस्तो लाग्यो । रात छिपिसकेको थियो । खाम्साले एउटा ओढ्ने सिरक ल्याउन लगाएर उसलाई दियो र भन्यो-

"ल सुत, भोलि कुरा गर्ने । दायाँबायाँ गर्ने होइन नि ।"

उसले पनि सोच्यो, यति राम्रो व्यवहार गर्नेहरूसँग डराएर भाग्दिन ।

बिहान सबेरै खाम्सा उठेर कमाण्डका युवाहरूलाई उठाएर दैनिक कसरत गर्न पठाएपछि डायरी पल्टाएर हेऱ्यो। आज बाटो खन्ने दिन रै'छ धरमपुरमा। उसले सम्झ्यो त्यहाँका स्थानीय नेता हर्के लिम्बूलाई। उसले भनेको धरमपुर राजमार्गसँग जोडिएको गाउँ तर विकासको दृष्टिले धेरै अविकसित छ। बिजुली-बत्ती राम्ररी पुगेको छैन। बाटो उहिले भ्रोडमा खनेको, फेरि मर्मत गरेको छैन । हर्क लिम्बूले यसरी भनेको थियो- "लिम्बूहरू बसेको ठाउँमा विकास नहुने पो हो कि ?" त्यसको जवाफमा खाम्साले हाँस्दै भनेको थियो- "त्यसो त होइन होला।" आजको बाटो खन्ने योजनाको लागि पाँचसय युवाहरू लिएर जानुपर्ने अनुरोध गरे पनि दुई अढाईसय जति युवाहरू चाहिँ लगेर धरमपुर जान सकिएला भन्दै खाम्साले योजना बनाउँदै थियो । बाहिर कमाण्डमा युवाहरू जुत्ता बजार्दै कवाजबाट आइपुगे । एकछिनपछि ठूलो आवाजमा एकै स्वरमा युवाहरू कराए-".....लिम्बुवान माटोको निम्ति प्रतिवद्ध छौं......लिम्बुवान राज्य प्राप्तिको शान्तिपूर्ण आन्दोलनमा मर्नै पनि तयार छौं.......जय लिम्बुवान !"

आजभन्दा दुई वर्षअघि एल्.भी. गठन गर्न र त्यसपछि प्रशिक्षण दिन भनेर खाम्सा धरमपुरमा दुईपटक पुगेको थियो। त्यसपछि यहाँका स्थानीय नेताहरूसँग कमाण्डरको कार्यालयमा भेटघाट मात्रै हुनेगऱ्यो, खाम्साको । लिम्बुवानबाट पश्चिम थरुहटसम्म फैलिएको मुख्य हाइवेलाई छोएर उत्तर-दक्षिण परेर अवस्थित् छ, धरमपुर । यहाँको बाटो हर्क लिम्बूले भनेजस्तै पूरै दूर्गम ठाउँको जस्तो रै'छ। बाटो, बाटोजस्तो यस मानेमा रैन'छ, बाटोको दुई किनारमा विरुवाहरू भ्राङ्गिएका, बाटो धेरै ठाउँमा घुमेको र थुप्रै ठाउँमा पाइपहरूको खाँचो, तर टार्न नसएिको रहेछ। बस्ती बाक्लो छ, मध्यम र गरिब परिवारहरू धेरै सङ्ख्यामा बसोबास गर्छन् । सम्पत्ति कमानउनेहरू शहरतिर जानेगर्ने गरेकाले भ्रोडको अनुहारमा कुनै परिवर्तन आउन नसकेको रहेछ, धरमपुरमा। जमिन अलिकति डाडाँ परेको छ र जति नै पानी पर्दा, वर्षा हुँदा पनि पानी नजम्ने हुनाले डाँडागाउँ पनि भन्दा रै'छन् । त्यो गाउँमा सार्वजनिक सम्पत्ति भनेकै एउटा पोखरी रहेछ। त्यो पनि मिचिएर र पुरिएर पोखरीको आकार सानो भइसेकेको रहेछ । त्यही पोखरीको पानीबाट करिब दुईसय घरले खेती गर्दारहेछन् । खाम्साले दुईसय जना युवाहरूको दस्ता लगेर धरमपुर पुग्दा त्यहाँका स्थानीय मान्छेहरू दुईसयको हाराहारीमा भेला भएका रहेछन्- हर्क लिम्बू र नेत्र कार्कीको नेतृत्वमा खाम्साको टोली पुगेपछि ती गाउँले मान्छेहरू अत्यधिक खुशी भए । ताली बजाएर स्वागत गरे । समाजसेवी नेत्र कार्की डिलमाथि उक्लिएर भाषणको शैलीमा बोल्नथाल्यो र बोल्नलाई खाम्सासँग अनुरोध गऱ्यो । र, खाम्साले यसरी विचार राख्यो-"....हामी भोलेण्टियर्स लिम्बुवानको नौ जिल्लामा यसैगरी परिचालित छौं । जनताका निम्ति विकासका कार्य गर्ने हामी कहिले पनि थाक्नेछैनौं । हामीले आज धरमपुरमा यहाँका जनताहरूसँग यहाँकै लागि बाटो खन्न पाउँदा खुशी लागेको छ। हरेक गाउँ, हरेक बस्ती, हरेक खोँचहरूका विकासको कार्य पुऱ्याउन सके, समग्र लिम्बुवान सम्मृद्धशाली बन्नेमा हामीलाई विश्वास छ । हामी अनवरत् कटिवद्ध छौं.....जय लिम्बुवान ।"

सबैले ताली बजाए । बाटो खन्न, मर्मत गर्न सुरुभयो । पुसको महिना भएकोले धुलो निक्कै उड्नथाल्यो र बाटो छेउका विरुवाहरू, विरुवाका हाँगाहरू काट्न थाले । बाटो नाप्नेहरू नाप्दै थिए, खन्नेहरू खन्दैथिए, कोही गीत गाउँदै खन्ने, कोही गफ गर्दै खन्ने, कोही गाउँले चेलीहरू तिर्खाएकाहरूलाई पानी पिलाउन व्यस्त थिए। खाम्सा, हर्क लिम्बू र नेत्र कार्की पोखरी सर्वे गर्नगए । पोखरीको पानी बाह्रै महिना नसुक्ने बुझेपछि खाम्साले एउटा सपना बुन्यो, पोखरीको सेरफेरोमा । "पोखरीलाई गरिराएर २-४ वटा डुङ्गा चलाउने- त्यो खासगरी सानो बच्चाहरूको लागि रमाइलो गर्ने स्रोत बन्नसक्छ । पोखरीको वरिपरि विरुवा रोपेर तारबार गर्ने, बस्ने फलैँचाहरू निर्माण गर्ने, सानो र थोरै खर्चमा पर्यटकीय क्षेत्र बनाउन सकिन्छ।" हर्क लिम्बू र नेत्र कार्कीलाई खाम्साको उत्तम लागेको बताए। उनीहरूले छलफल गरेर तुरुन्त कार्यक्रम बनाउने छलफल पनि गरे । त्यो दिन पाँच बजेतिर खाम्साले धरमपुरबाट आफ्नो टोली चारवटा बसमार्फत् फर्काए ।

खाम्साले आफूले नेतृत्व गरिरहेको माङ्तोक कमाण्डको कार्यालयमा आइपुग्दा बाहिरपट्टिको कुर्सीमा गाउँले अन्नेली काका उसैको पर्खाइमा बसिरहेको रहेछ । साँझ भइसकेको थियो । खाम्साले नमस्कार गरी अन्नेली काकालाई भित्र आफ्नो कोठामा लिएर गयो । खबर आदान-प्रदान गरे । खाम्सा नौ महिनादेखि घर गएको थिएन । आफ्नो सत्तरी वर्षे बोजूले लिम्बुवान राज्य प्राप्त गर्न खाम्सालाई आशीर्वाद दिएको उसले झल्झली सम्झ्यो । गाउँको खबर सुन्दै जाँदा नौ महिनाअघि घर छोड्दा आफ्नी श्रीमति साइँलीले रुँदै भनेकी शब्दहरू एकाएक मानसपटलमा घुम्यो- " लिम्बुवान माटोको लागि रणमैदानमा मैले आफ्नो मुटु श्रीमानलाई श्वास थामेर पठाउँदैछु ।" अन्नेली काकाले साइँलीले पठाएकी भुटेको भटमास र अमिलो गुन्द्रुक एक पोका निकालेर हातमा थमाई दियो। र भन्यो- " खाम्सा ! बुहारीले नभन्नु भनेकी थिई, भन्नेपर्छजस्तो लागेको छ।"

खाम्सा झस्कियो- "काका, भन्नुस् न। कुरा नलुकाई भन्नुस् ।"

साइँलीले ती महिनादेखि सप्तमीबाट लामा गाउँको सभापति बुढोको पसलमा चामल बोक्ने काम गर्दैथिई । एक बोराको असी रुपैयाँ लिन्थिन् । बिहान खाना खाई, छोरा सेन्लपलाई स्कुल पठाएर सप्तमी जान्थी र

बेलुकीपख फर्किन्थी । हप्तादिन भयो, खुट्टा सर्किएछ, निकै ठूलो सुन्निएको छ ।''

खाम्सा निक्कै भावुक देखियो । सोध्यो काकासँग- ''काका, भाँचिएको त होइन ?''

''होइन होला भन्थी ।''

''साइँली समस्याहरू आफैले सामना गरौं भन्छे ।''

''आन्दोलन सफल पार्ने मेरो नेतृत्वमा कुनै समस्या नआओस्- ऊ चाहन्छे ।''

खाम्सा निरन्तर बोलिरह्यो- ''उनको यो प्रकृति बेठीक लाग्छ, फेरि सही पनि लाग्छ।

काका जब म लिम्बुवानको आन्दोलनमा होमिएँ, तब पो थाहा भो, हाम्रो लिम्बुवान त मरिसकेको रहेछ ।

क्षतविक्षत्, थाङ्थिलो अवस्थामा पाएँ । अब, लिम्बुवानको यो दुःखद् अवस्थालाई यही भुलेर कसरी फिर्ता होऊँ ? साइँलीको समस्या अनि मेरो घरको समस्या एउटा समस्या हो । यस्ता हजारौं समस्याहरू रै'छन्- लिम्बुवानमा । समग्र समस्याहरूको समाधान गर्न मजस्ता हजारौं युवाहरू खाई-नखाई, सुती-नसुती लागिरहेका छन् ।''

यति नै बेला एकजना भोलेण्टियर्स खाम्साको नजिक आइपुग्यो र अन्नेली काकालाई दुईहात जोडेर 'जय लिम्बुवान' भन्यो । कमाण्डका युवाहरू कमाण्डभित्र पाहुनाका रुपमा आएका सबैसँग अपरिचित भएपनि यसैगरी सम्बोधन गर्नेगर्दथे । त्यो युवा खाम्सातिर फेर्केर बोल्यो- ''चुम्मे, आज खाना बानाउने पालो मेरो टोलीको हो ।''

''कमाण्डका कतिजना छौं ?''

''अठार जना ।''

''उन्नाइस जनाको बनाउनू । अनि, यो गुन्द्रुक गाउँदेखि आएको रै'छ । यसलाई मजाले झोल बनाउने । बनाउन आउँदैन भने म बनाउँछु ।''

''हुन्छ'' भनेर हिँड्यो, ऊ ।

अन्नेली काकाले भित्ताको बिजुलीतिर नियाल्दै भन्यो- ''खाम्सा, यस्तो बत्ति हाम्रोतिर कहिले पुग्ला ?''

''काका, लिम्बुवानको नब्बे प्रतिशत भाग हाम्रो गाउँजस्तै अँधेरो छ । बाटो-घाटो छैन । पुल-पुलेसा छैन । चिल्लो बाटो, ठूलठूला घर र बिजुली बत्तीहरू त राजधानी र शहर बजारमा मात्रै केन्द्रित रै'छ । हाम्रो पैसाले अरु सुविधा सम्पन्नभएका छन् । हाम्रो गाउँतिर सलल बग्ने नदीबाट यस्तो बिजुली उत्पादन गरेर उनीहरू आनन्दमा बस्दारै'छन् । यो ठीक हो त, काका ?''

काकाले ठीक नभएको भन्न टाउको हल्लायो ।

''काका, लिम्बुवानको नौं जिल्लाको चारसयवटा गाविसहरू मैले घुमेको छु । हाम्रो मान्छेहरू आफ्नो मातृभाषा बोल्न छोडे । एक महिनाअघि चारखलमा धान नाच्नुपर्ने भयो । हात समाएर आँगनमा घुमियो तर पालाम भन्न कसैले सकेनन् । चोयाका सामान चलाउन छाडे । रबर र प्लाष्टिकका सामानहरू गाउँगाउँमा पुगेका छन् । बाँसबाट बुनेका विभिन्न सामग्रीहरू गाउँ-शहरमा चलाउन सकेको भए तपाइँ-हामीले जानेको सीप र कला-कौसलको बिक्री हुनेथियो.......।''

काकाले खाम्साको कुरा निक्कै ध्यान दिएर सुनिरह्यो । केही छिनपछि काका र खाम्साले खाना खाइवरी सुत्न कोठामा पसे र खाम्साले चारैतिरको कमाण्डमा फोनमार्फत् जानकारी लियो । त्यसपछि, उसले आफ्नो सम्बन्धित् नेतालाई फोनमार्फत् रिपोर्ट गर्‍यो ।

काकासँग कुरा पुनः सुरुभयो । प्रसङ्गवस खाम्साले पनि साँइलीलाई नसुनाउने सर्तमा सात महिनाअघि झापाको बुधबारेमा गोली लागेको घटना सुनायो । पेटको बायाँ छेउमा लागेको दाग देखाउँदै खाम्सा जोसियो- '' काका, लिम्बुवान विरोधीहरूका गोली खाँदै गोलीहरू छल्दै हामी, हाम्रो उद्देश्य प्राप्ति गर्न प्रतिवद्ध छौं ।'' अन्नेली काका गोलीको डाब हेरेर छक्कपर्‍यो । खोई के सम्झ्यो एकछिन निहुरेर काकाले, मुख फोर्‍यो- '' खाम्सा, हाम्रो छोरा-भतिजहरू हाम्रो राज्य प्राप्तिको लागि बन्दुकको गोलीसँग लडिरहेका रै'छन् । ज्यानको बाजी थापेर खाई-नखाई युद्धमा रै'छन् । अब म पनि गाउँमा पुगेर यो आन्दोलको नेतृत्व म बुढोले गर्छु ।''

काकाको बुढो तर जोसिलो प्रतिवद्धताले खाम्सा हर्षविभोर भयो र जुरुक्क उठेर खुट्टा बजार्दै काकालाई सलाम् गर्‍यो । निकै रातसम्म यी दुई योद्धाहरू आन्दोलन र भोलिको रणनीतिको विषयमा कुरा गरे र सुत्ने सहमति गरे । करिव आधा घण्टामा खाम्साको मोबाइल फोनमा रिङ बज्यो । नयाँ नम्बरबाट फोन आएको थियो । उसले फोन उठाएर बोल्यो । .....खुब धम्क्यायो । नेता र आफ्नो सुरक्षा गर्न नसक्ने चेतावनी दियो । ...हुन त यस्ताखाले धम्कीहरू त खाम्सालगायत लिम्बुवान आन्दोलनमा समाहित भएका नेताहरूले बारम्बार सामना गर्दै आइरहेका थिए । यो धम्कीले खाम्सा आधाघण्टा बढी घोत्लियो । कमाण्डरको हैसियतले उसलाई ठूलो र गम्भीर जिम्मेवारीको महसुस भयो । आन्दोलनलाई थप सशक्त र सफल बनाउन सुरक्षाको बारेमा थुप्रै योजनाहरूको ब्रेनस्ट्रमिङ् गर्दै खाम्सा निदायो ।

भोलि बिहान सबेरै अन्नेली काका गाउँ फर्कनेवाला थियो । खाम्साले नौ महिनासम्म छुट्टिएर बस्नुपर्दाको अनुभूतिहरू आफ्नी श्रीमति साइँली, बोजु र छोरा सेन्लपलाई दुई शब्दमा एउटा चिठ्ठी तयार गरेर पठायो । अन्नेली काकाले पनि बढो उत्साहित मोडमा भन्यो- ''म यो चिठ्ठी पुग्ने बित्तिकै सम्मानका साथ कमाण्डरकी श्रीमति अर्थात् जीवनसाथीलाई दिन्छु । अन्नेली काका थुप्रै कुराहरू खेलाउँदै गाउँतिर लाग्यो । यता कमाण्डर खाम्सा थप प्रतिवद्धताका साथ योजनावद्ध आन्दोलनमा लागिरह्यो ।

E-mail: soaltee_5@yahoo.com

# घरेलु उद्योगमाथि राज्यको उत्पीडन



♦ सुरेन्द्र निङ्लेकू 'नोनाम्'

नेपाल भर्खरैमात्र कृषियुगबाट आधुनिक औद्योगिक विकासतर्फ अगाडि बढ्ने कोसिस गरिरहेको छ । जबसम्म राष्ट्रले आफ्नो मौलिक ढङ्गले औद्योगिक विकास गर्न सफल हुँदैन तबसम्म उक्त देशको आर्थिक विकास सम्भव हुँदैन । देशलाई आत्मनिर्भर बनाउन र जनताको आर्थिकअवस्था सुधार गर्न सबै खालका उद्योगहरूको विकास र विस्तार गर्न आवश्यक हुन्छ । यस लेखमा, नेपालमा विगत र वर्तमान अवस्थामा राज्यले घरेलु मदिरा उद्योगप्रति अपनाएको गलत नीतिप्रति चर्चागर्ने प्रयास गरिएको छ ।

नेपालको अर्थशास्त्रको पुस्तकमा मुलतः उद्योगलाई घेरेलु उद्योग, मझौला उद्योग र ठूला उद्योग गरी तीन भागमा बाँडेका पाइन्छ । यही मापदण्डअनुसार मदिरा उद्योगलाई पनि घरेलु, मझौला र ठूला मदिरा उद्योग भनी तीन भागमा बाँड्न सकिन्छ । नेपालको वर्तमान अवस्थामा यी तीनै प्रकारमा मदिरा उद्योगहरू अस्तित्वमा रही सञ्चालित छन् । यी तीन प्रकारमा उद्योगहरूमध्ये पनि घरेलु मदिरा उद्योग र घरेलु मदिरा उद्योग व्यवशायीहरूले सहनुपरेको उत्पीडन र शोषण अत्यन्त दर्दानक छ ।

स्थानीस्तरमा आफ्नै परम्परागत सीप र प्रविधिमा चलेका उद्योगहरू घरेलु उद्योग कहलाइन्छ र त्यसको लागि ठूलो लगानी र अत्याधुनिक मेशिन प्रयोग गर्नुनपर्ने साथै आफ्नै घर आँगनमै बसीबसी गर्न सकिने हुनाले यसलाई घरेलु उद्योग भनिएको हो ।

विगत चालीस-पचास वर्षभन्दा अगाडिको इतिहास पल्टाएर हेर्ने हो भने नेपालमा ठूला वा मझौला मदिरा उद्योग भएको पाइँदैन । राणाकालमा राणा शासकहरू र शाह राजपरिवारले विदेशी उद्योगमा बनेका महँगा रक्सीका बोतलहरू किनेर ल्याउने गरेको त्यतिबेलाका ऐतिहासिक पुस्तकहरूमा पढ्न पाइन्छ । २००७ सालपछि विस्तारै नेपालमा ठूलठूला मदिरा उत्पादन गर्ने डिस्ट्रिलरि उद्योग, वियर उद्योग आदि खुल्नथाले । विगत लामो समयसम्म राज्यसत्तामा बसेर प्रशस्त धन कमाएका राणाहरू, शाह वंशका नातेदारहरू तथा विदेशी बहुराष्ट्रिय कम्पनीहरूले खोलेका यी मदिरा उद्योगहरूले आफ्नो उत्पादन बजारमा ल्याउन थाले । उनीहरूले आफ्नो उत्पादनले एकलौटी बजार कब्जा गर्ने उद्देश्यले विभिन्न नीतिहरू लागूगर्न राज्यलाई दवाब दिनथाले । राज्यसँग उनीहरूले पत्यक्ष सम्बन्ध रहेकोले उनीहरूले आफ्नो नीतिहरू लागू गराउन सफल भए । घरेलु मदिरा व्यवशायलाई कसरी विस्थापित गर्नेभन्ने मुल रणनीति भएकोले त्यसको प्रत्यक्ष शिकार घरेलु मदिरा उद्योग बन्नपुग्यो । हुन त, सरल ढङ्गले हेर्दा ठूला मदिरा उद्योग खोल्नु र आफ्नो बजार विस्तार गर्नु नराम्रो कुरा होइन । बढ्दो बजारको मागलाई पूरागर्न तथा औद्योगिक विकास गरी अन्तर्राष्ट्रियस्तरमा आफ्नो उत्पादनलाई प्रतिस्पर्धी बनाउन ठूला उद्योगहरू महत्वपूर्ण भूमिका खेल्नसक्छ । यसलाई सकारात्मक कोणबाट हेर्न सकिन्छ । तर यो सिक्काको एउटा पाटो मात्र हो ।

अब सिक्काको अर्को पाटोतर्फ हेरौं । केही दशकअघिसम्म नेपालमा ठूला र आधुनिक मदिरा उद्योग नभएका कारण परम्परागत घरेलु उद्योगहरू नै त्यसबेला प्रमुख थिए । जब नेपालमा ठूला

**राज्यले घरेलु मदिरा व्यवसायप्रति गरेको उत्पीडनलाई विश्लेषण गर्दा मुलतः दुईवटा स्वार्थ रहेको पाइन्छ । एउटा, आर्थिक स्वार्थ र अर्को जातीय स्वार्थ । पहिलो, स्वार्थमा यदि घरेलु मदिरालाई प्रतिवन्ध लगाउन सके बजारमा एकलौटी आफ्नो उद्योगको मदिरा बेच्न पाइने भयो र त्यसबाट आर्जन हुने नाफाको एकलौटी हकदार हुन पाइयो । दोस्रो, कारण आदिवासी जनजातिहरूले परम्परादेखि नै मदिरा बनाउने मौलिक सीप र प्राविधिक ज्ञान प्राप्त गरेका छन् । यो उनीहरूको ठूलो सम्पत्ति हो । राज्यले यो मौलिक सीप र ज्ञानलाई नष्ट गर्न चाहन्छ । यी दुई मुख्य स्वार्थहरूले गर्दा राज्यले आदिवासी जनजातिहरूको सीप र ज्ञानमाथि शोषण र दमन वर्षौंवर्षदेखि निरन्तर गरिहरहेको छ, जसको क्षतिपूर्ति मुल्यमा हिसाब-किताब गर्न सम्भव छैन ।**

र आधुनिक मदिरा उद्योग स्थापना हुँदै गयो त्यसपछि उनीहरूले आफ्नो उत्पादनलाई एकलौटी रुपमा बजारमा बिक्री गर्ने घरेलु मदिरालाई विस्थापित गर्नुपर्ने भयो। जसको लागि उनीहरूले राज्यको सहारा र आड लिएर विभिन्न उत्पीडनको प्रपञ्च रचे। घरेलु प्रविधिबाट उत्पादन भएको मदिरा तुलनात्मक रुपमा सस्तो, शुद्ध र रासायनिक केमिकल प्रयोग नगरी तयार पारिएको हुँदा ग्राहकले घरेलु मदिरा बढी रुचाउनु र बजारमा यसको माग बढ्नु स्वभाविक हो। मुलतः घरेलु प्रविधिबाट परापूर्वकालदेखि नै नेपालका आदिवासी जनजातिहरूले मदिरा बनाउने बनाउने र यसको प्रयोग गर्ने गरेको पाइन्छ। आफ्नो घरायसी प्रयोजनको लागि मात्र नभएर यसको उत्पादन गरेर स्थानीय हाट, बजार, मेलामा बिक्री वितरण गर्ने प्रचलन अझसम्म चलिआएको छ। यो उनीहरूको मौलिक सीप र प्रविधि पनि हो। दुःखका साथ भन्नुपर्छ, विगत २४० वर्ष शाहकाल र वर्तमान अवस्थाका राज्य सञ्चालकहरू आदिवासी जनजातिहरूको यो सीप र प्रविधिलाई समाप्त पार्न चाहन्छन्। उनीहरूको नीतिले भन्छ- "घरेलु मदिरा अवैध मदिरा हो, यसलाई नष्ट गर्नुपर्छ।" उनीहरू के सोच्छन् भने "आदिवासी जनजातिहरू मदिरा बनाउने सीप र प्रविधिमा निपूर्ण छन्। त्यसैले, उनीहरूलाई अझ प्रेरणा र हौसला मिल्यो भने आफ्नो सीप र र प्रविधिलाई अझ विकास गर्न सक्नेछन्। जसको परिणाम्स्वरुप उनीहरूको स्तर माथि उठ्नेछ र वर्तमान मदिरा बजारमा आफूले हडपेको एकलौटी बजार जनजातिको हातमा जानेछ। यही कारणहरूले गर्दा राज्यसत्ताधारीहरू घरेलु मदिरा उद्योगमाथि बुट बजारिरहेका छन्।

यो पङ्क्तीकार स्वयम्ले कैयौंपल्ट आफ्नै आँखाले जीवनमा यस्ता घट्ना धेरैपल्ट देखेको छु। प्रहरीले घरेलु मदिरा बिक्री गर्ने महिला दिदी बहिनीहरूको पसल तोडफोड गरेको, बोतल र घ्याम्पाहरू फुटाइदिएको, उनीहरूमाथि कुटपिट र धरपकड गरेको इत्यादि। त्यतिमात्र होइन पत्र-पत्रिका तथा रेडियो टेलिभिजनमा पनि "अवैध मदिरा प्रहरीले नष्ट गऱ्यो" भनी त कहिले "मासियो रक्सी" भन्ने शीर्षकमा प्रहरी बलजफ्ती घरेलु मदिरालाई अवैध भनेर नष्ट गर्ने, सडकमा पोखाइदिने गरेको समाचार आइरहन्छन्। प्रहरीले धरपकड गरी हिरासतामा राख्ने र मोटो रकम घुस लिएर छोड्ने र घुस दिन नसक्नेहरू बिनाकारण हिरासतमा यातना भोग्न बाध्य हुन्छन्। यस्ता घट्नाहरू केही प्रतिनिधि उदाहरण मात्र हुन्। यस्ता विभिन्न नाममा राज्यले गर्ने शोषण र दमनमा परी आदिवासी जनजातिहरू विगतको तुलनामा अझ बढी गरिब बन्दैगएका छन् भने गैह्रआदिवासीहरू दिन दुईगुणा रात चौगुणा धनी बन्दैगएका छन्।



आदिवासी संज्ञानमा आधारित घरेलु मदिरा उत्पादन

**अब यहाँ केही सवालहरू जन्मिन्छन्-**

(क) घरेलु मदिरालाई कसरी अवैध मानियो ?

(ख) घरेलु मदिरा अवैध हो भनी निर्णय गर्न आदिवासी जनजातिहरूको स्वीकृति चाहिन्छ, केही उच्च जातवर्गका व्यापारीहरूले निर्णय गर्ने कुरो होइन।

(ग) ठूला उद्योगबाट उत्पादन भएका मदिराचाहिँ वैध हुने, खुल्लम खुल्ला बिक्री हुने तर घरेलु मदिराचाहिँ अवैध भन्दै दमन, शोषण गर्ने यो कस्तो नीति हो ?

(घ) सरकारले घरेलु सीप र प्रविधिको संरक्षण र विकास गरी त्यसको आधुनिकीकरण जोड दिनुपर्ने हो कि होइन ?

राज्यले घरेलु मदिरा व्यवसायप्रति गरेको उत्पीडनलाई विश्लेषण गर्दा मुलतः दुईवटा स्वार्थ रहेको पाइन्छ। एउटा, आर्थिक स्वार्थ र अर्को जातीय स्वार्थ। पहिलो, स्वार्थमा यदि घरेलु मदिरालाई प्रतिवन्ध लगाउन सके बजारमा एकलौटी आफ्नो उद्योगको मदिरा बेच्न पाइने भयो र त्यसबाट आर्जन हुने नाफाको एकलौटी हकदार हुन पाइयो। दोस्रो, कारण आदिवासी जनजातिहरूले परम्परादेखि नै मदिरा बनाउने मौलिक सीप र प्राविधिक ज्ञान प्राप्त गरेका छन्। यो उनीहरूको ठूलो सम्पत्ति हो। राज्यले यो मौलिक सीप र ज्ञानलाई नष्ट गर्न चाहन्छ। यी दुई मुख्य स्वार्थहरूले गर्दा राज्यले आदिवासी जनजातिहरूको सीप र ज्ञानमाथि शोषण र दमन वर्षौंवर्षदेखि निरन्तर गरिहरहेको छ, जसको क्षतिपूर्ति मुल्यमा हिसाब-किताब गर्न सम्भव छैन।

अन्त्यमा, मदिरा असल चिज हो वा खराब चिज हो भन्ने सवाल पनि आफ्नै ठाउँमा छ। जबसम्म यो संसारमा मदिराको अस्तित्व रहन्छ तबसम्म यसको असल र खराब पक्षबारे बहस चलिरहन्छ।



आदिवासी संज्ञानमा आधारित घरेलु ढाका कपडा उत्पादन

# निरङ्कुश आँधीहुरी कथा



♦ बलिराज खम्बू

हजारौं बर्षदेखि नै
संघीयताको कथा बाकेर
त्यो अरूण नदी बग्थ्यो रे छोरा
ढाकार चौतारोमाथि बिसाउँदै
कहानीको पोका खोलेर केलाउनु थाल्नु हुन्छ- मेरो बा
कोपाको कथालाई ।

यो क्षितिज अनि उ परऽऽऽपर
चारैतिर देखिने ठाउँसम्म
निलो आकासमा पूर्णिमाको मधुर मुस्कान
शीतमाथि तरेली खेल्थ्यो रे
त्यही दृश्य हेरेर
तँ म जस्तै लाखौं व्यक्तिहरू
पहिला-पहिला धेरै समय रमाइरहन्थ्यो रे
छोरा...

मैना रहर जस्तो बनाएर होइन
पहिला-पहिला हाम्रो आफ्नै
खुल्ला आकाश थियो रे !
स्वतन्त्र भूमी थियो रे !
त्यही आकासमुनि
यही भूमीमाथि स्वतन्त्र निशानीहरू फरफराउँथ्यो रे !
बिस्तारै हुस्सु र सिमसिमे झरीले
फरफराइरहेका निशानीहरू
हाम्रो आङ्को लुगाझैं पार्दै लग्यो रे
तेरो कोपालाई पनि धेरै पुस्ता अगाडिको कोपाले भनेको रे !

एकदिन-
यस्तो निरङ्कुश आँधीहुरी चल्यो रे
फरफराइरहेका हाम्रो निशानीहरू
च्यात्दै, उखेल्दै लान थाल्यो रे
संघीयताको सिमानाहरू मेटाउँदै लान थाल्यो रे
त्यही
निशानी अनि सिमानालाई
बचाउँने क्रम्मा
कोपालाई पनि
त्यो निर्दयी आँधीहुरीले छाडेन रे
निर्वस्त्र बनाउँदै
मेटिदैं गएको सिमानाको कथाझैं
कोपालाई नि बनाइदियो रे
छोरा...

नेपथ्यमा रहेको
बेमौसमी हुस्सु र झरीले
त्यो स्वतन्त्र निशानी, खुल्ला सिमाना र निर्वस्त्र तेरो कोपालाई
कब्जामा लिएर
निर्दयी आँधीहुरीको स्थापना गरेको रे
निरङ्कुश झण्डाको प्रत्यरोपण गरेको रे
स्वतन्त्रतालाई खुम्च्याउँदै
बिनासकारी मनहरूको भ्रुम छाडेको रे
छोरा-
त्यहीबाट सुरू भएको रे-
यहाँ निरङ्कुशताको बेनामी पात्रहरू
हाम्रो स्वतन्त्रतामाथिको अतिक्रमण
त्यहीबाट जलाउँन थालिएको रे
हाम्रो इतिहासको पन्नाहरू
गाउन प्रतिबन्द लगाइएको रे
हाम्रो मुन्धुम्/मुन्दुमी भाकाहरू
त्यहीबाट मेटाएको रे
हाम्रो साँद सिमानाको रेखाङ्कन

कोपाको कथादेशमा छौं बा र म
कथाको पात्र बनिसकेको म
फर्किएर हेर्छु –
आफैंले लगाएको लुगा पनि
यहीं कथाबीच
पत्तै नदिई
निरङ्कुश आँधीहुरीले
कपडा च्यात्न थालिसकेको रहेछ ।